In Public Domain. Digitization by eGangotri Funding: I

९८९

मर्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

blic Domain. Digitization by eGangotri.Fu

anskrit University, Balmeeki Campus, Ka

Public Domain. Digitization by eGangotri. Funding:

९४९

शास्त्रानुसन्धान परिषद्को
मुखपत्र

मर्यादा

[षाण्मासिक पत्रिका]

पूर्णाङ्क–१२

संपादक–मण्डल
श्री नयराज पन्त
श्री दामोदर कोइराला
श्री श्रीकृष्ण शर्मा आचार्य
श्री चेतोनाथ आचार्य
श्री मधुसूदन रिसाल 'प्रदीप'

"तस्माच् शास्त्रं प्रमाणं ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्मकर्तुमिहार्हसि ।।"
[भगवद्गीता, १६।२४]

(शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन !)
[कोमल अनुवाद]

प्रकाशन मितिः–२०३३ गुरुपूर्णिमा

प्रकाशकः–
वाल्मीकि क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

शास्त्रानुसन्धान परिषद्को मूल उद्देश्य

शास्त्रप्रतिपादित कल्याणकारी मार्गको प्रचार–प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वहरूको परिशीलन, शास्त्रमा उठेका संदेहहरूको निराकरण, सच्चरित्रता देशभक्ति राजभक्तिमा दृढ आस्था पैदागर्नु र अनुसन्धान परिशीलन अन्वेषण आदि कार्यको प्रबन्ध गर्नु ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Fundi

यस अंकको विषयवस्तु

रचना	रचनाकार	पृष्ठ
नामतत्त्वसमीक्षा	प्रा० लोकनाथ ढकाल	१
अद्वैत दर्शन	प्रा० श्री गोपालनिधि तिवारी	१७
यज्ञको स्वरूप	प्रा०डिल्लीप्रसाद गौतम	२५
ब्रह्मचर्य: एक युगसापेक्ष प्रश्न	प्रा० चेतोनाथ शर्मा आचार्य	३०
सुमतितन्त्रको केही परिचय	नयराज पन्त	४०
मेरो भूल	प्रा० विश्वनाथ पोखरेल	६५
कारणविवेक		७४
उपासना समीक्षा	प्रा० रामचन्द्र पौडेल	८१
वृत्ति	रामवहादुर गोतामे	८६
संस्कृत वाङमयमा काव्यशास्त्र	प्रा० सिद्धिनाथ गौतम	९९
मर्यादा धर्म र ऐन कानून	प्रा० ऋषिराम पोखरेल	१११
संस्कृत अध्ययन संस्थानको पहिलो तीन वर्ष र वाल्मीकि विद्यापीठ (क्याम्पस)	तोयनाथ पाण्डेय	११५
हाम्रो भनाइ		१३३

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

द. नै. ७९८
वा. वि. दु.

नामतत्त्वसमीक्षा~

(विषयावतरणिका)

'वाचं धेनुमुपासीत'

प्रा. लोकनाथ ढकाल

सच्चिदानन्दस्वरूप परमात्मा यस संसारको मूल तत्त्व हो। यसै कारणले विश्वलाई मूलमाथि भएको हाँगा बिंगाहरू तलतिर भएको अति विस्तृत वृक्षको रूपमा महर्षिहरूले वर्णन गरेका छन्।

ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम्, (गीता)

आश्चर्यमय यस संसारतरूको आश्रय गरेर अनादिकालदेखि वसोवास गरेका मानव नामधारी जीवपक्षीहरू कदाचित् तल तलका हाँगामा फलेका घाम पानीको मुख नदेखेका नमीठा–कहिले नामका मीठा नमीठा–कुनैवेला उच्च हाँगामा फलेका मीठा सामयिक फलहरू खाँदै क्ररी, बादल, हुरी, वतास, सर्दी, गर्मी, भोक, तिर्खा, आधि, व्याधि आदि विभिन्न पीडाले उत्पीडित भई तल र माथि यातायात गरिरहेकाछन्।

~ यो लेख अतिरिक्त कार्यक्रम अन्तर्गत बाल्मीकि क्याम्पसमा पढेर सुनाइएको हो।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Fundin

हामी को हौं ? स्थायी निवास कहाँ छ? कसरी उहाँ पुग्ने? इत्यादि कुराहरूको विचारसम्म पनि गर्न नसकी दुःखमय जीवन यापन गरिरहेको देखेर करुणामय परमात्माले तिनीहरूलाई अमरवाणीद्वारा सत्य,चिदानन्दमय स्वधाम प्राप्त गर्ने विभिन्न मार्गहरूको उपदेश गर्नुभयो।

ती मार्गहरू मध्ये मुख्य मूल मार्ग १-कर्म, २-ज्ञान, ३-भक्ति, यी तीन थरी छन्।

ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कर्हिचित्

[ज्ञान, कर्म, भक्ति वाहेक परमात्मा प्राप्ति गर्ने उपाय (अर्को मार्ग) छैन। भा. पु.।]

यस कुराको संकेत ऋग्वेदमा पनि गरेको छ–

'त्वं ह्यग्ने अग्निना विप्रो विप्रेण सन् सता।
सखा सख्या समिध्यसे,।। ऋ. ८।४३।१४।

हे प्रकाशमय परमात्मा ! तपाईं सत्कर्म (ईश्वरार्पित कर्म) सद्ज्ञान (आत्मतत्त्व ज्ञान) सद्भक्ति (भगवद्भक्ति) द्वारा प्रकाशित (प्राप्त) हुनुहुन्छ। किनभने तपाईं सत्स्वरूप हुनुहुन्छ, अतः सत्कार्यद्वारा नै पाइनुहुन्छ। उक्त मन्त्रमा प्रथम अग्नि शब्दले परमात्मा र द्वितीय अग्नि शब्दले यज्ञादि कर्मलाई बुझाएको छ। एवं विप्र शब्दले ज्ञान र सखि शब्दले प्रेम – भक्तिलाई बुझाएको छ।

उक्त तीनै मार्गको परस्परमा अङ्गाङ्गी भाव छ। जस्तै-ज्ञानमार्गमा कर्म र भक्ति दुवै ज्ञानप्राप्तिमा आवश्यक छन्, त्यस्तै कर्म मार्गमा पनि ज्ञान र भक्तिको अनिवार्यता छ। एवं भक्तिमार्गमा पनि कर्म, ज्ञान दुवै चाहिन्छन्। परन्तु भक्तिमार्ग अविलम्ब भगवत्प्राप्तिका'निमित्त एक असाधारण सर्वश्रेष्ठ मार्ग

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

हो । यसमा येन केन प्रकारेण भगवान्मा प्रम भएपछि करुणामय प्रभुको कृपा भइहाल्छ । प्रभुकृपाद्वारा नै भक्तलाई आवश्यक साधनको अनायासै उपलब्धि हुन्छ । अरू मार्गमा झैं वाह्य साधन जुटाइरहनु पर्दैन ।

यसै कारणले यस मार्गमा आवालवृद्ध, सबै नर–नारीहरू निरावाध यात्रा गर्न सक्तछन् ।

भगवत्प्रेम प्राप्त गर्नलाई ज्ञानप्राप्तिमा जस्तो कठिन समस्या पनि छैन । किनभने प्रभु नाम निरन्तर लिने गऱ्यो भने प्रभु अदृश्य रूपले पछि पछि लागेर उसको देख रेख गर्न थाल्नुहुन्छ ।

भगवन्नामको अनुपम महिमा छ । भगवान् भन्दा पनि भगवान्को नाम अनन्त शक्तिशाली गौरवशाली सकलकलिकल्मषहारी, भुक्तिमुक्तिप्रद, पावनतम, परममङ्गलमय छ भनेर श्रुतिस्मृति, पुराण प्रभृति सारा शास्त्रहरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

नामानि चिद्दधिरे यज्ञियानि भद्रायां ते रणयन्त संदृष्टौ, (यज्ञो वै विष्णुः) भनेको हुनाले यहाँ यज्ञ शव्दले विष्णुको वोध हुन्छ । त्यस कारण भगवान्को कल्याणकारी साक्षात्कारका निमित्त भगवान्को नाम कीर्तन गरे, भन्ने उक्त मन्त्रको अर्थ हुन्छ । (ऋ. ६, १, ४)

भगवान्को नामकीर्तन गरेर नै देवताहरूले शोक दुःखहरूलाई परास्त गरे भनेर रामायणमा पनि वताएको छ।

यन्नामकीर्तनपराजितदुःखशोका
देवास्तमेव शरणं सततं प्रपद्ये [अ. रा. वा. ६।२५]

हेमाद्री व्यास :–

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.

ध्यायन् कृते यजन् यज्ञैस्त्रेतायां द्वापरेऽर्चयन् ।
यदाप्नोति तदाप्नोति कलौ संकीर्त्य केशवम् ।।

(सत्य त्रेता द्वापरमा क्रमैसंग केशवको ध्यान, यज्ञ, पूजा गर्दा जो फल पाइन्छ त्यो सवै फल कलिमा कीर्तनले नै पाइन्छ ।

अजामिलले अन्त्य समयमा छोराको उद्देश्यले नारायण नाम लिएर जीवन भरका सवै पाप पखाले भन्ने भागवतमा कथा छ ।

भगवान्को नाम कीर्तन गरेर ध्रुव, प्रह्लाद, हनुमान, गोपिनी नारद आदि सवै प्राणीहरूले भुक्ति मुक्ति प्राप्त गरे । इत्यादि। नामीको भन्दा पनि नामको अधिक महत्त्व शास्त्रहरूमा वर्णित भएकोले नाम के हो ? किन उसको सर्वाधिक भयो ? भन्ने जिज्ञासा लिएर नामतत्व ज्ञानका निमित्त आजको प्रवचनको विषय नामतत्त्वसमीक्षा, प्रस्तुत गरिएको हो ।

कलिं सभाजयन्त्यार्या गुणज्ञाः सारभागिनः।
यत्र संकीर्तनेनैव सर्वः स्वार्थोऽधिलभ्यते (भागवत)

विषय निरूपण
(नामपदव्युत्पत्तिः)

नाम शब्द शब्दार्थक नम् धातु (णम प्रह्वे शब्दे च,) बाट 'नमयति शब्दयति = वोधयतीति नाम' यस व्युत्पत्ति अनुसार निष्पन्न भएकोले त्यसको अर्थ हुन्छ कुनै वस्तुलाई बुझाउने शब्द ।

उक्त व्युत्पत्तिअनुसार विश्वमा जति वोधक शब्द छन् ती सवै नाम नै हुन् । जस्तै कृष्ण, राम, शिव, दुर्गा, चैत्र, मैत्र, देवदत्त, यज्ञदत्त इत्यादि शब्दहरू तत् तत् व्यक्तिवाचक नाम हुन् । त्यस्तै देव, दानव, मानव, नर, नारी, पशु, पक्षी, गौ, हस्ती, घट, पट,

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

इत्यादि शब्द पनि उपाधि वा जातिवाला व्यक्तिहरूलाई बुझाउने नाम नै हुन् । क, ख, आदि वर्णलाई पनि शब्दात्मक स्व–स्वरूपको बोधक हुनाले नाम संज्ञा दिन सकिन्छ ।

सत्ताद्यर्थबोधक भू आदि धातुहरू पनि नाम नै हुन् । नाम र धातु भन्ने भिन्न व्यवहार पदसाधुताका निमित्त गरिएको शास्त्रीय हो लौकिक होइन । अतएव उपनिषद् तथा पुराणहरूमा नामरूपे व्याकरवाणि, नामरूपात्मकं जगत्, भनेर शब्दिक जगतलाई नाम शाब्दले निर्देशन गरेको छ ।

उपपत्ति प्रदर्शन

(नामीभन्दा नाम पुरातन)

सृष्टिको आदिमा सृष्टिकर्ताले के, कस्तो, कसरी सृष्टि गर्ने भनी चिन्ताकुल अवस्थामा वर्णमालाका १६रौं र २१सौं तप, भन्ने २ वर्ण कर्णगोचर गर्नुभयो र धेरै समयसंम तपस्या गर्नुभयो । तपस्या पूरा भएपछि विविध विश्वब्रह्माण्डनायक परमात्माको साक्षात्कार गर्नुभयो । त्यसपछि सत्य संकल्प परमात्माको प्रेरणाद्वारा★ पूर्वपूर्वकल्पका सारा कुराको यथार्थबोध गराउने अनादि वाङमय ब्रह्म ब्रह्माजीको मुखबाट निःश्वसित● न्यायले प्रकटित भयो । विश्वज्ञान कोष त्यसै वेदबाट धाताले पूर्वकल्पका सबैकुरा संझी तदनुसार प्रपञ्चको रचना गर्नु भयो ।(धाता यथा पूर्वमकल्पयत्)

★प्रचोदिता येन पुरा सरस्वती वितन्वताऽजस्य सतीं स्मृतिं हृदि
स्वलक्षणाप्रादुरभूत् किलास्यतः सने ऋषीणामृषभः प्रसीदताम् ॥
(भा. २ स्क.)

●महतो भूतस्य निःश्वसितमेतद् यद् ऋग्वेदो यजुर्वेदः
(बृ. आ. उ.)

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundi

विश्वविधाताले वैदिक शब्दज्ञानद्वारा नै जगन्निर्माण गर्नुभयो भन्ने कुरा मनुमहाराजबाट पनि आज्ञा भएको छ ।–

सर्वेषां तु सनामानि रूपाणि च पृथक् पृथक्
वेदशब्देभ्य एवादौ पृथक् संस्थाश्च निर्ममे (म.स्मृ. १।२१

माथि भने बमोजिम भुवन विधातालाई तपस्यामा प्रेरणा र जगज्जननहेतु ज्ञानको संपादनशब्द ब्रह्मद्वारा नै मिलेको हुनाले नामी वाच्यअर्थभन्दा नामवाचक शब्द नै पुरातन रहेछ भनी बुझ्न सकिन्छ ।

ॐ कृष्णायनमः, इत्यादि मन्त्रपाठपूर्वक पूजा आजा गर्ने, तथा नामनिर्देशनपूर्वक स्वाहा स्वधा गर्ने – एवं नामको उच्चारण गरेर मात्र गुरुजनको अभिवादन र आशीर्वाद दिने इत्यादि शास्त्रोक्त व्यवहारबाट पनि नामी भन्दा नाम प्रधान, पूर्वकालवर्ती र चिरस्थायी रहेछ भनी बुझ्न सकिन्छ ।

आत्मसाक्षात्कारको निमित्त पनि सर्वप्रथम श्रवण शब्दसम्बन्धी ज्ञान नै अगिसर्दछ ।

लोकव्यवहारमा पनि कुनै नयाँ कुराको निर्माण गर्दा शास्त्र, इतिहास, पुराण, गुरुजनका उपदेश इत्यादि शब्दराशि नै प्रथम मार्गनिर्देशक बन्दछ । बालक जन्मिएपछि नाम राख्ने चलन हुनाले नामी पूर्ववर्ती र प्रधान नाम चाहीं पछि कल्पित जस्तो देखिन्छ तापनि वास्तवमा पिता नाम कुर्यात्, इत्यादि श्रुति अनुसार सामान्य वा विशेष रूपले पूर्वसिद्ध चैत्र, मैत्र आदि नामको सम्बन्ध मात्रै नव जात शिशुका साथ पिता, पुरोहितहरूले गराउँछन् । नाम पूर्व सिद्ध भएकोले नै जुराएर मात्र नाम राख्ने चलन चलेको हो ।

उपर्युक्त सन्दर्भबाट सृष्टिमा प्रयोजक = सृष्टिको हेतुभूतज्ञान

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

पैदा गर्ने हुनाले नामी=अर्थभन्दा नाम=शब्द पुरानो र प्रधान रहेछ भन्ने कुरा स्पष्टसँग बुझियो ।

नामबाट जगत् सृष्टि

वास्तवमा शब्द=नामवाट नै चराचर जगत्को सृष्टि भएको कुरा श्रुति स्मृतिहरूमा वताएको छ ।

उक्त कुराको भगवान् वेदव्यासले–

शब्द इति चेन्नातः प्रभवात् प्रत्यक्ष्यानुमानाभ्याम् ।
(ब्र.सू.१।३।२८)

यस सूत्रद्वारा समर्थन गर्नुभएको छ ।

भाष्यकार भगवान् शङ्कराचार्यले प्रत्यक्ष प्रमाणको उदाहरणको रूपमा प्रत्यक्ष श्रुति–

स भूरिति व्याहरत् स भूमिमसृजत्

(ब्रह्माले 'भू' शब्दको उच्चारण गर्नुभयो र भूमिको सृष्टि गर्नुभयो । ऐ. ब्रा. २।२।४।२)। यस ऐतरेय ब्राह्मण र अनुमानको उदाहरणमा–

सर्वेषां तु सनामानि रूपाणि च पृथक् पृथक् ।
वेदशब्देभ्य एवादौ पृथक् संस्थाश्च निर्ममे ।।

इत्यादि स्मृतिलाई प्रस्तुत गर्नुभएको छ ।

यस प्रकारले सृष्टि समयमा स्रष्टाले तत्तन्नामवाट तत्तन्नामधारी व्यक्तिहरूको निर्माणद्वारा विश्वको सृष्टि गरेको कुरा प्रमाणित हुन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Fundin

जगत्पिता ब्रह्माजीको त के कुरा उहाँका सन्तान ऋषिमुनिहरूको पनि वाणीबमोजिम वस्तु वन्न करै लाग्दथ्यो । अन्यथा ऋषिमुनिहरूको सराप वा आशीकको केही मान्यता हुने थिएन ।

ऋषीणां पुनराद्यानां वाचमर्थोऽनुधावति

यस भवभूति कविको उक्तिले पनि उक्त कुराकै समर्थन गरेको छ ।

काम, क्रोध आदि सकल मानसमल समूल उन्मूलन गरी निर्मल चित्त भएका महर्षिहरू सत्यसङ्कल्प हुन्छन्, सङ्कल्पानुसार उनीहरूको मुखवाट निस्किएका वाणीहरू ईश्वरवाणीसमान सत्य हुन्छन्, कदाऽपि मिथ्या हुँदेनन् । अतः वाणीवमोजिम वस्तु वन्ने कुरा गफमात्र होइन सत्य हो ।

शब्दवाट विश्वसृष्टिमा दार्शनिक दृष्टिकोण–

नाम अर्थात् शब्दवाट विश्वसृष्टिको वारेमा दार्शनिकहरूले विभिन्न दृष्टिकोणद्वारा विचार व्यक्त गरेका छन् ।—

आरम्भवादी वैशेषिक र नैयायिकहरूको मतअनुसार नाम उच्चारण गर्दै नामीको निर्माण गर्दा नाम र नामीको परस्परमा सहकारिसहकार्यभाव संवन्ध भए पनि उपादानोपादेयभाव वा तादात्म्य; अथवा प्रकृतिविकृतिभाव संवन्ध छैन । किनभने नामहरू सबैको उपादान (समवायिकारण) आकाश हो । नामी चाहीं कुनै नित्य निरुपादानक नै हुन्छ, कुनै चाहीं स्वाश्रयोपादानक हुन्छ । एकै समयमा नाम र नामीको पृथक् सत्ता दृष्टिगोचर भएकोले तादात्म्य र प्रकृतिविकृतिभाव पनि मान्न सकिन्न । नाम र नामी पृथक् भए पनि दुईको परस्परमा ईश्वरेच्छारूप वाच्यवाचकभाव(शक्ति)संवन्ध छ, तद्द्वारा नै नामवाट नामीको वोध हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

नाममा नामीलाई बुझाइने शक्ति ईश्वरेच्छा होइन किन्तु नाममा नियतरूपले रहने अभिधा नामक पदार्थान्तर हो भन्ने कर्म-मीमांसकहरूको मत छ ।

परिणामवादी कपिल, पतञ्जलि प्रभृति आचार्यहरू सूक्ष्मतर वटवीजबाट विशालकाय वटवृक्षको प्रादुर्भाव भएझैं नामरूपोभयात्मक तन्वङ्गी प्रकृति नारीको गर्भबाट यस नामरूपोभयात्मक बृहद्वपु विश्वको आविर्भाव मान्दछन् । यो कुरा सांख्ययोगमा वर्णित सृष्टिप्रक्रियाद्वारा अवगत हुन्छ ।

कार्य र कारणको अभेद मान्ने परिणामवादको सिद्धान्तानुसार-कारणमा सूक्ष्म रूपले रहेकै वस्तु कार्यरूपले अभिव्यक्त हुन्छ । अतः मूलप्रकृति, महत्तत्त्व , अहंकार शब्दात्मक नभएमा अहंकार-बाट आकाश आदि पञ्चमहाभूतकी जननी शब्दतन्मात्रा (सूक्ष्म-शब्द)को प्रादुर्भाव हुने थिएन । यसबाट शब्द अर्थात् नाम पनि जगत्को उपादान कारण हो भन्ने कुरा बुझिन्छ ।

शब्दाभेदवाद

कतिपय दार्शनिकहरू-वागेव विश्वा भुवनानि ...(समस्त विश्व वाग्रूप नामात्मक नै हो) यस श्रुति सरस्वतीको आधारमा नाम र नामी =शब्द र अर्थको परस्परमा तादात्म्य (अभेद)संबन्ध मान्दछन् ।

उनीहरूको भनाइ छ–वोध्य अर्थ र वोधवोधक नामदेखि पृथक् होइन । किनभने ज्ञान र ज्ञेयको रूपमा विभाजित यस संसारमा त्यस्तो कुनै ज्ञान वा ज्ञेय छैन, जसमा वोधक शब्दको समावेश नहोस् । जस्तै के ज्ञान भयो ? भनी ज्ञानविषयक र के जानियो ? भनी ज्ञेय विषयक प्रश्न गर्दा पनि अमुक, भनेर एकै शब्दले उत्तर दिइन्छ । वाक्यपदीयकारले भन्नु पनि भएको छ–

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Fundi

न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते
अनुविद्धमिव ज्ञानं सर्वं शब्देन गम्यते (भर्तृहरिः)

महर्षि वात्स्यायले पनि–

इन्द्रियार्थसन्निकर्षोत्पन्नम् ... ... (अ.१,आ.१,सू.४

यस गौतम सूत्रको भाष्यमा उक्त मतको चर्चा गर्नुभएको छ।

वाच्य अर्थलाई वाचक शब्ददेखि भिन्न मानेमा घटपदवाट पटादिको पनि वोध होला भन्ने आपत्ति आइलाग्छ।

घटपदको शक्ति पटादिमा नहुनाले सो आपत्ति हुँदैन, भनी शक्तिलाई नियामक माने पनि शक्ति यदि आधुनिक इच्छा मात्र हो भने कसैले पटादि वोधको इच्छाले घटपदको प्रयोग गर्‍यो भने त्यसवाट पटादि वोधको आपत्ति भइहाल्छ। यदि च आधुनिक इच्छा शक्ति होइन किन्तु ईश्वरीय इच्छा हो भनेमा जस्तै घटपदाद्घटो वोद्धव्यः, (घटपदवाट घट बुझ्नू) यस ईश्वरेच्छा स्वरूप वाच्यता वाच्य घटमा छ त्यस्तै-घटपदं घटं वोधयतु, (घटपदले घटवोध गराओस्) यसप्रकारको ईश्वरेच्छात्मक वाचकता वाचक घट पदमा छ। अतः औपाधिक भेद भए पनि वास्तवमा ईश्वरेच्छा नित्य एक हुनाले तदात्मक वाच्यता र वाचकता पनि वास्तवमा एकै भएकोले तद्वान् वाच्य अर्थ र वाचक पद एकै हो फरक होइन भनी अवश्य मान्नै पर्दछ।

एवं च जस जस पदको जस जस अर्थका साथ अभेद छ त्यस त्यस पदवाट त्यस त्यस अर्थको वोध हुन्छ अरूको वोध हुँदैन भन्ने अव्यभिचारी नियम सिद्ध भएकोले घटपदवाट पटादिवोधको आपत्ति हुँदैन। उक्त सन्दर्भवाट नाम र नामीको वास्तविक भेद छैन। अतः भगवन्नाम पनि भगवत्स्वरूप नै हो भन्ने कुरा सिद्ध भयो।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

शब्दविवर्तवादः

शब्दतत्त्ववेत्ता महर्षिहरू ता नामतत्त्वलाई नित्य, एक, व्यापक, परब्रह्मस्वरूप मान्दछन् ।

यो दृश्य तथा अदृश्य नामरूपात्मक सम्पूर्ण जगत् त्यही सत्य शब्दतत्त्वमा परिकल्पित रज्जुमा कल्पित सर्प झैं असत्य हो । शब्दको विवर्त हो 'क' आदिवर्ण, तत्समूह स्वरूप पदवृन्द, साकाङ्क्ष्यपदसमुदायात्मकवाक्यराशि सबै अव्यक्त त्यही शब्दब्रह्मकै अभिव्यञ्जकध्वनि हुन् । स्फोटापरपर्याय त्यो शब्दब्रह्म नित्य एक हो ता पनि जपाकुसुमादि उपाधिका भेदले विभिन्न स्फटिकमणि झैं अभिव्यञ्जकादि वर्ण भेदले विविधरूपमा अभिव्यक्त हुन्छ ।

यस शब्द विवर्तवादको भर्तृहरिले निर्देशन गरेको छ ।–

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ।। (वा.प.)

उक्त कुरामा वेद ब्रह्मले पनि आफ्नो मन्तव्य प्रकट गरेको छ–

नामैवेदं रूपत्वेन ववृते
(नामी नामकै विवर्त हो)

वागेन विश्वा भुवनानि जज्ञे, वाच इत् सर्वममृतं यच्चमर्त्यमिति श्रुतिः

[सबै भुवनहरू वाक्तत्व नै हुन्, वाक् शब्दबाट नै मर्त्य अमर्त्य सबै विश्व जन्मियो ।]

उपरि परिदर्शित सन्दर्भबाट नाम सत्य र नामी चाहीं असत्य कल्पित भन्ने कुरा स्पष्ट भयो ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri

शब्दपरिणामवादः

अव्यक्त शब्दतत्व नै अर्थको रूपमा अभिव्यक्त हुन्छ, अतः यो नामरूपात्मक सबै प्रपञ्च नित्य सूक्ष्मतम नामतत्त्वकै विकार हो भन्ने पनि पुराना आचार्यहरूको मत छ। यस मतको भर्तृहरिले संकेत गरेको छ।

शब्दस्य परिमाणोऽयमित्याम्नायविदो विदुः [वा.प.]

मूल प्रमाणको रूपमा पूर्वोक्त श्रुति–

वागेव विश्वा भुवनानि जज्ञे, वाच इत् सर्वममृतं यच्च मर्त्यम्। [ऋ.]

लाई नै प्रस्तुत गर्न सकिन्छ। उक्त सन्दर्भवाट नाम नै नामीको रूपमा परिणत हुन्छ भन्ने कुरा बुझिन्छ।

निर्णयः

उपरि परिदर्शित उपपत्तिहरूको आधारमा नामतत्त्व नित्य, एक, व्यापक रहेछ भन्ने तथ्यमा पुग्न सकिन्छ।

बृहन्नारदीयपुराणमा भगवन्नाम चित्स्वरूप छ भनी वर्णन गरेको हुनाले नामतत्त्व साक्षात् परब्रह्मस्वरूप हो भन्न सकिन्छ।

परब्रह्मलाई चिन्मय, आनन्दमय मानेझैं नाममय पनि मानेमा त्यस कुरालाई श्रुति, स्मृति पुराण, दर्शन शास्त्रहरूमध्ये कुनैले पनि विरोध गर्दैनन्।

जस्तै असुखम्, (परब्रह्म सुखस्वरूप होइन) यो निषेधको विषय वैषयिक अनित्य सुख हो नित्य सुख होइन। त्यस्तै –

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

अशब्दम्,(परब्रह्म शब्दात्मक होइन) यस निषेधको विषय पनि अनित्य शब्द हो नित्य शब्द होइन ।

पराऽस्य शक्तिः, यस श्रुतिले परा वाणीलाई परब्रह्मको शक्ति हो भनी निर्देशन गरेको छ। एवं च शक्ति र शक्तिमान् अभिन्न भएकोले परब्रह्म पनि शब्दात्मक हो भन्ने कुरा श्रुति-संमत छ ।

ब्रह्मवाट प्रथमतः शब्दाश्रय आकाशको सृष्टि वताउने ब्रह्मण आकाशः संभूतः; यस छान्दोग्य श्रुतिले पनि ब्रह्म शब्द-मय रहेछ भन्ने कुराको संकेत गरेको छ। अतएव शब्दः खे (आकाशमा म शब्दरूपले रहेको छु –गीता) यो भगवद्वचन पनि सँगत हुन्छ ।

संकृत भाषामा क,ख आदि वर्णलाई अक्षर भन्दछन् । अक्षर शव्दले अविनाशी कूटस्थ ब्रह्मलाई वुझाउँछ ।

यस कुरावाट पनि शब्द र ब्रह्मको ऐक्य अवगत हुन्छ ।

'क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते'

जगत्को मूलतत्त्व–शब्दस्वरूप हुनाले नै शक्तिमय पर-मात्मालाई देवताहरूले शब्दात्मिका, भनेर स्तुति गरेको कुरा पुराणमा पाईन्छ ।

शब्दात्मिका सुविमलर्ग्यजुषां ... ... (मा.पु.)

१. परा-मूलाधारमा हुने अतिसूक्ष्मतम वाणी, २. पश्यन्ती-नाभिमा हुने सूक्ष्मतर वाणी, ३. मध्यमा– अनाहत चक्रमा हुने सूक्ष्म वाणी, ४.वैखरी-मनुष्यले वोलिने वाणी, यी सवै वाणीहरू परब्रह्ममहिषी महामायास्वरूप हुन् भनी पुराणहरूमा वर्णन गरेको छ ।

...**परा, पश्यन्ती मध्यमाऽथो तदनु भगवती वैखरी वर्णरूपा**

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Fund

अखिलविश्वजननी महामाया अतिसूक्ष्म ईक्षण रूपले चिन्मय ब्रह्ममा नै समाविष्ट छन्। ब्रह्मदेखि अतिरिक्त होइनन् भन्ने कुरा इदं शब्दनिर्दिष्ट प्रपञ्चलाई सत् पदवाच्य ब्रह्मरूपले प्रतिपादन गर्ने' सदैव सोम्येदमग्र आसीत्, इत्यादि श्रुतिहरूले व्यक्त गरेका छन्।

योऽसावतीन्द्रियग्राह्यः सूक्ष्मोऽव्यक्तः सनातनः।
सर्वभूतमयो ऽचिन्त्यः ... ... (मनुस्मृति)

इत्यादि स्मृतिहरूले पनि स्मरण गरेका छन्।

सकलमिदमहं च वासुदेवः
परमपुमान् परमेश्वरः स एव (विष्णुपुराण)

इत्यादि पुराणहरूले प्रतिपादन गरेका छन्। विवरणकारले पनि सो कुराको समर्थन गरेका छन् –

आश्रयत्वविषयत्वभागिनी
निर्विभाति चितिरेव केवला। पूर्वसिद्धतमसः...॥

भनाइको मतलब यो हो कि शब्दात्मक माया परब्रह्म स्वरूप भएपछि परब्रह्म पनि शब्दात्मक हो।

वेदान्तमा परमात्मालाई नित्यज्ञान र नित्यसुखस्वरूप मानेझैं नित्यशब्दस्वरूप पनि मानेमा कुनै हानी हुँदैन।

नैयायिकशिरोमणि रघुनाथशिरोमणिले स्वनिर्मित 'पदार्थतत्त्वनिरूपण'मा आकाश परमात्मादेखि पृथक् नभएकोले सबै शब्द परमात्माकै गुण हुन् भनी निर्णय गरेको छ। अभावाधिकरणक अभावलाई अधिकरणस्वरूप, प्रतियोगिता आदि धर्मलाई प्रतियोगी स्वरूप मान्ने नैयायिकहरूले धर्म र धर्मीको एकता पनि स्वीकृत

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

गरेको हुनाले शब्दाश्रय परमात्मालाई शब्दस्वरूप मान्दा अपसिद्धान्त पनि हुँदैन ।

उपसंहार

उपर्युक्त सन्दर्भवाट यो नामरूपात्मक विश्व जसवाट प्रस्फुटित भयो त्यो मूलतत्त्व परमात्मा चिदानन्द स्वरूपकैं शब्द स्वरूप पनि हो भन्ने कुरा सिद्ध भयो ।

नाम र शब्द समानार्थक हुन् भनी पहिले नै भनियो । अतः नाम सत्य चिदानन्दमय परब्रह्मस्वरूप हो । सृष्टिको आदिमा यो नाना नामरूपात्मक निखिल विश्व त्यही नाममय ब्रह्मवाट सुप्त प्रबुद्धन्यायले उत्थित हुन्छ र अन्त्यमा उसमा नै प्रसुप्त हुन्छ ।

उत्पत्तिमान् जुनसुकै पदार्थको उत्पत्तिभन्दा पहिले नामरूपले सत्ता र नाश भए पछि नाममात्र शेष रहने यस विश्वव्यापक वस्तुस्थितिले पनि उक्त कुरालाई उपयुक्त तुल्याएको छ ।

यादृशो यक्षस्तादृशो बलिः

जो वस्तु जुन स्वरूपको छ उसको तदनुरूप नै उपासना गरेमा चाँडै प्रसन्न र प्राप्त हुने कुरा सर्वविदितै हुनाले नामस्वरूप परमात्माको प्रीति र प्राप्ति पनि हरिः ॐ तत् सत्, राम, कृष्ण, शिव इत्यादि नामकीर्तनद्वारा नै अतिशीघ्र हुन्छ भन्ने कुरामा कुनै पनि शङ्का छैन ।

सकलसन्मार्गसाधनेन्धनदावानल यस कराल कलि–कालमा-अन्य कुनै साधनको अपेक्षा नराख्ने, अतिसुगम, सर्वसाधारण भगवन्नामकीर्तनद्वारा नै सवै मानवहरूले ऐहिक पारलौकिक सवै श्रेय र निःश्रेयस परमानन्द पनि सजिलैसँग प्राप्त गर्न सक्तछन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Funde

अन्त्यमा श्रोतृवर्गलाई बृहन्नारदीय पुराणको एक पद्य सुनाउँदै यस अनक्षर प्रवचनलाई अक्षर परब्रह्ममा समर्पण गर्दछु ।

मधुरमधुरमेतन्मङ्गलं मङ्गलानां
सकलनिगमवल्लीसत्फलं चित्स्वरूपम् ।
सकृदपि परिगीतं श्रद्धया हेलया वा
भृगुवर ! नरमात्रं तारयेत् कृष्ण नाम ।।

हे भृगु श्रेष्ठ ! अत्यन्त मीठो परममङ्गल सकल शास्त्रको सार, चिन्मय ब्रह्मस्वरूप, कृष्ण परमात्माको नाम श्रद्धासँग अथवा हेलाँ गरेरै भए पनि एक पटकमात्र कीर्तन गरे पनि मनुष्य यो दुःखमय भवसागरबाट पार हुन्छ ।

ॐ तत्सत्

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

अद्वैत–दर्शन

प्रा० श्री गोपालनिधि तिवारी

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।
ॐ शान्तिः शान्तिः शान्तिः ।

जगत्स्थितिलयोद्भूतिहेतवे निखिलात्मने ।
सच्चिदानन्दरूपाय परस्मै ब्रह्मणे नमः ।।

मानवलाई विचारशक्ति प्राप्त भएकोले उसले आफ्नो कल्याण आफैंले गर्ने मार्ग पाएको छ । पाएको विचारशक्तिको तिरस्कार गरेर अज्ञानमै भुलेर वस्ने हो भने मानव र पशुमा केही फरक हुँदैन । आत्मोद्धारको लागि त्याग र संयमको ज्यादै आवश्यकता पर्दछ । आज संसारमा मानव विज्ञानको शिखरमा पुग्न लाग्दा पनि उसलाई शान्ति प्राप्त नहुनुको एक मात्र कारण ज्ञानको अभाव हो । जब सर्वत्र अद्वैत ज्ञान स्वयं प्रकाश हुन्छ, तब मानवलाई अशान्ति, दुःख, भय आदिले घेरिनुपर्ने अवस्थै रहँदैन । उसका सबै व्यवहार त्यागात्मक बन्दछ र उ आनन्दमा बाँचेका हुन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri. Funde

श्रुतिले भनेको छ कि –

'तेन त्यक्तेन भुञ्जीथाः' [ईशावास्योपनिषत्]

त्यस त्यागले आत्माको पालना गर। यो आत्मा एक अद्वैत-वाट सब उत्पन्न भएको हो र सब नै आत्मरूप भएको हुनाले अनात्म मिथ्याभूतमा वासना राख्नु नै दुःखको कारण हुन आउँछ। यो अद्वैत दर्शनले व्यवहार र परमार्थमा प्रदान गर्ने शान्ति र आनन्दको प्रकाशवाट वञ्चित हुनु लाटोकोसेरोले सूर्यको प्रकाश-वाट वञ्चित हुनु जस्तै हो।

'स्वात्मप्रकाशिका'मा भनिएको पनि छ कि–

उलूकस्य यथा भानावन्धकारः प्रतीयते।
स्वप्रकाशे परानन्दे तमो मूढस्य भासते॥

लाटोकोसेरोले सूर्यमा अन्धकारको भान गरे जस्तै अज्ञानले ढाकिएको मूढ पुरुषले स्वप्रकाश परमानन्द आफूमा अन्धकारकै भान गर्दछ। यसकारण आफ्नै दृष्टिदोषलाई हटाएर आनन्दमा रहन अद्वैत-दर्शनले प्रेरणा दिन्छ।

अद्वैतदर्शनमा प्रायः मानिसहरूको यही भ्रम छ कि यसले वैरागी बनाएर, घरबार छुटाएर फुक्रा बनाउँछ वा यज्ञ दान-तप.कर्म छुटाएर अकर्मण्य बनाउँछ वा आफैं भगवान् हुं भन्ने गराई भगवद्भक्तिवाट विमुख बनाउँछ। यी सबै भ्रमहरू अद्वैत–दर्शनको मर्म नबुझ्नेहरूको दोषहरूको दोषहरूवाट हुन गएका हुन्। वास्तवमा अद्वैत-दर्शनले कुन तहमा अद्वैत-साक्षात्कार भनेको छ त्यसको मर्म राम्ररी अनुभूतिमा आउन आवश्यक छ।

तत्त्वोपदेशमा भनिएको छ कि–

भावाद्वैतं सदा कुर्यात् क्रियाद्वैतं न कर्हिचित्।
अद्वैतं त्रिषु लोकेषु नाद्वैतं गुरुणा सह॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

ब्रह्मभावमा सदा स्थित रही सच्चिदानन्दात्मक भावाद्वैत गरिरहोस् । भान भएको अविद्यात्मक जगत्मा भने कहिले पनि मुछेर क्रियाको अद्वैत नगरोस् अर्थात् क्रियाकालमा आफ्नो आफ्नो मर्यादानुसार क्रियाको सम्पादन गरोस् । तीनै लोकहरूमा केही पनि नित्य अविनाशी पदार्थ अरू नभएकोले अद्वैत एक ब्रह्मको मात्र नित्य, अविनाशी सद्रूपमा भावना गरोस् । उपदेश गर्ने र अज्ञान हटाई ज्ञानको प्रकाश प्रदान गर्ने गुरुको मर्यादा कहिले नछोडोस् अर्थात् गुरुसँग सदा विनयी भएर रहोस् । शब्दशास्त्र अथवा अपरा विद्याको क्षेत्रमा अद्वैत--दर्शनले पनि प्रत्यक्ष आदि छ प्रमाणहरू मानेर प्रमाणहरूबाटै चल्न सिकाएको छ ।

वेदान्तपरिभाषामा भनिएको पनि छ कि–

देहात्मप्रत्ययो यद्वत् प्रमाणत्वेन कल्पितः ।
लौकिकं तद्वदेवेदं प्रमाणं त्वाऽऽत्मनिश्चयात् ॥

जस्तो भ्रममा पर्दा देह नै आत्मा हो भन्ने ज्ञान प्रमाण-रूपमा कल्पित हुन्छ त्यस्तै ब्रह्मातिरिक्त सबै घटादिज्ञान ब्रह्म-साक्षात्कार नहुन्जेलसम्म मात्र प्रमाणरूपमा कल्पित भएका छन् । यसकारण ब्रह्म--साक्षात्कार नभएको अवस्थामा र ब्रह्म-साक्षात्कार भई प्रारब्धकर्म क्षीण गरिने अवस्थामा पनि सबै प्रमाणहरू र सबै विधिनिषेधहरू आफ्ना आफ्ना अवस्थानुसार चलेका देखिन्छन् । ब्रह्मज्ञानी हुन नसकेकोले त सबै प्रमाणहरू र विधिनिषेधहरूको मर्यादा कायम राख्नु अनिवार्य छ । ब्रह्मज्ञानी भइसकेकोले सबै मिथ्या भएको हुँदा प्रमाणहरू, विधिनिषेध आदिको किन परवाह गर्दछ ? भन्ने प्रश्न यहाँ उठ्दा भनिएको छ कि– शास्त्र प्रमाण मानेर शुभकर्म मात्र ज्ञानीबाट हुनुपर्दछ र अशुभ निषिद्ध कर्म हुनुहुँदैन । ज्ञानी प्रारब्धक्षीण गर्न बाँचेको छ भने त्यो जीवन शुभ अवस्थामा मात्र रहेको हुन्छ । अशुभ

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Funde

वासनाको क्षय नभई ज्ञान नै प्राप्त हुन नसक्ने हुनाले ज्ञानी भएपछि फेरि मरिसकेको अशुभ वासना उम्रेर आउन मिल्दैन। यदि त्यो उम्रेर आउँछ भने उसलाई ज्ञान नै प्राप्त भएको छैन।

बुद्धाद्वैतस्वतत्त्वस्य यथेष्टाचरणं यदि।
शुनां तत्त्वविदां चैव को भेदोऽशुचिभक्षणे॥

[पञ्चदशी द्वैतविवेक ५५]

अद्वैत आत्मतत्त्वको साक्षात्कार भएको ज्ञानीको पनि यदि मन लाग्दो जे पायो उही अशुभ आचरण हुन्छ भने अपवित्र वस्तुको उपभोगमा कुकुर र तत्त्वज्ञानीहरूको के फरक पाइयो त? ज्ञानीको कुसंस्कार नहुनाले, कामादि वासना नहुनाले र इच्छाराहित्य हुनाले पनि उसवाट अशुभकर्म वन्दैन।

जीवन्मुक्त पुरुषवाट अज्ञानावस्थामा भएको जैं विषयासक्तरूपमा वासनासहित व्यवहार हुँदै हुँदैन, यदि कसैवाट काम, क्रोध, लोभ, मोह जस्ता भयङ्कर वासनाका द्वारहरू खुलाई व्यवहार भएको छ भने त्यो वहिर्मुख पुरुष जीवन्मुक्त भएकै छैन।

विज्ञातब्रह्मतत्त्वस्य यथापूर्वं न संसृतिः।
अस्ति चेन् न स विज्ञातब्रह्मभावो बहिर्मुखः।

जीवन्मुक्तको क्रमशः निर्वासन, फलाशारहित र भेदमुक्ति भावनारहित रूपमा नित्य नैमित्तिक कर्म, अभेदभक्ति (सच्चिदानन्दरूपमा भगवत्तत्त्वको अनुसन्धान) र अखण्ड एक अद्वितीय ब्रह्माकार ज्ञान भएका हुन्छन्। कामादिको वशवाट वा अरू कुनै किसिमवाट पनि निषिद्धकर्म ज्ञानीवाट हुनै सक्तैन। ब्रह्मानन्दमा मग्न पुरुष कहिले पनि अरू क्षणिक विनाशी सुखमा आकृष्ट हुँदैन।

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

अद्वैतदर्शन भएपछि कर्म निर्लिप्तभावले चलेको हुन्छ। विदेह जनकले सारा राज्यभार सुचारुरूपले अनासक्तरूपमा चलाएको उदाहरण हाम्रो अगाडि छंदैछ। अनासक्तभावले भएको कर्मवाट कुनै दुःख नआउने हुँदा आजको दुःखी संसारले अनासक्तभावद्वारा कर्म चलाउन अद्वैतदर्शनको प्रकाश पाउन आवश्यक छ। सकाम कर्मद्वारा प्राप्त हुने स्वर्गादिफलको अनित्यतावाट दुःखी भएकाहरूले पनि निष्काम कर्मद्वारा चित्त शुद्ध गरी परम्परया अद्वैत-साक्षात्कारवाट स्वयंप्रकाश परमानन्द नित्य पद प्राप्त गर्न आवश्यक छ। यस्तै द्वैतभक्तिद्वारा प्राप्त हुने क्रममुक्ति रूप सालोक्य (भगवानको लोकमा निवास), सामीप्य (भगवानको संनिधिमा निवास) सारूप्य (भगवानको समानरूपको प्राप्ति) र सायुज्य (भगवानमा मेलन) जस्ता सद्योमुक्ति (तुरुन्त दुःखहरूवाट छुटकारा) नभएका सगुणभक्तिजन्य फलहरूवाट पनि विरक्त भएकाहरूले निर्गुणभक्ति वा अभेदभक्तिद्वारा चित्तैकाग्रचको सम्पादन गरी सद्योमुक्तिको लागि अर्थात् आत्यन्तिक मोक्षको लागि अद्वैत–साक्षात्कारवाट स्वयंप्रकाश परमानन्दपूर्ण ब्रह्मार्णवमा लीन हुन आवश्यक छ। यसरी अद्वैत दर्शनले कर्म, भक्ति र ज्ञानको समन्वय गर्न कर्मलाई निष्काम अनाशक्तरूपमा, भक्तिलाई स्वरूपानुसन्धान अर्थात् अभेद भक्तिरूपमा तथा ज्ञानलाई अद्वैतरूपमा अंगाल्न प्रेरणा दिएको छ।

ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र भिक्षुक सबैले स्थायी सुखको लागि अद्वैतज्ञानको अवलम्बन गर्नु पर्दछ। सबै वर्णहरू र सबै आश्रमका मानवहरू तथा देवहरूका समेत ज्ञानमा समान अधिकार छ। ज्ञान आफ्नै रूप भएको हुंदा यसको लागि कुनै नयां वस्तु जुटाउनु पर्ने खण्ड छैन। केवल आत्मविस्मृतिरूपी रोग हटाउनुमात्र परेको छ। दृश्य प्रपञ्चवाट स्थायी शान्ति, सुख र

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funded

बिश्रान्ति नपाइने हुंदा आफू दृग्रूप ज्ञानकै स्वानुभूति भइ-रहनु दुःखत्रयको आत्यन्तिक विनाश मानिन्छ ।

गृहस्थी, ब्रह्मचारी आदिले पनि कुसङ्गमा लाग्यो भने सङ्गको रङ्ग आई भ्रष्ट अवस्थामा झर्नु पर्दछ । यसकारण त्यागी संयमी र ज्ञानी व्यक्तिको मात्र सङ्ग वा सत् स्वरूप आत्माको सङ्ग वा सच्छास्त्रको सङ्गमा दिन विताउनुपर्दछ ।

जगद्गुरु श्री शङ्कराचार्यले ज्ञानको पथिकको क्रमिक आत्मोद्धार यस प्रकार वताउनु भएको छ । साधक चित्त शुद्धिको लागि कर्म गर्दै आत्मानुसन्धानको दृढताको लागि भक्ति अँगाल्दै, साधन चतुष्टयमा प्रवृत्त हुन्छ । ब्रह्म एक अद्वैत अधिष्ठानमात्र सत्य छ, त्यसमा कल्पित अरू सवै जगदादि असत् छन् भन्ने निश्चय गरी आत्मा र अनात्माको विवेक गर्दछ । देहदेखि लिएर ब्रह्माको धाम सम्मको अनित्य भोग्य वस्तुमा वैराग्य लिन्छ र लोभिदैन । वैराग्यको वलले विषयमा दोषमात्र देखी मनलाई आत्मचिन्तनमा फर्काउँछ र विषय चिन्तन हटाउँदै जान्छ । ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूलाई नियन्त्रणमा राखी वासनाबाट उपराम हुने अभ्यास गर्दछ । सारा दुःखहरूको सहन गर्दै वेदान्तशास्त्र, गुरुवाक्य र अनुभूतिमा श्रद्धा वढाउँछ । शुद्ध ब्रह्मलाई स्थापना गरी अहङ्कारदेखि लिएर देह सम्मका अज्ञानकल्पित वन्धनहरूलाई स्वयंप्रकाश आत्मस्वरूपको अवलम्वनद्वारा छिनालेर मुक्त हुने मुमुक्षुता प्राप्त गर्दछ । यसरी साधन–चतुष्टय सम्पन्न भएर श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको शरणमा जान्छ । दुःखमय संसाररूपी समुद्रबाट पार लगाउन गुरुको प्रार्थना गर्दछ र गुरुले उसलाई योग्य अधिकारी देखी संसारका दुःखहरूबाट आत्यन्तिकरूपमा मुक्त गराउन वेदान्तमहावाक्यको श्रवण गराउनु हुन्छ ।

"प्रज्ञानं ब्रह्म चिन्मात्रं चाहं ब्रह्मास्मि निर्मलम् ।
तत्त्वमसि स एकश्चाऽयमात्मा ब्रह्म सर्वगम् ।। "

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

शुद्ध आत्मा ब्रह्म चिन्मात्र हो । अहंभावरहित निर्मल आत्मा नै ब्रह्म हुं । तिमी शुद्ध चैतन्य नै ब्रह्म हौ । त्यो ब्रह्ममात्र एक छ। यो शुद्ध आफू नै व्यापक बृह्म हो । आरोपित अहंभाव वा जगद्भाव सबै बिलाई अधिष्ठान ब्रह्ममात्र अवशिष्ट हुन्छ । उत्तम मुमुक्षुलाई श्रवणबाटै अपरोक्षज्ञान भइ हाल्दछ । अरूलाई मनन वा निदिध्यासन समेतको आवश्यकता पर्दछ । 'सोऽहं चिन्मात्रमेव' 'त्यही ब्रह्म शुद्ध आफू चिन्मात्र हुं' भन्ने निदिध्यासनको निरन्तर अभ्यासद्वारा समाधिमा प्राप्त हुन्छ । त्रिपुटी (ध्याता ध्यान र ध्येय) रहेतापनि ती सबैमा एक चैतन्याकार बुद्धि हुनु सविकल्प समाधि हो । त्रिपुटीको भेद हटी अखण्ड ब्रह्माकारमात्र हुनु निर्विकल्प समाधि हो । यही समाधिबाट सारा वासनाहरू बिलाए पछि अखण्ड सच्चिदानन्द अद्वैत ब्रह्ममात्र रहन्छ । अपरिच्छिन्न स्वरूप सुखको आविर्भावरूप भूमानन्दमात्र अवशिष्ट हुन्छ ।

यसरी ब्रह्म अद्वैत आत्मरूप भई अपरोक्ष अनुभूति हुनु नै ज्ञान हो । यही ब्रह्मज्ञान अपरोक्षानुभूतिमा यस प्रकार प्रकट भएको छः—

ब्रह्मैवाहं समः शान्तः सच्चिदानन्दलक्षणः ।
नाहं देहो ह्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ।।'

आफू सम शान्त सच्चिदानन्द ब्रह्म हुं । म विनाशी असद्रूप देह होइन । यस्तो साक्षात्कार हुनु ज्ञान हो । यस्तो ब्रह्मतत्त्वको अनुभूतिबाट शोकापगम र निरङ्कुशा तृप्ति भई कृतकृत्य पूर्णानन्द हुन्छ । प्रारब्ध भोग्दा पनि उसलाई दृढबोधले गर्दा जनकादिलाई झैं विषयले खिच्न सक्दैन । सदाचार र आत्मानन्द मात्र हुंदा संसारको शूलले उसलाई सताउन सक्तैन ।

वारंवार श्रवण, मनन, निदिध्यासन गर्दा पनि साक्षात्कार हुन सकेन भने त्यहाँ के प्रतिबन्ध परेछ भनी खोजी गर्नु पर्दछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri. Funded

प्रतिवन्ध भूत, भावी र वर्तमान तीन प्रकारको छ । अतीत विषयलाई नै ज्यादै आसक्ति भई संछिरहनु भूत प्रतिवन्ध हो । वर्तमान प्रतिवन्ध चाहिं विषयासक्ति, बुद्धिको मान्दच, शुष्क तर्क, र दुराग्रह मानिन्छ । तिनीहरूलाई शम आदि र श्रवण आदिको क्रम नैरन्तर्य चलाइरही हटाउन सकिन्छ । भावी प्रतिवन्धले जन्म गराई त्यसपछि मात्र प्रतिवन्ध क्षीण भए पछि ब्रह्म साक्षात्कार हुन्छ । वामदेवको एक जन्म र भरतको तीन जन्महरू आदि भएकावाट प्रतिबन्धको क्षय गर्नु पर्ने आवश्कता देखिन्छ ।

प्रतिवन्धको क्षयद्वारा ब्रह्मसाक्षात्काररूप ज्ञानको उदयमा अज्ञान हराउँछ र त्यो ज्ञान पनि काठवाट उत्पन्न अग्निले काठलाई जलाएर स्वयं शान्त भए झैं आफै शान्त हुन्छ । सच्चिदानन्द घन ब्रह्ममात्र हुन्छ । उसको जन्मवन्ध समाप्त हुन्छ । त्यो मुक्त पुरुष फेरि फर्कदैन ।

न च पुनरावर्तते न च पुनरावर्तते । छा.८।१५।१

उसको अनिर्वचनीय स्थिति हुंदै जांदा देह भावरहित भई विदेहमुक्ति हुंछ । देह सम्वन्ध हट्नु नै विदेह वा कैवल्यमुक्ति ब्रह्मनिर्वाण हो । प्रारब्ध छँदै पनि वा प्रारब्धको क्षयानन्तर शरीरपात पछि विदेहमुक्ति मानिन्छ ।

अद्वैतज्ञानवाट भूमानन्द अर्थात् अपरिच्छिन्नस्वरूप सुखाविर्भाव भइरहने हुनाले सदा सर्वदा पूर्ण अखण्डानन्द नै भइरहन्छ निरन्तर अद्वयानन्द सुख मौन स्वानुभूति मात्र भई पूर्ण चिन्मात्ररूपमा अवस्थिति हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

दृ. ४ ...
का. वि. पु.

यज्ञको स्वरूप

प्रा० डिल्लीप्रसाद गौतम

हिन्दूहरूको प्रधान धर्मग्रन्थ वेद हो । ऋक् यजु: साम अथर्व यी ४ वेदका ११३१ शाखा देखिन्छन् । यहाँ कर्मकाण्ड उपासनाकाण्ड र ज्ञानकाण्डको विशेषरूपबाट वर्णन गरिएको पाइन्छ । कर्मकाण्डमा ८० हज्जार, उपासनाकाण्डमा १६ हज्जार, ज्ञानकाण्डमा ४ हज्जार गरी वेदमा सबै मन्त्रहरूको संख्या १ लाख देखिन्छ । "लक्षं तु वेदाश्चत्वार: लक्षं भारतमेव च ।" वेदका कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डमा प्रधान स्थान कर्मकाण्डलाई दिइएको छ । वेदको मुख्य विषय नै यज्ञकर्म हो । यहाँ मन्त्र प्रयोग नगरी यज्ञ समाप्त हुँदैन । फेरि यज्ञविना वेद मन्त्रको सदुपयोग पनि हुँदैन तसर्थ वेद र यज्ञको ज्यादै सन्निधानबाट नै वेदमा कर्मकाण्ड भागको विशेष गाथा गाइएको हो ।

जुनसुकै विषयको पनि विचार विमर्श गर्दा उसको सामर्थ्य तथा उपयोगिता, लाभप्रद अङ्गउपाङ्गहरूको रूप स्वरूपहरूलाई केलाइन्छ । तसर्थ यहाँ यज्ञको सामर्थ्य कति र के, यसका महत्वपूर्ण वहुपक्षीय अङ्गहरूको कुन रूपबाट वर्णन र प्रयोग हुँदै आई नै रहेको थियो, कुन समयमा कहाँ यज्ञकर्मको शक्ति र प्रभावले ठूलो लाभ भएको हो भन्ने कुरामा विवेचना हुँदा प्राचीन समयमा देवताहरूले आफू र आफ्ना सहयोगीसँग विरोध र द्वेष गर्ने

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri. Fund...

असुरलाई यज्ञको प्रभाव मन्त्रजन्य शक्ति र यज्ञकर्मबाट जितेका थिए। "यज्ञेनासुरानपानुदन्त:" । हो यज्ञमा अलौकिक शक्ति सामर्थ्य छ, जसको अनुष्ठान प्रभावबाट द्वेषगर्ने शत्रु विरोधीलाई पनि जित्ने सामर्थ्य पैदा गर्छ । शत्रुको पनि मन परिवर्तन भई मित्र हुन पुग्छन्, यही कुरा नारायणोपनिषद्को आशय देखिन्छ:– "यज्ञेन द्विषन्तो मित्रा भवन्ति" । देवताको उद्देश्यले द्रव्य त्याग गर्नु नै याग हो । "देवतोद्देश्येन द्रव्यत्यागो याग:" यही कुरा हाम्रा प्राचीन शास्त्रज्ञहरूले विवेचना गरी प्रस्तुत गरिएको पाइन्छ । देवता, हवनीय द्रव्य, मन्त्र, ऋत्विक् दक्षिणा-को सदुपयोग नै यज्ञ हो ।

देवानां द्रव्यहविषां ऋक्सामयजुषां तथा
ऋत्विजां दक्षिणानां च संयोगो यज्ञ उच्यते ।।

मत्स्यपुराण १४४।४४

स्नानादिबाट देहशुद्धि र प्रायश्चितद्वारा यज्ञकर्मको लागि अधिकारी पुरुष संलग्न हुन्छ । सम्पूर्ण अधिकार कर्तव्यको विधि-विधानबाट जुन कुराको इच्छा छ सोही उद्देश्यबमोजिम सम्पूर्ण साधन र अङ्गहरूद्वारा यज्ञ समाप्त गरिन्छ । यज्ञकर्मरूप व्यापारबाट नै एक अपूर्व पैदा हुन्छ र सहजै कालान्तरमा स्वर्गादि प्राप्त गर्न सकिन्छ भन्ने कुरा हाम्रा शास्त्रहरूले स्पष्ट उल्लेख गरेका छन् ।

वेदमा विभिन्न प्रकारका यज्ञको वर्णन भए तापनि विशेषत: यज्ञलाई दुई किसिमबाट विभाजन गरी वर्णन गरिएको देखिन्छ । (१)श्रौत यज्ञ(२)स्मार्तयज्ञ । श्रुतिप्रतिपादित मन्त्रहरूको प्रयोग-बाट नै श्रौताधान वेदिक विधिविधानबाट श्रौतयज्ञ समाप्त गरिन्छ ।

...al Sanskrit University, Balmeeki Campus, Kathm...

. Public Domain. Digitization by eGangotri.Funding

स्मृति प्रतिपादित स्मार्त अग्निमा गरिने कर्महरू स्मार्त हुन् । स्मृतिद्वारा निर्दिष्ट विधानबाट नै स्मार्त यज्ञ समाप्त हुन्छ ।

श्रुतिप्रतिपादित वैदिक मन्त्रद्वारा समाप्त हुने यी पाँच प्रकारका प्रधान यज्ञ मानिन्छन् ।

"एष यज्ञः पञ्चविधः– अग्निहोत्रम् दर्शपूर्णमासौ चातुर्मास्यानि पशुः सोमः इति ।"

(ऐतरेय ब्राह्मण) ।

शास्त्रीय विधिविधानयुक्त यज्ञमण्डपमा स्थापित अग्निमा द्रव्यहरूको आहुति दिनु नै यज्ञकर्मको एक प्रमुख अंग मानिन्छ । यज्ञको प्रसंगमा हाम्रा शास्त्रहरूले अग्निदेवताको विशेष गुणगान पूजाप्रकार महत्वपूर्णरूपले दर्शाएका छन्, यसै प्रसङ्गमा हे अग्नि! तपाईं प्रज्वलित हुनोस्, हामीहरूलाई पनि जागरित गराउनोस्, आत्माको विशाल भावनाले सवैको भलाई होस्, विशाल बुद्धि र नयाँ जागर्तिले प्रेरित हुन पाऊँ भन्ने आदि अग्नि देवताको पूजा उपासना हाम्रा ग्रन्थहरूमा स्पष्ट उल्लेख छन् । यसै प्रसंगमा आश्वलायन गृह्यसूत्रकारको मत यही देखिन्छ:–

"इध्यस्व वर्धस्व वर्धय चास्मान् ।"

यज्ञकर्मको शुरुआतदेखि अन्तसम्म अग्निदेवताको महत्व र पूजा गुणगान गरिन्छ । यज्ञको लागि अग्निदेवतालाई ठूलो देवता मानिन्छ । कुनै पनि इच्छाले कुनै वस्तु चीज र कल्याण प्राप्तिको लागि नै यज्ञ कर्म गरिन्छ । प्राचीनकालमा देवताहरू विस्तृत यज्ञकार्य गर्न तम्सिएका थिए, तर उनीहरूसँग विरोध गर्ने असुरदेखि डराए, किनकि बीचैमा यस यज्ञकर्ममा विघ्नबाधा पर्ला र समाप्त गर्न नसकिएला भन्ने विचार गर्दै यो कल्याणस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.

धेरै यज्ञकर्म सफलतापूर्वक सम्पादन गरेका थिए। यसै यज्ञकर्म-को प्रभावबाट नै असुरहरूलाई सखाप पारेका थिए। त्यही कुरा शतपथब्राह्मणले स्पष्ट उल्लेख गरेको पाइन्छ ––

देवा हवै यज्ञं तन्वानाः। तेऽसुररक्षसेभ्य आसङ्गा-द्विभयाञ्चक्रुस्तद्यज्ञमुखादेवैतन्नाष्ट्रा रक्षांस्यतोऽपहन्ति।

यज्ञकर्मको सन्दर्भमा हवनीय पुरोडाश द्रव्यहरूको पनि विशेष महिमा तथा गरिमा हाम्रा वैदिक ग्रन्थहरूले वर्णन गरेका देखिन्छन्। यज्ञकर्ममा व्रीहिद्रव्यहरूको तुषविमोक गरी धूलो बनाइएको पुरोडाश द्रव्य त्यहाँ पथार्दै मन्त्र पढिन्छ।

उरु प्रथस्वोरुते यज्ञपतिः प्रथतामि। (तै. सं १।११८)

श्रौतयज्ञमा यज्ञको मस्तिष्कयुक्त शरीर नै पुरोडाशले युक्त कपालपात्रलाई लिइन्छ। त्यही कुरा स्पष्ट छ :–

शिरो ह वा एतद्यज्ञस्य यत्पुरोडाशः। (शतपथब्राह्मणः)

जसबाट पुरोडाश द्रव्य र अन्य विभिन्न हवनीय द्रव्यबाट यज्ञ समाप्त गरिन्छ।

कल्याणरूप यज्ञकर्मको वैशिष्टय महत्व हृदयङ्गम गरी यज्ञकर्म नै कल्याणको मार्ग हो, यसबाट जीवनको सार्थकता प्राप्त गर्न सकिन्छ भन्ने उद्देश्यबाट प्रेरित भएर नै प्राचीन समयमा यज्ञ गर्न संलग्न पति र पत्नी दुवैजना प्रतिज्ञा गर्दथे, यज्ञ नै कर्म हो, कर्मको लागि हामी दुवै जना संलग्न हुन सकौं, हामीलाई यहाँ संलग्न गराइयोस्। आदि कुरा हाम्रा वैदिक ग्रन्थहरूले स्पष्ट उल्लेख गरेका देखिन्छन्।

कर्मणे वां वेषाय वामिति यज्ञो वै कर्म।

(शतपथ ब्राह्मण अ. १।२।ब्रा.)

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

यज्ञकर्ममा शास्त्रीय विधिपूर्वक देवताको पूजाप्रकारद्वारा उपासना आह्वान विशेषरूपवाट गरिन्छ र हविर्द्रव्यको आहुति मनकामनाले दिइन्छ । यस कर्मको व्यापारवाट नै एक अलौकिक शक्ति उत्पन्न हुन्छ जसलाई अपूर्व भनिन्छ । त्यसकै आधारवाट नै अधिकारप्राप्त मनुष्यले स्वर्ग प्राप्त गर्न सक्छ भन्ने शास्त्रीय आधार स्पष्ट देखिन्छ । मानवीय जीवनमा कर्मरूप व्यापारको आधारवाट नै कल्याण प्राप्त गर्न सकिन्छ ।

श्रौतस्मार्तादि सबै ग्रन्थहरूमा नित्य नैमित्तिक काम्य यज्ञकर्मको विवरण स्पष्ट छ । गृह्यसूत्र र धर्मसूत्रमा नित्य यज्ञ नै पञ्चमहायज्ञलाई लिइएको देखिन्छ । यो यज्ञ नगरे मनुष्य पञ्चसूना जन्य दोषवाट छुट्न सक्तैन भन्ने कुरा पनि छ । गौतम धर्मसूत्रकारले पाक, हविः, सोम गरी तीन प्रकारको यज्ञका भेद मानेका छन् । औपासनहोमः, वैश्वदेवम्, पार्वणम्, अष्टकाः, मासिकश्राद्धम्, श्रवणा, शूलगव, यी ७ पाकयज्ञसंस्थारूप स्मार्त यज्ञ मानिन्छन् ।

अग्निहोत्रम्, दर्शपूर्णमासौ, आग्रयणम्, चातुर्मास्यानि, निरूढपशुवन्धः, सौत्रामणिः पिण्डपितृयज्ञः यी ७ हविर्यज्ञसंस्थारूप यज्ञ मानिएको छ । अग्निष्टोमः, अत्यग्निष्टोमः, उक्थ्यः, षोडशी वाजपेयः, अतिरात्रः, आप्तोर्यामः, यी सात सोमसंस्थारूप यज्ञ भनिन्छन् । अग्निहोत्रवाट सोमसम्मका यी १४ यज्ञहरू श्रौत यज्ञ हुन् ।

यज्ञ हिन्दूहरूको सर्वप्रधान धर्मकार्य हो । त्यसवाट नै मनुष्यजीवन सार्थक हुन जान्छ भन्ने कुरा हाम्रा शास्त्रहरूले स्पष्ट पारेका देखिन्छन् । मनुष्यजीवनको उत्थान नै यज्ञकर्मवाट हुन सक्छ । हिन्दूजीवनको लागि सार्थक र उत्थानरूप कल्याणकारक मार्ग प्रदान गर्ने मुख्यसाधन नै यज्ञ हो । जसको अनुष्ठानले ऐहलौकिक र पारलौकिक कल्याण हुन्छ ।

-○-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri Funda

ब्रह्मचर्य : एक युगसापेक्ष प्रश्न

प्रा० चेतोनाथशर्मा आचार्य

प्रस्तुत विषयमा केही भन्नुभन्दा पहिले यौटा प्रश्नले मलाई आन्दोलित पार्दै सोधिरहेछ कि के म लोकको रुचिकर विषयमा कलम चलाइरहेछु ? यस्तो प्रश्न म जस्तो साधारणको लागि मात्र होइन अपितु प्रसिद्ध टीकाकार वाचस्पति मिश्र जस्ताको सामु पनि उस्तै रूप लिएर खडा थियो होला । त्यसैले त उनले भनेका छन् "प्रतिपित्सि तं हि अर्थं प्रतिपादयन् प्रतिपादयिताऽवधेयवचनो भवति प्रेक्षावताम्" अर्थात् जो लोकको निमित्त अभीष्ट लाग्ने कुरा भन्छ यस्ता मानिसको वचन सुन्न लायक हुन्छ र त्यो सुनेर मानिस लाभान्वित पनि हुन्छन् । तर जो लोकलाई चाहना नभएको कुरामा विद्वत्ता छाँट्छन् भने त्यस्तालाई शास्त्र परिशीलन या लोक व्यवहार दुवैको मर्म नबुझ्ने ठानेर मानिसले त्यागिदिन्छन्, आफूले भन्न खोजेको कुरो पनि कतै त्यस्तै ठहरिने त होइन ?

उक्त प्रश्नलाई पूरा समाधान गर्ने उत्तर आफूसित नभए पनि के चाहिं भन्न सकिन्छ भने लोकरुचिको सही परिभाषा गर्न कठिन पर्ने र कुनै कुरा स्वान्तःसुखाय पनि अभिव्यक्त गर्न सकिने भएकोले त्यसलाई अनुचित गरेको भन्न सकिन्न ।

al Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. Public Domain. Digitization by eGangotri.Funding

भूमिकालाई अरू बढी न लम्ब्याएर प्रकृत विषयमै केही उल्लेख गरौं । यतिखेर आफूले उल्लेख गर्न खोजिएको विषय हो ब्रह्मचर्य । ब्रह्मचर्यको सम्बन्धमा शास्त्रकार एवं विचारकहरूले व्यक्त गरेका भावनाको केही ऊहापोह । यस सन्दर्भमा सर्वप्रथम ब्रह्मचर्य शब्द कुन कुन अर्थमा प्रयोग भएको छ त्यसको केही उदाहरण प्रस्तुत गरिन्छ । 'ब्रह्म परमात्मानमभिमुखं चरति, ब्रह्मणे चर्यं वा' यस विग्रहमा ब्रह्मचर्य शब्द ब्रह्मोपासनामा प्रयोग भएको छ भने 'ब्रह्म वेदं वा गुरुणा प्रदत्तं चरति वेदार्थं चर्यं वा' यस विग्रहमा ब्रह्मचर्य शब्द वेदाध्ययनमा प्रयोग भएको पाइन्छ । अर्कोतिर 'ब्रह्म वीजं रेतस्तच्चरति, तं न मुञ्चति' यस विग्रहले नैष्ठिक ब्रह्मचर्यलाई इङ्गित गरेको छ भने शास्त्रीय नियम अनुसार प्रत्येक ऋतुमा मात्र गरिने स्वपत्नी समागमलाई गृहस्थीको ब्रह्मचर्य भनिन्छ (१) 'ऋतु कालाभिगामी स्यात् स्वदारनिरतः सदा' भनेर मनुले पनि यही आशय व्यक्त गरेका छन् । यहाँ ऋतुकाल गमनको अर्थ प्रथमवाट पुत्रप्राप्तिसम्मलाई अभीष्ट ठानिएको छ, त्यसपछि ऋतुकालमा गमन न गर्दा हुने दोष लाग्दैन । उपर्युक्त ब्रह्मचर्य सम्वन्धी विविध अर्थमध्ये उपान्त्य र अन्त्य अर्थात् नैष्ठिक र गृहस्थाश्रमीको ब्रह्मचर्य सम्वन्धमा केही विवेचना यहाँ प्रस्तुत गरिन्छ । किनभने स्थूल रूपमा ब्रह्मचर्य शब्द यिनै अर्थमा प्रसिद्ध छ र बहुसंख्यकको वोधगम्य रूपमा प्रयुक्त पनि ।

ब्रह्मचर्यमा नैष्ठिक ब्रह्मचर्य अति नै कठिन र महत्वशाली मानिन्छ । महनीय रूपमा शास्त्रकारले यसको वैशिष्टच दर्शाएका छन् । ईश्वर साक्षात्कार गर्ने उत्कृष्ट साधनहरूमा ब्रह्मचर्य पनि एक साधन मानिएको छ (२) ब्रह्मचर्यको प्रतिपालन शारीर

---

[१] ऋतावृतौ स्वादारे तु संगतिश्चविधानतः ।
ब्रह्मचर्यं च तत्प्रोक्तं गृहस्थाश्रमवासिनाम् ।। वसिष्ठ संहिता ।
[२] यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति । [कठ ३–२–१५]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fund

तपस्या हो (१) आत्मज्ञान गर्न आएका इन्द्रादिलाई ब्रह्मचर्य व्रतपालन गराएर मात्र आत्मज्ञानको उपदेश ब्रह्मावाट भएको छ। (२) नैष्ठिक ब्रह्मचारी हनूमान् चिरञ्जीवी वनेका छन् भने अर्का नैष्ठिक भीष्म इच्छामरणवाला थिए। आधुनिक ब्रह्मचारी ब्रह्मचारिणीमा राममूर्ति नायडू, तारादेवी, गोल्डवर्कर, भि० वी० कृष्ण मेनन् गलेश्वर वावा, वासुकि ब्रह्मचारी आदि अनेक देखिएका छन्। यिनीहरूको विशेषता आ–आफ्नो क्षेत्रमा प्रसिद्ध छ। त्यसमा पनि राममूर्तिको ब्रह्मचर्य पालनाले व्यावहारिक चमत्कारिता वढी दर्शाउँथ्यो भने गलेश्वरको ब्रह्मचर्यले दीर्घजीवित्व।

नैष्ठिक ब्रह्मचर्यको लक्षण कस्तो हुन्छ त्यस सम्बन्धमा वशिष्ठको कथन यस्तो छ, शरीर मन र वचन यी तीनै अंगवाट सवै अवस्थामा मैथुन त्याग हो नैष्ठिक ब्रह्मचर्य। (३) तर यो हो नैष्ठिक ब्रह्मचर्यको सीमित अर्थ। वस्तुतः नैष्ठिक ब्रह्मचर्यको व्यापक परिभाषा दक्ष स्मृतिमा यस्तो पाइन्छ-(४)कुनै युवक या युवतीको रूप गुण आदि सुनेर या देखेर त्यसको स्मरणमा रत हुनुलाई स्मरण मैथुन भनिन्छ। त्यस्तै युवक युवतीसम्वन्धी स्वभावलाई लिएर त्यसको गुणगान गर्नुलाई कीर्तन मैथुन

---

[१] ब्रह्मचर्यमहिंसा च शरीरं तप उच्यते [गीता १७।१४]

[२] [छान्दोग्य, ७–२]

[३] कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वदा
सर्वत्र मैथुन त्यागो ब्रह्मचर्यं प्रचक्षते ।।वसिष्ठ संहिता ।।

[४] स्मरणं कीर्तनं केलिः प्रेक्षणं गुह्यभाषणम् ।
संकल्पोऽध्यवसायश्च क्रिया निष्पत्तिरेव च ।।
एतन्मैथुनमष्टाङ्गं प्रवदन्ति मनीषिणः ।
विपरीतं ब्रह्मचर्यमेतदेवाष्टलक्षणम् ।।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Domain. Digitization by eGangotri.Funding

भनिन्छ । केलि (युवतीहरूका साथ उठ वस मनोरञ्जन आदि) प्रेक्षण (युवक युवतीमा आशक्तिपूर्वकको हेराहेर) गुह्य भाषण (एकान्तमा कुराकानी गर्नु) संकल्प (कसैसितको समागम सम्वन्धी कल्पनामा रमाउनु) अध्यवसाय (अप्राप्त युवक या युवतीलाई प्राप्त गर्न कोशिश गर्नु र क्रियानिष्पत्ति (प्रत्यक्ष सम्पर्क) समेत गरी मैथुनका आठ अङ्ग हुन्छन् । यी सवै अङ्गको यथार्थ रूपमा नैष्ठिक ब्रह्मचर्य पालन गर्ने ब्रह्मचारीका लागि नारीका साथ गरिने सबै व्यवहारमा अलग रहने नियमलाई कठोर रूपमा पालन गर्नुपर्छ । यहाँसम्म कि 'तत्पादचारस्थानेषु न च स्नानादिकाः क्रियाः' अर्थात् नारीको आउने जाने देखिने ठाउँमा स्नान गर्ने, हिंड्ने आदि कुरा पनि निषेध गरिएको छ ।

नैष्ठिक ब्रह्मचारीको लागि यस्तो कठोर व्रत पालन किन आवश्यक छ ? यस सम्वन्धमा वचन पाइन्छन् । श्रीराम लक्ष्मणलाई लक्षित गर्दै भन्नुहुन्छ, बुझ्यौ लक्ष्मण ! ढकमक्क फुलेको फूल लटरम्म फलेको फल र मस्ताएकी नारीको यौवन यी तीन कुरा रत्नसमान हुन्, त्यसैले रत्न देख्ता कसको मन चलायमान हुँदैन(१)। सुश्रुत भन्छन् नारीको दर्शन स्पर्शन आदि-बाट वीर्य विचलित हुने भएकोले नैष्ठिक ब्रह्मचर्यको लागि ती सब कुरा हुनु हुँदैन । मनु भन्छन् इन्द्रिय बलवान् भएकोले अरू-लाई छोडिदिउँ अपितु आफ्नै आमा, दिदी बहिनी र छोरीसंग पनि एकान्तमा न वसोस् । (२–२२५) यही प्रसङ्गमा अर्को एक उदाहरण पनि प्रस्तुत गरिएको छ कि इन्द्रियलाई वश गर्न खोज्नेले आफ्नै आमासंग पनि एकान्तमा न वसोस् । किन भने 'पुत्रीकृतोऽपि प्रद्युम्नः कामितः शंवरस्त्रिया,[१०३।६ विष्णुपर्व]

---

[१] पुष्पं दृष्ट्वा फलं दृष्ट्वा दृष्ट्वा योषितयौवनम् ।
त्रीणि रत्नानि दृष्ट्वैव कस्य नोच्चलते मनः ॥

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fund

अर्थात् शंवरासुरकी स्त्री मायावतीले पुत्ररूपमा पालन गरिएका प्रद्युम्नसित एकान्त सम्वन्ध राख्न चाहेकी थिई । प्रद्युम्नलाई सूतिकागारवाट शंवर राक्षसले हरेर लगेको कुरा भागवत्, विष्णु-पर्व आदिमा प्रसिद्ध छ । मायावतीको अतिचारलाई आक्षेप गर्दै प्रद्युम्न भन्दछन् ।

"मातृभावं व्यतिक्रम्य किमेवं वर्तसे ऽ न्यथा ।"

वैदिक वाङ्मयले ब्रह्मचर्यको महिमा महनीय रूपमा गाएको छ । 'ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत' यो अथर्वांशले देवताको मृत्युमाथि विजय प्राप्त गर्नुमा ब्रह्मचर्य र तपस्या कारण मानेको छ भने इन्द्रले स्वराज्य प्राप्त गर्नमा पनि ब्रह्मचर्य नै सहयोगी वताइएको छ । सांसारिक पद पदार्थको अतिरिक्त ईश्वर ज्ञानको लागि पनि ब्रह्मचर्य नै कारण भएको कुरा 'यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति' 'सम्यग्ज्ञानेन ब्रह्मचर्येण नित्यम्' आदि उपनिषत् वाक्यले व्यक्त गरेका छन् । 'मृत्युमुपाघ्नत' यस वाक्यको स्पष्टीकरण गरिंदै शतपथ ब्राह्मणमा भनिएको छ कि ब्रह्माजीले आफूले सृष्टि गरेका सबै प्रजालाई मृत्युको अधीन गरी ब्रह्मचारी-लाई भने त्यसवाट मुक्त राखेका थिए । त्यसैले परवर्ती शास्त्रकारहरूले पनि भने-

मरणं बिन्दुपातेन जीवनं बिन्दुधारणात् ।
तस्मात् सर्वप्रयत्नेन, कुरुते बिन्दुधारणम् ।।

(योगशास्त्र)

युधिष्ठिरले गरेको ब्रह्मचर्य सम्वन्धी प्रश्नको उत्तरमा भीष्म भन्छन्-राजन्! दानको प्रतिफल हो धन, मौनको फल हो आज्ञा पालन, र तपस्याको फल विविध किसिमका उपभोग्य वस्तु हुन् भने ब्रह्मचर्यको फल हो दीर्घजीवित्वः 'ब्रह्मचर्येणजीवितम्' ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n. Public Domain. Digitization by eGangotri.Funding

आयुर्वेद शास्त्रमा धातुपरिवर्तनको प्रक्रिया देखाइएको छ । त्यसअनुसार खाएका वस्तुहरूवाट रस वन्दछ, रसवाट रक्त, रक्तवाट मांस, मांसवाट मेद (वसा) मेदवाट अस्थि, अस्थिवाट मज्जा र मज्जावाट अन्तिम रूपमा शुक्र अर्थात् धातु वन्दछ । यस प्रक्रिया अनुसार शुक्र सातौं धातुमा पर्दछ । नैष्ठिक ब्रह्मचर्यबाट शुक्र यस भन्दापनि अगाडिको स्थितिमा पुग्दछ, जसलाई ओजको अवस्था भन्दछन् । योगसूत्रमा 'ब्रह्मचर्यप्रतिष्ठायां वीर्यलाभ:' भनेर ब्रह्मचर्यको फलरूप अर्थमा प्रयोग भएको वीर्य शब्द पनि ओजकै पर्यायवाचक हो । 'ओजस्तु तेजो धातूनां शुक्रान्तानां परं स्मृतम्' अष्टाङ्गहृदयको यस कथनले शुक्रको चरम फल ओज नै वताइएको छ । प्रसङ्गअनुसार ओजका विभिन्न अर्थ हुन सक्छन् तर यहाँ वृषण ग्रन्थिको अन्त: स्रावलाई नै ओज शब्दले ग्रहण गरेको पाइन्छ । अन्त:स्राव र वहि: स्रावको भेदले स्राव दुई प्रकारको मानिन्छ । त्यसमा अन्त: स्राव कतै एकत्र हुने र शरीर वाहिर उत्सर्गित पनि हुँदेन । यो उत्पन्न हुन थालेपछि वरावर रक्तमा मिश्रित भएर संपूर्ण शरीरमा फैलिन्छ । वहि:स्राव चाहिं स्त्रीसम्पर्क, स्वप्नदोष वा अप्राकृत मैथुनद्वारा शिश्न मार्गवाट वाहिर निस्कन्छ । वृषण ग्रन्थिहरूमा अन्त:स्राव र वहि:स्राव उत्पन्न गर्ने कोशिकाहरू पनि भिन्न भिन्न किसिमका हुन्छन्, तर पनि यिनीहरूमा परस्परको सम्वन्ध कायमै रहन्छ ।

त्यसैले शुक्रोत्पादक कोशहरू वढी प्रवृद्ध र विकसित भए भने अन्त:स्रावका कोशहरू क्षीण हुन्छन्, अनि शुक्रोत्पादक कोशहरू क्षीण भए भने अन्त:स्रावोत्पादक कोशहरू वढी विकसित हुन्छन् । क्रियात्मक वृद्धिवाट कोशवृद्धि हुने र कम हुँदा क्षीण हुने प्रक्रिया जारी रहन्छ । अतएव अन्त:स्रावलाई सशक्त या सवल राख्न वहि:स्राव कम हुनु वान्छनीय ठहर्छ । अधिक सम्पर्क हुँदा

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri. Funded

वहिःस्रावको आधिक्यले शरीर क्षीण या कमजोर रहन्छ यसको विपरीत ब्रह्मचर्य पालनवाट शुक्रोत्पादक कोशहरूको काम कम हुन्छ र नैष्ठिक ब्रह्मचर्य पालनवाट त अन्तःस्रावको मात्रा वढ्ने हुँदा झन् वढी फाइदा हुन्छ ।

सनातन वैदिक धर्म मार्गमा वौद्ध, जैन, आर्यसमाजको कतिपय कुरामा वैमत्य रहे पनि ब्रह्मचर्यको सम्वन्धमा भने सवैको ऐकमत्य पाइन्छ । 'एकतश्चतुरो वेदा ब्रह्मचर्यं तथैव च' भन्ने जिन धर्मको कथनले एकातिर चारै वेद र एकातिर ब्रह्मचर्यलाई राखेर समानरूपमा तुलना गरेको छ भने अर्को अंशले सवै पाप र मद्यपानलाई एकै गनेको छ

एकतः सर्वपापानि मद्यपानं तथैकतः ।

उपर्युक्त २–४ उदाहरणवाट के बुझ्न सकिन्छ भने वीर्य प्रकृतिप्रदत्त एक अत्युत्तम धातु हो, जसको संरक्षण र संवर्धनवाट जीवन वडो सुरक्षित एवं सवल वन्दछ ।

यसरी सैद्धान्तिक दृष्टिले ब्रह्मचर्यको महिमा पक्षरूपवाट प्रस्तुत गर्दा व्यावहारिकरूपमा यसले कत्तिको प्रभाव कायम राख्न सकेको छ त्यतातिर पनि ध्यान दिनु जरूरी हुन्छ । किन भने कुनै पनि चीजको सैद्धान्तिक रूप मात्र महत्वशाली भएर समाजले त्यसवाट लाभ लिन सक्दैन त्यसको लागि आवश्यक छ सामाजिक रूपको उपयोग । सामाजिक रूपको उपयोगवाट नै कुनै पनि वस्तुको व्यावहारिकता आंकन सकिन्छ । यसरी व्यावहारिकरूपको उपयोगिता सम्वन्धलाई लिएर भन्ने हो भने आज भोलिको समय ब्रह्मचर्यको लागि प्रतिकूल मात्र नभएर उपहास्यास्पद पनि वनेको कुरालाई अपलाप गर्न सकिन्न । किन भने आज भोलिको जनजीवनमा सामाजिक मर्यादा भनौं या नैतिकताको अंश ह्रासोन्मुख

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

हुँदै गएको देखिन्छ । राष्ट्रिय रूपमा भनौं या सामाजिक रूपमा पनि नैतिकताको कुनै मूल्य रहेको पाइन्न । त्यसैले नैतिकता अव वर्गगत वा जातिगत गुण नभएर एकदम व्यक्तिगत गुण वन्न पुगेको छ । कतिपय सामाजिक मर्यादाका स्वरूप वदलिएका छन् भने कतिपयको परिभाषा फेरिएको छ । यसो भएकोले पनि आज नैतिकता के हो भन्ने कुरामा धरमर परेको छ । नैतिकता के हो ? यस प्रश्नको निर्विवाद उत्तर दिन सजिलो छैन, तर यस प्रश्नको एक सही उत्तर सम्भव छैन भन्ने कुरा चाहिं होइन । किन भने शरीर, मन र वचनले गरिने चिताइने र वोलिने कुरामा एक किसिमको नियन्त्रण स्वीकार गर्नु, मर्यादा विशेषलाई मान्नु नै नैतिकता हो मर्यादाको परिपालन हो । कुनै नियम विशेषको स्वीकृतिविना बृह्मचर्यको प्रतिपालन सम्वन्धी प्रश्नै उठ्तैन अनि बृह्मचर्यको प्रश्न उठ्छ भने त्यहाँ भूमिका रूपमा कतिपय नियमवद्धता वा मर्यादा पालन स्वत अन्तर्निहित हुन आउँछ । यसरी बृह्मचर्यले आफ्नो अस्तित्वसिद्धिका निमित्त एक परिवेशको सीमा अङ्कित गर्दछ ।

आज–भोलि ब्रह्मचर्यको परिपालन आवश्यक मानिन्छ मानिदैन भन्ने प्रश्न पनि व्यक्तिगत रूपको प्रश्न हुन गए जस्तो लाग्छ । किन भने ब्रह्मचर्यको परिपालनका निमित्त जुन किसिम-को वातावरण प्राचीनकालमा थियो त्यो आज छैन र नैष्ठिक ब्रह्मचर्यका सबै अङ्गको परिपालन आजको समाजमा अत्यन्त दुष्कर कृत्य वनेको छ । पहिलेको समाजमा पुरुषशिक्षा तोकिए-का क्षेत्र-विशेषमा सीमित हुन्थे र नारी शिक्षा सम्पन्न समाजमा अल्पमात्रामा लागू हुन्थ्यो अभिभावककै रेख–देखमा । आजको जमानामा नर र नारी दुवैका निमित्त एकै किसिमको शिक्षा समान रूपमा स्वीकार गरिएकोले अव कतिपय क्षेत्रविशेषमा ती दुवैको शिक्षणव्यवस्था अलग रूपमा संचालित भए पनि सवै ठाउँमा

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fund

त्यस किसिमको प्रवन्ध असम्भवप्राय वनेको छ। अवका नारी घर आंगनका चूल्हो चौको सिंगार्ने र आदर्शमयी आमा एवं पतिव्रता पत्नी वनेर सीमित क्षेत्रमा आवद्ध रहने रूपका छैनन्। त्यसैले अवको शिक्षा दीक्षा, जीवन धान्ने पेशारूप कलकारखाना, अड्डा अदालत, खेती पाती, खेलकूद मनोरञ्जन आदि सबै ठाउँमा नरको जस्तै नारीको प्रवेश स्वाभाविक र अनिवार्य पनि भएको पाइन्छ। उक्त स्थलमा सहवर्ती रूपले गरिने व्यवहारवाट ब्रह्मचर्य पालनमा धक्का परेको मान्न अव नसकिने र नहुने पनि भएको छ। यसवाट अव ब्रह्मचर्यको परिपालन सम्वन्धी नियम विवादास्पद, अव्यावहारिक एवं उपहास्यास्पद पनि वन्न जालाकि भन्ने कुरा मैले शुरूमै केही व्यक्त गरेको हुँ। खुला विज्ञापन, वढ्दो प्रसाधन, निर्वाङ्ग प्रदर्शन र मनमोजी चिन्तनले आजका युवक युवतीबाट ब्रह्मचर्यको धज्जी उडेको कुरा ज्ञात हुन्छ। तव यसरी सामाजिक रूपमै भने जस्तो उपेक्षित विषयमा केही लेखेर समयको वर्वाद र समझदारीको कमी किन दर्शाउने ? भन्ने प्रश्न पनि मेरो मनमा न उठेको होइन, तर पनि मैले यसै विषयमा दुई–चार शब्द कोर्ने हिम्मत गरें। यसो गर्नुमा पनि आफ्नै आन्तरिक प्रेरणा र इच्छा कारण रहेका छन्। किनभने बृह्मचर्य भन्ने यस्तो विषय हो जसको महत्त्व कहिल्यै पनि न्यूनरूपको मान्न सकिंदैन, कोही मान्छ भने त्यसले यसको महत्त्व बुझेको ठहरिंदैन। उपर्युक्त परिस्थिति न मिल्नुवाट कुनै महत्त्वशाली चीजको अनुसरण वा अवलम्वन गरिंदैन भने त्यसवाट हुने फाइदावाट पनि वञ्चितै रहनुपर्छ। नैष्ठिक ब्रह्मचर्यको कुरा अर्कै हो, जसको परिपालन आजको जवानामा अति दुष्कर छ भने पहिले पनि कम कठिन कुरा थिएन। तर गार्हस्थ्य ब्रह्मचर्यको महत्त्व आज पनि संझन र व्यवहारमा ल्याउन सर्वथा न सकिने स्थिति छैन। हो यसलाई व्यक्तिको इच्छामा मात्र न छोडेर शिक्षाको अङ्गरूपमा पनि

al Sanskrit University, Balmeeki Campus, Kathm

...Domain. Digitization by eGangotri.Funding

संझाउने बुझाउने गर्नुपर्छ। परिवार नियोजन जस्ता संस्थाले वीर्य निरोधको मुख्य साधन ब्रह्मचर्यको महत्ता सामाजिक रूपमा संझाउनुको सट्टा कृत्रिम साधनको प्रयोगबाट उल्टो नदी बगाउने काम मात्र गरेको देखिन्छ। कुनै कुरा पनि प्रकृति अनुकूल रूपमा समाधान हुन्छ भने त्यसमा विपरीत मार्गको अनुसरण गर्नु हितकर कुरा ठहर्दैन। यतिखेर पक्ष र विपक्षरूपमा बृह्मचर्य बारे यत्ति कुरा भनी यसबाट विश्राम लिइन्छ।

धर्म्यं यशस्यमायुष्यं लोकद्वयरसायनम्।
अनुमोदामहे ब्रह्मचर्यमेकान्तनिर्मलम्॥

[अष्टाङ्गहृदय]

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Funda

सुमतितन्त्रको केही परिचय

नयराज पन्त

सहायक – देवीप्रसाद भण्डारी

दिनेशराज पन्त

द्वादशारं नहि तज्जराय वर्वर्ति चक्रं परि द्यामृतस्य ।
आ पुत्रा अग्ने मिथुनासो अत्र सप्त शतानि विंशतिश्च
तस्थुः ।।११।।

(ऋग्वेद २, अष्टक ३ अध्याय १५ वर्ग)

[पाङग्रो एक घुमीरहन्छ नअडी, डण्डी त्यहाँ बाह्र छन्,
जोडी सप्तशती र बीस त्यसको घेरामहाँ बस्दछन् ।
त्यो थोत्रिन्न कदापि, सत्य छ तथा आकाशमा आश्रय
आफ्नो गर्दछ, यो सबै भुवनको त्यै चक्र हो आश्रय ।।]

ग्रन्थप्राप्ति

ताडपत्रमा भुजिमोल लिपिले लेखिएको सुमतितन्त्र नाउँको एक ग्रन्थ नेपाल राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय चौथो ५७) मा छ । सो पुस्तकमा श्री३महाराज भीमशमशेर जङ्गबहादुर राणा१९८६ भन्ने छाप लागेको छ । यस कारण सो पुस्तक श्री ३ भीमको पालामा वीर पुस्तकालयमा आएको बुझिन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

कम्याण्डर इनचीफ भीमशमशेरलाई प्राचीन पुस्तक सङ्ग्रह गर्ने रुचि थियो र आफू राजा (श्री ३ महाराज) भएपछि पहिले आफूले सङ्ग्रह गरेका पुस्तक भीमशमशेरले वीरपुस्तकालयमा दिनुभयो, त्यसै क्रममा सुमतितन्त्र पनि वीरपुस्तकालयमा आएको हो भन्ने कुरा मैले विद्वच्छिरोमणि गुरुज्यू हेमराज र ऐतिहासिकशिरोमणि वावुराम आचार्यको मुखवाट सुनेको हुँ। भीमशमशेरले राजा भइसकेपछि सङ्ग्रह गर्नुभएका पुस्तक वीरपुस्तकालयमा नदिँदै उहाँको स्वर्गवास भएकोले ती पुस्तक हिनामिना भए भन्ने कुरा मैले ऐ. शि. ज्यूको मुखवाट सुनेको हुँ।

तन्त्रमन्त्रवाट सिद्धि पाइन्छ भन्ने विश्वास भीमशमशेरको हृदयमा भएकोले प्राचीन पुस्तक सङ्ग्रह गर्ने रुचि भीमशमशेरमा भएको हो भन्ने कुरा कवि वालकृष्ण समको लेखवाट बुझिन्छ–

१९८७ सालको वैशाख महीना थियो। म ढोकानेर उभिइरहेको थिएँ। भित्र वैठकमा भीम समशेरको सभा थियो, चाकरी पूर्णरूपले चलिरहेको थियो। त्यहाँ तन्त्रको धूमधामले प्रशंसा चल्यो। भीम समशेरले नेपालका प्राचीन समयका धेरै हस्तलिपि संग्रह गरेका थिए, त्यो सब उनले वीरपुस्तकालयलाई समर्पण गरें भनेर त्यहीं घोषित गरे। तन्त्रद्वारा मानिस उड्न सक्तछ, अजरामर हुन सक्तछ, शत्रुलाई मार्न सक्तछ, मरेकोलाई बचाउनेसम्म सक्तछ भन्ने कुरामा आफ्नो विश्वास प्रकट गर्दै भीम समशेरले भने–"यस्ता कैयौं पुस्तकहरू मेरो संग्रहमा छन्; त्यस्ता तान्त्रिकहरू हाम्रो देशमा थिए; त्यस्ता ग्रन्थ लेख्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.

पो लेख्ने, कविता सविता कथाकुथुंग्री लेखेर के काम लाग्छ ?"

[वालकृष्ण समको मेरो कविताको आराधन उपासना २ को १०३ पृष्ठ]

वि. सं. १९९५ मा म काशीवाट आएपछि हेमराजको दर्शन गर्न जाँदा उहाँले मलाई सुमतितन्त्रको विषयमा कुरा सुनाउनुभयो र त्यस पुस्तकको सम्पादन गर्ने काम तिमी पनि गर, त्यस पुस्तकलाई म प्रकाश गर्छु भनी भन्नुभयो। त्यो काम गर्न मलाई पनि मन लाग्यो। तर उस वेलाका वडादमीहरूको विश्वासपात्र वन्न चाहिने गुण ममा नभएकोले त्यस वेला सुमतितन्त्रको काम गर्न मैले पाइनँ। यस कुरालाई मैले अन्यत्र विस्तारपूर्वक लेखेको छु ★। काशीप्रसाद जायसवालको क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल् (नेपालको कालनिर्णय र इतिहास) भन्ने पुस्तक प्रकाश भएको छ भनी मैले यसैताका सुनें र प्रधानाध्यापक (पछि प्रधानाचार्य, सरदार तथा उपकुलपति) रुद्रराज पाँडेसँग मागी सो पुस्तक मैले हेरें। त्यस पुस्तकका ३३–३८ पृष्ठमा वीरपुस्तकालयमा रहेको सुमतितन्त्रको विषयमा लेखिएको छ र सो पुस्तकका ३४–३५ पृष्ठको वीचमा सुमतितन्त्रका इतिहासोपयोगी २ पत्रको तसवीर पनि छापिएको छ। त्यहाँ जायसवालले राजगुरु हेमराज शर्मावाट सुमतितन्त्रको विषयमा मैले थाहा पाएको हुँ

★ धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयमा छापिएको मेरो उपोद्घातको म गोवरगणेश वनेछु भन्ने प्रकरण (उपोद्घातका २४–३३ पृष्ठ)।

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

भनी लेखेका छन् ●। यतावाट सुमतितन्त्रको विषयमा मेरो चाख अझ वढ्यो । सुमतितन्त्र हेर्ने मलाई उत्कट इच्छा भयो । खरीदार वावुराम आचार्यले वीरपुस्तकालयका हाकिम पण्डित गुणनाथ भट्टराईसँग भनी सो पुस्तक मलाई देखाइदिनुभयो । अलिकता भाग मैले सारें । परन्तु एक दुइ दिनभन्दा वढ्ता सो पुस्तक मैले हेर्न पाइनँ । खरीदार वाजेलाई त वीरपुस्तकालयको ढोका आधा वल्ल वल्ल खुले जस्तो थियो ☞। खरीदार वाजेको मान्छे मैले यसभन्दा वढ्ता सुविधा पाउनु असम्भव नै थियो ।

पञ्चसिद्धान्तिकाको विषयमा मलाई त्यस वेला केही ज्ञान थियो । पञ्चसिद्धान्तिकामा वराहमिहिरले सूर्यसिद्धान्तका जुन भगणादि दिएका छन्, तिनै भगणादि सुमतितन्त्रमा पनि छन् भन्ने कुरा मलाई राम्रो ज्ञान भयो । सुमतितन्त्र नेपालमा पाइएको हुनाले नेपालको प्राचीन पञ्चाङ्ग यहीअनुसारको हुँदो हो भन्ने कुरो मेरो मनमा चढ्यो र त्यसअनुसार पञ्चाङ्ग गन्न हुने सारणी वनाउन म लागें । केही सारणी वनाएँ पनि । तर सुमतितन्त्र फेरि हेर्न नपाइने भएको र ममा अनुभवहीनता र सहायकहीनता पनि भएकोले मैले सो सारणी पूर्ण वनाउन सकिनँ ।

वि. सं. २००० सम्म हेमराजको ज्यौतिषविषयको काम मेरा मातामह पण्डित भुवननाथ पाँडे गर्नुहुन्थ्यो । त्यस वर्ष मेरा मातामहको स्वर्गवास भएकोले वि. सं. २००१ देखि सो काम मैले गर्नुपर्‍यो । स्वयंसेवकको रूपमा सो काम मैले

● पूर्णिमा २८ अङ्कमा छापिएको गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूका विचार भन्ने मेरो निबन्ध, सो अङ्कका २३३–२३७ पृष्ठ ।

☞ पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध, सो अङ्कको १३४ पृष्ठ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fun...

आफ्नो बुद्धिवर्गतले भ्याएसम्म गरें । त्यसको पुरस्कार-स्वरूप हेमराजको पुस्तकालयका छापा पुस्तक स्वेच्छापूर्वक हेर्न म पाउने भएँ ~ । हेमराजजी ज्यौतिषविषयको काममा (आफ्नो घरायसी कुरामा पनि दरवारिया कुरामा पनि) मसँग परामर्श लिनुहुन्थ्यो । चलतीका मुहूर्तचिन्तामणि आदिका वचनकै आधारमा निर्णय गरिएका कुरावाट पनि आफ्नो घरायसी कुरामा उहाँ सन्तुष्ट हुनुहुन्थ्यो । तर दरवारिया कुरामा धेरै किसिमवाट विचार गर्नुपर्थ्यो । त्यसका लागि धेरै ग्रन्थहरू हेरी निर्णय गर्नुपर्थ्यो । हेमराजको यही इच्छा तथा कडा निर्देशन थियो । छापा पुस्तकले नभ्याएमा अप्रकाशित हस्तलिखित पुस्तक पनि हेरी काम गर्नुपर्थ्यो । हस्तलिखित पुस्तक राखेको कोठामा मेरो प्रवेश थिएन। फलानो पुस्तक चाहियो भन्नेबित्तिकै हेमराजजी आफैं गएर ती पुस्तक ल्याई अगाडि राखिदिनुहुन्थ्यो । कहिले प्रधानाध्यापक (पछि प्रधानाचार्य, नेपाल एकेडेमीका सदस्य तथा पण्डितराज) श्रीगुरु सोमनाथ सिग्द्याल, कहिले पण्डित मुकुन्दराज पन्त, कहिले दुर्गादेव पाँडे (प्राध्यापक साम्बदेव पाँडेका पिता) द्वारा ती पुस्तक हेमराजजी मगाउनुहुन्थ्यो । भनेको वेलामा पुस्तक नपाई काम अड्कने कुरा हेमराजकहाँ हुँदैनथ्यो । विदेशी विद्वान् आएका वेलामा त हेमराजका कोठाभर हस्तलिखित पुस्तक फिँजिएका मैले देखेको छु ।

एक दिन यस्तै काममा हेमराजकहाँ जाँदा काम सिद्धिएपछि हेमराजले शास्त्र-चर्चा चलाउनुभयो । यही प्रसङ्गमा मैले हजुर-कहाँको सुमतितन्त्र हेर्न पाऊँ भनी विन्ती गरें। ए काहिलावाजे, यिनले भनेको पुस्तक ल्याइदेऊ भनी दुर्गादेव पाँडेलाई उहाँले अह्राउनुभयो । आधा घण्टा जतिपछि आई दुर्गादेवले सो पुस्तक पाइएन

~ पूर्णिमा १९ अङ्कमा छापिएको पञ्चाङ्ग-संशोधनको संक्षिप्त इतिहासको उत्तरार्द्ध भन्ने मेरो निबन्ध, सो अङ्कको २२६ पृ. ।

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

भनी भन्नुभयो। यिनले पुस्तक चिनेनन्, म हिँड्न सक्तिनँ, के गर्ने भनी हेमराजले भन्नुभयो। यस घटनावाट हेमराजका हस्तलिखित पुस्तक हेर्ने योग्यता मसँग रहेनछ भन्ने कुरा मैले सम्झेँ र त्यस विषयको उद्योग छोडिदिएँ।

नेपालमा प्रजातन्त्र आयो। वीरपुस्तकालयको ढोका खुल्यो। सुमतितन्त्र अलिकति हेरेँ। उमेर चढ्दै गएको र अरू कुनै उपाय नपाउँदा अलिकति विद्या त अडिहालोस् भनी म इतिहास-संशोधन चलाउने उद्योगतिर लागेँ। आँखाको शक्ति पनि कम हुँदै गयो। धेरै मिहिनेत गरी आँखाले काम गर्न आँखाका विशेषज्ञले निषेध पनि गरे। यस कारण ताडपत्रवाट सुमतितन्त्रको पाठ सार्ने काममा मैले आँट गर्न सकिनँ।

हेमराजजीको पुस्तकालय राष्ट्रिय पुस्तकालय भई सबैका लागि खुला भयो। त्यहाँका कर्मचारी नानी नयनाथ पौडेल (अहिले एम्. ए. तथा वीर अस्पतालका शाखाअधिकृत) ले त्यहाँ रहेको सुमतितन्त्रवाट ताडपत्रका हिसावले ३५ पत्रसम्म सारी वि. सं. २०२० तिर मलाई दिए। तर मैले विशेष काम गर्न सकिनँ।

वीरपुस्तकालयका पुस्तक र राष्ट्रिय पुस्तकालयका हस्तलिखित पुस्तक मिली नेपाल राष्ट्रिय अभिलेखालय वन्यो। पञ्चाङ्ग-संशोधनको काममा वि. सं. २०२४-०२५ मा दिनहुँ राष्ट्रिय अभिलेखालयमा म जान्थेँ। त्यस वेला मैले गुरुज्यू हेमराजको सुमतितन्त्र हेर्न पाएँ। नेपाली पाको कागतमा देवनागरी लिपिमा सो पुस्तक लेखिएको रहेछ। त्यही पुस्तकवाट सारी नयनाथले ल्याएका हुन्। पण्डित हरिकृष्ण पन्त (प्राध्यापक वोधराज पन्तका पिता) द्वारा हेमराजले सो पुस्तक सार्न लाउनुभएको हो भन्ने कुरा मैले वावुराम आचार्यवाट सुनेको थिएँ। सो पुस्तकमा वावुराम आचार्यले ठाउँठाउँमा आफ्नो हस्ताक्षरले टिप्पणी लेख्नुभए-

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fund

को रहेछ✧ । हेमराजको हस्तलिखित पुस्तकमा उहाँको आज्ञा-विना कसैले हात हाल्न सक्तैनथ्यो । त्यस कारण हेमराजले वाबु-रामद्वारा सो पुस्तक सम्पादन गराई प्रकाश गराउने इच्छा गर्नु-भएको रहेछ र वाबुराम पनि त्यस काममा तम्सिनुभएको रहेछ भन्ने मैले सम्झेँ । पछि के घटना भयो र सो काम रोकियो, यस विषयमा मलाई केही ज्ञान छैन । वाबुरामलाई मैले सुमतितन्त्रको काम लाएको थिएँ भन्ने कुरा हेमराजले मसँग कहिले गर्नुभएन । सुमतितन्त्रको विषयमा मैले काम गरेको थिएँ भन्ने कुरा वाबु-रामले पनि कहिले गर्नुभएन ।

ताडपत्रमा रहेको अशुद्ध पाठ शुद्धयाउने इच्छाले र कहीँ-कहीँ भ्रमवश पनि ताडपत्रको पाठभन्दा देवनागरी लिपिको पाठ केही फरक पर्न गएको छ । यस्ता फरक हरेक पत्रमा भेटिन्छन् । उदाहरणका लागि तीन चारवटा उदाहरण तल दिइन्छन्–

ताडपत्रको पाठ

त्वं ब्रह्मा त्वञ्च रुद्र त्वं विष्णुस्त्वं च प्रजापतिः ।
सृष्टिसंहारकर्त्ता च नादबिन्दु सदाशिवः ।
सर्व्वतत्वतथा देवं सर्व्वव्यापी नमो नमः।
अक्षराक्षर त्वन्देव मन्त्रशक्तिश्च त्वन्नमः ।

✧वि. सं. २०१७ मा वीरपुस्तकालयबाट प्रकाशित नेपालराजकीय-वीरपुस्तकालयस्थपुस्तकानाम् बृहत्सूचीपत्रम् १ भागका २२९–२३० पृष्ठमा सुमतितन्त्रको परिचय छापिएको छ ।

वि. सं. २०२४ आश्विनमा पुरातत्त्वविभागबाट प्रकाशित प्राचीन नेपाल १ अङ्कका ५–१० पृष्ठमा पं. देवीप्रसाद लंसालको सुमतितन्त्रनामक निबन्ध छापिएको छ । वाबुरामजीको टिप्पणीको छाप त्यसमा परेको देखिन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

पञ्चब्रह्म त्वया देवं पञ्चभूताय त्वन्नमः ।
भोगमोक्षकरन्देवं सर्वस्वं त्वं नन्नमो नमः।।

[१ ख पत्र]

कागतको पाठ

त्वं ब्रह्मा त्वञ्च रुद्रस्त्वं विष्णुस्त्वञ्च प्रजापतिः ।।
सृष्टिसंहारकर्ता च नादबिन्दु सदाशिवः ।।
सर्वतत्त्वतया देव सर्वव्यापी नमो नमः ।।
अक्षराक्षर त्वन्देव मन्त्रशक्तिश्च त्वन्नमः ।।
पञ्चब्रह्म त्वया देवं पञ्चभूताय त्वन्नमः ।।
भोगमोक्षकरन्देवं सर्वस्वं त्वं नमो नमः ।।

[१ ख पत्र]

ताडपत्रको पाठ

पृथुलं पृथुः खं नग्नं बिन्दुनामनिमेव च ।
आश्यं मुखञ्च रूपञ्च वदनं लपनस्तथा ।

[४ ख पत्र]

कागतको पाठ

पृथुलं पृथुः खं नग्नं बिन्दुनाम्नालमेव च ।।
अग्यं मुखञ्च रूपञ्च वदनं लपनं तथा ।।

[५ क पत्र]

ताडपत्रको पाठ

ऋक्षेशश्चन्द्रमा सोमः शीतांशु शशभृत् शशि ।
शशाङ्कोडुपतिरुर्व्या इन्दुश्च रजनीकरः ।

[४ ख पत्र]

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Funde

कागतको पाठ

ऋक्षेशश्चन्द्रमा सोमः शीतांशु शशच्छशी ।।
शशङ्कोडुपतिरुर्व्या इन्द्रश्च रजनीकरः ।।

[५ क पत्र]

ताडपत्रको पाठ

अधिमासोनरात्रश्च संविशेषश्च ग्राहयेत् ।
अधिमासावशेषश्च साधिमासं प्रयोजयेत् ।

[१० क पत्र]

कागतको पाठ

अधिमासोनरात्रसंविशेषश्च
सोधिमासं प्रयोजयेत् ।।

[११ ख पत्र]

अहिले त्रिभुवन–विश्वविद्यालय संस्कृत–अध्ययनसंस्थानका पीठाध्यक्ष पण्डित अम्बिकाप्रसाद अधिकारीको सुदृष्टि यतातिर पर्न आएकोले सुमतितन्त्रको सम्पादन गर्ने काम हामीले पायौं । ताडपत्रमा रहेको जस्ताकोतस्तो पाठ प्रकाश गरी त्यसको प्रतिसंस्कृत पाठ पनि प्रकाश गर्दा विद्वान्हरूलाई संशय रहोइन भन्ने सम्झी हामीले त्यसो गर्ने विचार गर्‍यौं । नानी दिनेशराज पन्तले अभिलेखालयमा गई ताडपत्रको यथास्थित रूप सारी ल्याउने काम गरे । सो पाठलाई साफी गर्ने काम नानी देवीप्रसाद भण्डारीले गरे । अहिले सो पुस्तक हाम्रो अगाडि छ ।

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

ग्रन्थपरिचय

ताडपत्रको सो पुस्तकमा जम्मा १५२ पत्र छन् । १४३ पत्रसम्म पत्रसङ्ख्या देखिन्छ । अरू पत्रमा पत्रसङ्ख्या देखिँदैन । एउटा पत्रमा पत्रसङ्ख्या १६२ (?) देखिन्छ । यी पत्र १४ $\frac{७}{१०}$ अङ्गुल लामा र २ $\frac{८}{१०}$ अङ्गुल चौडा छन् । ताडपत्रका दुवै पृष्ठमा भुजिमोल लिपिले लेख लेखिएको छ । एक पृष्ठमा घटीमा ५ पङ्क्ति र वढीमा ७ पङ्क्ति छन् । पङ्क्तिपिच्छे घटीमा ३६ अक्षर र वढीमा ५६ अक्षर छन् । ६२ पत्रसम्म एकथरी हस्ताक्षर, ६३ पत्रदेखि अर्कैथरी हस्ताक्षर छन् । ६२ पत्रसम्म पत्रसङ्ख्या अक्षराङ्कमा छ । ६२ पत्रसम्म पनि गणित गर्दा भने अक्षराङ्क छैन ।

ताडपत्रको पछिल्लो भाग लेखिएको स्थान तथा समय

ताडपत्रको पाठ

ॐ अद्य: वाराहकल्पे वैवस्वतमन्वन्तरै । कलौ युगै, भरतखण्डै, जाम्बूदीपे । हिमवन्तपार्श्वै आर्यावर्तदेशै पुण्यभूमौ । वाग्मतीदक्षिणकुले वाभ्वकीक्षेत्रे पशुपतिस- -ने श्रीमच्छीनेपालपत्तने ।। शुभमस्तु सर्वजगता: ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding

नेपालाब्द शरछिद्रवेदं
पोषाशितापक्षत्रिदशैतिथौ यं
२माराध्यमारम्भमादिवारं
नेऋत्यृशमृक्षं योग ध्रुवं वरं ।।

शुभ◆

[ताडपत्रको अन्तिम भाग । यहाँ पत्रसङ्ख्या लेखिएको छैन]

प्रतिसंस्कृत पाठ~

ॐ अद्य वाराहकल्पे वैवस्वतमन्वन्तरे कलौ युगे जम्बूद्वीपे भरतखण्ड आर्यावर्तदेशे हिमवत्पार्श्वे पुण्यभूमौ वाग्वतीदक्षिणकूले वासुकिक्षेत्रे पशुपतिसन्निधाने श्रीमति नेपालपत्तने लिखितम् । शुभमस्तु सर्वजगताम् ।

शराऽङ्कवेदै४९५स्तुलिते नेपालाभिधवत्सरे ।
पौषे कृष्णे त्रयोदश्यां रवौ निर्ऋतिभे ध्रुवे ।।
द्विरारम्भात् प्रतिलिपेर्ग्रन्थोऽयं पूर्णतामगात् ।

[वाराहकल्पमा, वैवस्वत मनुको पालामा, कलियुगमा, जम्बूद्वीपमा, भरतखण्डमा, आर्यावर्तमा, हिमालयको नजीकमा, पशुपतिको नजीकमा, वासुकिक्षेत्रमा, वाग्वतीको दक्षिण किनारमा, पुण्यभूमि नेपालपत्तनमा सारियो । सबै जगत्को कल्याण होस् ।

दोस्रो पटक सारिन थालिएको यो ग्रन्थ ने. सं. ४९५ (वि. सं. १४३१) पौषकृष्णत्रयोदशी आदित्यवार मूल नक्षत्र ध्रुवयोगमा सारिसिद्धियो ।]

◆ प्राचीन नेपाल १ अङ्कमा प्रकाशित देवीप्रसाद लंसालको सुमतितन्त्र भन्ने निबन्धमा र शङ्करमान राजवंशीको लिच्छवि-संवत्को निष्कर्षको २९ पृष्ठमा पनि यो भाग छापिएको छ ।

~ प्रतिसंस्कृत पाठ अहिले हामीले तयार गरेका हौं ।

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ४९५ (वि. सं. १४३१) पौषकृष्ण (पूर्णान्तिमानले माघकृष्ण)

गते	वार	तिथि घडी पला	नक्षत्र घडी पला	योग घडी पला
माघ ५	आदित्य	त्रयोदशी ५२।२८	ज्येष्ठा ६।१३	ध्रुव ३०।२

ज्येष्ठाको घट्यादि ६।१३ उप्रान्त मूल नक्षत्रमा यो ग्रन्थ सारिसिद्धिएको देखिन्छ ।

वाग्वतीको दक्षिण किनारामा रहेको नेपालको शहरमा पशुपतिको नजीकै भनी लेखिएकोले यो पुस्तक पाटनमा वि. सं. १४३१ माघ ५ गते सारिसिद्धिएको देखिन्छ ।~

ताडपत्रको पछिल्लो भागका लिपिकरका राजा

वि. सं. १४३१ माघ ५ गते पाटनमा सुमतितन्त्र सारिसिद्धिएको हो भनी माथिका कुरावाट सिद्ध भएको छ । तर त्यस वेला यहाँ को राजा थिए भनी सुमतितन्त्रमा उल्लेख गरिएको

~ वि. सं. १४१२ मा नेपालमै सारिएको सुमतितन्त्रको अर्को प्रति ब्रिटिश म्यूजियमको ३५६४ सङ्ख्यामा छ । [सेसिल बेन्डालको क्याट्अलग् अफ् द स्यान्स्क्रिट् म्यानुयुस्क्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजीअम् (ब्रिटिश म्यूजियममा रहेका संस्कृत हस्तलिखित गून्थको सूची) का १९३–१९४ पृ., काशीप्रसाद जायसवालको क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्का ३८–४० पृ., इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७–२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेकको द क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध]

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fund

छैन । त्यस कारण यस वेला नेपालखाल्डोमा को राजा थिए भनी विचार गर्नुपरेको छ ।

श्रीललितपुरे महानगरवरे श्रीकारण्डविहारलिविगृहाधिवासितः परमसौगतदानपतिनाथभारोकस्य यदत्र पुण्यम् . . . . . .

सम्वत् ४९४ चैत्रशुक्लचतुर्दश्यान्तिथौ उत्तरफल्गुनीपरहस्तनक्षत्रे ध्रुवयोगे सोमवासरे । राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयार्ज्जुनदेवविजयराज्ये श्रीतु।श्रीनाम्नेन स्वहस्तेन लिखितम् ।।

[वीरपुस्तकालय तेस्रो ३६० सङ्ख्यामा रहेको पञ्चरक्षाबाट । लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) को १२६ पृ.]

[ठूलो सहर ललितपुरको कारण्डविहारको लिविगृहमा बस्ने ठूला बौद्ध दानपति नाथभारोको जो पुण्य. . . .

संवत् ४९४ (वि. सं. १४३१) चैत्रशुक्ल चतुर्दशी सोमवार उत्तरफाल्गुनीउप्रान्त हस्तनक्षत्र ध्रुवयोगमा* राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयार्जुनदेवको विजयराज्यमा श्रीतुमश्रीले आफ्नै हातले सारिसिद्ध्याए ।]

यतावाट वि. सं. १४३१ वैशाख २ गते अर्जुनदेव पाटनका राजाको रूपमा देखिन आएका छन् ।

---

* यस दिनको गणना यस प्रकारको छ –

ने. सं ४९४ (वि. सं. १४३१) चैत्रशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
वैशाख २	सोम	चतुर्दशी	४७।९	उत्तरफाल्गुनी	८।३१	ध्रुव	६।३२

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

श्रीमतो नेपालमण्डले महाराजाधिराजपरमेश्वर-परमभट्टारकसमस्तप्रक्रियाविराजमानश्रीश्रीजयार्जुनदेवस्य विजयराज्ये लिखितमिदं स्वार्थपरार्थहेतुना। ललितपुरी-मानिगलोत्तरसोथन्निम: लुन्तराजेन स्वहस्तेन लिखितं।

सम्वत् ४९६ मार्ग्गशिरशुक्लनवम्यां। रेवतीनक्षत्रे वरियानयोगे। आदित्यवासरे लिखितं शुभेति ॥

(क्याम्ब्रिजविश्वविद्यालयपुस्तकालयको २११६ सङ्ख्यामा रहेको मुद्राराक्षसबाट। पेतेक १२६–१२७ पृ.)

[श्रीनेपालमण्डलमा महाराजाधिराज परमेश्वर परमभट्टारक सबै राजकीय अधिकारले सुहाएका श्रीश्रीजयार्जुनदेवको विजय-राज्यमा ललितपुर मानिगलको उत्तरतिरको सोथन्निममा बस्ने लुन्तराजले आफ्नो लागि र अरूको लागि आफ्नै हातले सारि-सिद्ध्याए।

ने. सं. ४९६ (वि. सं. १४३२) मार्गशुक्लनवमी आदित्य-वार रेवतीनक्षत्र वरीयान् योगमा* सारिसिद्धियो।]

यताबाट वि. सं. १४३२ पौष ५ गते अर्जुनदेव पाटनका राजाका रूपमा देखिन आएका छन्।

यस कारण जुन बेला सुमतितन्त्र पाटनमा सारिसिद्धियो, त्यस बेला अर्जुनदेव राजा थिए भन्ने सिद्ध हुन्छ।

---

* यस दिनको गणना यस प्रकारको छ–

ने. सं ४९६ (वि. सं. १४३२) मार्गशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
पौष ५	आदित्य	नवमी	२२।२१	रेवती	५८।१४	वरीयान्	३६।३४

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fund

सुमतितन्त्रको रचना भएको स्थान

अब सुमतितन्त्रको रचना भएको देश पत्ता लाउने काम थालिन्छ । त्यसका लागि पहिले केही कुरा वताइन्छ ।



यस आयतक्षेत्रमा पश्चिम पूर्व लमाइमा ८ कोठा छन् । दक्षिण उत्तर चौडाइमा ६ कोठा छन् । यस किसिमले यहाँ जम्मा ४८ कोठा छन् । दक्षिणवाट उत्तरतिर गन्दा चारौँ तथा पश्चिमवाट पूर्वतिर गन्दा पाँचौँ कोठा कुन हो भन्दा इ भन्ने कोठा तुरुन्त पत्ता लाग्छ ।

यसै गरी पृथ्वीमा पनि निरक्षदेशवाट सुमेरुसम्म ९० भाग तथा कुमेरुसम्म ९० भाग र रेखादेशवाट पूर्वतिर १८० भाग

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

तथा पश्चिमतिर १८० भाग गरी आफ्नो इष्टदेशलाई पत्ता लाउने सङ्केत ज्योतिषीहरूले कल्पना गरेका छन् । निरक्षदेशवाट उत्तरतिर वा दक्षिणतिर वढ्दै गएको अन्तरलाई अक्षांश र रेखादेशवाट पूर्वतिर वा पश्चिमतिर वढ्दै गएको अन्तरलाई रेखांश भन्ने नाम ज्योतिषीहरूले राखेका छन् । माथिको चित्रलाई पृथ्वीको चित्र हो भन्ने सम्भेमा ४ अक्षांश तथा ५ पूर्वरेखांश भएको देश कुन हो भन्ने प्रश्न गरेमा इ भन्ने देश तुरुन्त पत्ता लाग्छ । यस कारण सुमतितन्त्रकारले आफ्नो देशको अक्षांश तथा रेखांश कति दिएका छन् भन्ने कुरामा अव विचार गर्नुपरेको छ ।

ताडपत्रको पाठ

तृशतैर्पंक्रमघात भःक्त गोभद्रपर्च्चभिः ।
कुंज्या तु भवते लब्ध स्वदेशस्य प्रमानतः ।।

[६१ ख पत्र]

प्रतिसंस्कृत पाठ

शतत्रय३००घ्नी क्रान्तिज्या भक्ता गोभद्रपञ्च५८९भिः ।
अस्मिन् देशे भवेत् कुज्या

[क्रान्तिज्यालाई ३०० ले गुनी ५८९ ले भाग लिनू, यो देशको कुज्या हुन्छ ।]

$$कुज्या = \frac{क्रान्तिज्या \times ३००}{५८९}$$ यो समीकरण सुमतितन्त्रकारले दिए ।

$$कुज्या = \frac{क्रान्तिज्या \times अक्षज्या}{लम्वज्या}$$ कुज्या ल्याउने समीकरण यो हो ।

यस कारण $$\frac{३००}{५८९} = \frac{अक्षज्या}{लम्वज्या}$$ यो रूप वन्न आयो ।

$$\frac{अक्षज्या}{लम्वज्या} = \frac{पलभा}{१२}$$ हुन्छ । यस कारण $$\frac{पलभा}{१२} = \frac{३००}{५८९}$$

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fund

पलभा $\frac{३००\times१२}{५८९} = \frac{३६००}{५८९} = ६\frac{६६}{५८९} = ६.११२$

```
५८९) ३६०० (६.११२
     ३५३४
     ------
       ६६०          १२१०
       ५८९          ११७८
       ----         ----
       ७१०            ३२
       ५८९
       ----
```

```
  .११२
  × ६०
 ------
 ६.७२०
```

यति गणितवाट जुन देशमा सुमतितन्त्र वन्यो, त्यस देशको पलभा ६.११ देखिन्छ। सो देशको अङ्गुलात्मक पलभा ६।७ देखिन्छ।

पलकर्ण $= \sqrt{\text{पलभा}^२ + (१२)^२}$

$= \sqrt{(६.११)^२ + (१२)^२}$

$= \sqrt{३७.३३२१ + १४४}$

$= \sqrt{१८१.३३२१}$

$= १३.४६$

$\therefore$ पलकर्ण $= १३.४६$

```
६.११ वर्ग
 ------
  १२२१
  १२१
  ३६
 ------
 ३७.३३२१
```

पलभावर्ग

```
   १        १८१.३३२१ (१३.४६
   १        १
  ----      ----
  २३        ८१
   ३        ६९
  ----      -----
  २६४       १२३३
    ४       १०५६
  -----     ------
  २६८६       १७७२१
     ६       १६११६
  -----
  २६९२
```


al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

$$\text{अक्षज्या} = \frac{\text{पलभा} \times \text{त्रिज्या}}{\text{पलकर्ण}} = \frac{६.११ \times ३४३८}{१३.४६}$$

$$= \frac{२१००६.१८}{१३.४६}$$

$$= १५६१$$

$$\therefore \text{ अक्षज्या} = १५६१$$

```
   ३४३८
 × ६.११
   ३४३८
  ३४३८
२०६२८
२१००६.१८
```

```
१३४६) २१००६१८ (१५६१
      १३४६
       ७५४६
       ६७३०
        ८१६१
        ८०७६
         ८५८
```

यताबाट सुमतितन्त्र वनेको देशको अक्षज्या १५६१ देखिन्छ । सुमतितन्त्रमा अन्यत्र आफ्नो देशको अक्षज्या १५६१ स्पष्टसँग दिइएको पनि छ –

ताडपत्रको पाठ

प्रत्यायनाडिश्च शरेन्दुनाडिस्तयोन्तरं शेषहतस्तु प्राणैः जीवानुमानीय यथाक्रमेण । ज्यार्द्धं तु संयोज्य शरेन्दुहीनं प्रत्यायहीने तु विशोध्यपित्वा । एवं भवत्युत्क्रमसिञ्जनी या स्वाक्षाज्यामाहत्य यथाक्रमेण व्यासार्द्धभक्त फलचाप कुर्यात्

pal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fund

अक्षांशकज्या स भवेत्ततस्तु प्रत्यायनाडी च निशार्द्धपूर्वे
अक्षंशकज्या दिशि चोत्तरे स्यात् परे निशार्द्धे दिशि दक्षिण स्यात्

[९६ ख पत्र]

प्रतिसंस्कृत पाठ

प्रत्यायिकाख्याः शरभू१५घटीभ्यो विशोध्य शेषप्रभवाऽसुसिद्धा।
साध्या क्रमज्या त्रिभमौर्विकायाः शोध्या भवेदुत्क्रमशिञ्जिनी सा।।
प्रत्यायिकाश्चेदधिका भवेयुस्ताभ्यो विशोध्याः शरचन्द्र१५नाड्यः।
शेषक्रमज्या त्रिभजीवयाऽऽढ्या तदा भवेदुत्क्रमशिञ्जिनी च।।
स्वाक्षज्यकाघ्नी विपरीतमौर्वी त्रिज्याविभक्ता तदवाप्तचापम्।
निशीथतः प्राक् परतः प्रसिद्ध्येदुदग्यमाशं वलनं पलोत्थम्।।

ताडपत्रको पाठ

अक्षज्याकर्म्मे गुण १५६१ भाग ३४३८ ।।

(९८ ख पत्र)

प्रतिसंस्कृत पाठ

आक्षवलनकर्मणि गुणकः १५६१ भाजकः ३४३८ ।

[१५ घडीबाट प्रत्यायिकाघडी (घट्यादि) घटाउनू । शेषको असु बनाई क्रमज्या ल्याउनू । त्रिज्याबाट क्रमज्या घटाउनू । शेष प्रत्यायिकाको उत्क्रमज्या हुन्छ ।

प्रत्यायिकाघडी (घट्यादि) १५ घडीभन्दा बढ्ता भएमा प्रत्यायिकाघडी (घट्यादि)बाट १५ घडी घटाउनू । शेषको असु बनाई क्रमज्या ल्याउनू । त्रिज्यामा क्रमज्या जोड्नू । योग प्रत्यायिकाको उत्क्रमज्या हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathm

...Public Domain. Digitization by eGangotri.Funding

प्रत्यायिकाको उत्क्रमज्यालाई स्वदेशको अक्षांशज्याले गुनी त्रिज्याले भाग लिनू । लब्धि ज्या हुन्छ । ज्याको चाप वनाउनू, आक्षवलन हुन्छ । आधा रातभन्दा अगाडि भए आक्षवलन उत्तर-दिशाको हुन्छ । आधा रातभन्दा पछाडि भए आक्षवलन दक्षिण दिशाको हुन्छ ।]

सूत्रबाट

$$\text{आक्षवलनज्या} = \frac{\text{स्वदेशाक्षांशज्या} \times \text{नतकालोत्क्रमज्या}}{\text{त्रिज्या}}$$

यस्तो समीकरण बस्छ ।

अङ्कव्याख्यावाट

$$\text{आक्षवलनज्या} = \frac{\text{१५६१} \times \text{नतकालोत्क्रमज्या}}{\text{३४३८}}$$

यस्तो समीकरण बस्छ ।

यस कारण स्वदेशाक्षांशज्या = १५६१

सुमतितन्त्रकारले ताडपत्रको २६ पत्रमा ज्यासारणी दिएका छन् । त्यहाँ २७ अंशको ज्या १५६१ देखिन्छ । यस कारण सुमतितन्त्रकारले आफ्नो देशको अक्षांश २७ मानेको देखिन्छ । सुमतितन्त्रमा अरू धेरै ठाउँमा पनि स्वदेशको अक्षांश २७ दिइएको छ । (यस विषयमा पछि लेखिनेछ ।)

अब सुमतितन्त्रकारले आफ्नो देशको रेखांश कति मानेका छन् भनी विचार गर्नुपरेको छ ।

ताडपत्रको पाठ	प्रतिसंस्कृत पाठ
सर्व्वग्रहाणा देशान्तर-	**सर्वेषां ग्रहाणां देशान्तर-**
लिप्तादिक्रम: ।।	**लिप्ताद्या लिख्यन्ते ।**

...pal Sanskrit University, Balmeeki Campus, Kathma...

Public Domain. Digitization by eGangotri.Fund

आ	आदित्यस्य
०	
०	१
१	५८
५८	१
१	

[२६ ख पत्र]

यसको अर्थ सूर्यमा १ कला ५८ विकला १ प्रतिविकला देशान्तरसंस्कार गर्नुपर्छ भन्ने हो । सूर्यको दैनिक गति ५९ कला ८ विकला १० प्रतिविकला सुमतितन्त्रकारले (ताडपत्रको २१ क पत्रमा) दिएका छन् ।

१ दिनमा अर्थात् ६० घडीमा ग्रहले आफ्नो दैनिक गति भोग गर्छ । यस कारण

दैनिक गतिकलादि: ६० घडी:: देशान्तरकलादि:: देशान्तरघडी यस्तो अनुपात वस्छ ।

$$\therefore \text{ देशान्तरघडी} = \frac{६० \times \text{देशान्तरकलादि}}{\text{दैनिक गतिकलादि}} = \frac{६० \times (१।५८।१)}{५९।८।१०}$$

१×६०	५९×६०
६०	३५४०
+५८	+ ८
११८×६०	३५४८×६०
७०८०	२१२८८०
+१	+ १०
७०८१×६०	२१२८९०
४२४८६०	

al Sanskrit University, Balmeeki Campus, Kathm

…n Public Domain. Digitization by eGangotri.Funding

२१२८९) ४२४८६ (१.९९५
२१२८९
२११९७०
१९१६०१
२०३६९०
१९१६०१
१२०८९०
१०६४४५
१४४४५

∴ देशान्तरघडी=१·९९६=२ (आसन्न घडी)

अरू ग्रहका देशान्तरवाट गणना गरी ल्याउँदा पनि यही फल आउँछ । (यसको विषयमा पछि लेखिनेछ ।)

यतावाट सुमतितन्त्रकारले आफ्नो देशको देशान्तर २ घडी दिएको देखिन्छ ।

सुमतितन्त्रकारको विचारअनुसार उनको देशको

अक्षांश	रेखान्तर
२७ अंश	२ घडी पूर्व देखिन्छ ।

विक्रमको उन्डाइसौँ शताब्दीका नेपालका प्रसिद्ध ज्योतिषी दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि. सं. १८१५–१८८८) ले आफ्नो हस्ताक्षरले यस्तो लेखेका छन् –

श्रीमद्गोर्षायां देशान्तरं ०।१।५ काश्यां ०।०।४७

(लक्ष्मीपतिसङ्ग्रहको रामविनोदको ३ पत्र)

देशान्तरं ०।१।५ गोर्षायां नेपाले ०।१।६

(रामविनोदको ४ पत्र)

…pal Sanskrit University, Balmeeki Campus, Kathma…

Public Domain. Digitization by eGangotri.Fund

नेपालदेशे देशान्तरयोजनानि ८८ पूर्वाणि एषा-मङ्ग्रभागः २२ अनेन ऊनानि ६६ पलात्मकानि ।

(लक्ष्मीपतिसङ्ग्रहको रत्नदीप मध्यमाधिकार ४ श्लोकको टीका)

पलभा ६।१२ समद्विघातः कृतिरिति वचनादस्य वर्गः ३८।२६।२४ कोटिः १२ अस्य वर्गः १४४ अनयो-र्योगः १८२।२६।२४... अक्षकर्णः १३।३०।२५... अक्षांशा जाता दक्षिणाः २७।१८

(रत्नदीप त्रिप्रश्नाधिकार ६ श्लोकको टीका)

यताबाट लक्ष्मीपतिको गणनाअनुसार

नेपालद्रोणी (नेपालउपत्यका = नेपालखाल्डो) को

अक्षांश	देशान्तर
अं. क.	घ. प.
२७।१८	१।६

देखिन्छ ।

यहाँसम्मको कुराबाट

	अक्षांश	देशान्तरपला
	अं. क.	
सुमतितन्त्रको	२७। ०	१२०
लक्ष्मीपतिको	२७।१८	६६

देखिन्छ ।

सुमतितन्त्रकारले दिएको अक्षांशको नजीकमा लक्ष्मीपतिले दिएको अक्षांश छ । तर देशान्तरमा भने ५४ पला अर्थात् क्रन्डै १ घडीको अन्तर परेको छ । यस कारण यस विषयमा केही विचार गर्नुपरेको छ ।

लक्ष्मीपतिले काशीको देशान्तर ४७ पला तथा नेपाल-खाल्डोको देशान्तर ६६ पला दिएकाले उनको गणितअनुसार

al Sanskrit University, Balmeeki Campus, Kathm

...Public Domain. Digitization by eGangotri.Funding

काशीदेखि ६६–४७=१९ पला पूर्वमा नेपालखाल्डो रहेको देखिन्छ ।

यतावाट विचार गर्ने वाटो पाइन्छ ।

यवनान्तरजा नाड्यः सप्ताऽवन्त्यां त्रिभागसंयुक्ताः ७।२० ।
वाराणस्यां त्रिकृतिः ९।० साधनमन्यत्र वक्ष्यामि ॥१३॥

(पञ्चसिद्धान्तिका ३ अध्याय । थीवो र सुधाकर द्विवेदीद्वारा सम्पादित पञ्चसिद्धान्तिका दोस्रो संस्करणको ८ पृष्ठ)

[यवनपुरदेखि गणना गर्दा अवन्तीको देशान्तर ७ घडी २० पला हुन्छ, काशीमा ९ घडी हुन्छ । अरू देशको देशान्तर ल्याउने रीति अव वताउँछु ।]

यतावाट अवन्तीवाट गणना गर्दा काशीको देशान्तर

घ. प. घ. प. घ. प.

९।० – ७।२०=१।४० हुन्छ भन्ने वराहमिहिरको विचार देखिन्छ । यतावाट काशीको देशान्तर पला १०० देखिन्छ ।

वराहमिहिरले काशीको देशान्तर १०० पला दिएका र लक्ष्मीपतिले काशीवाट १९ पला पूर्वमा नेपालखाल्डो दिएकाले वराहमिहिरको गणनाअनुसार नेपालखाल्डोको देशान्तर १००+१९=११९ पला देखिन्छ । यस कारण वराहमिहिरको गणना-अनुसार नेपालखाल्डोको देशान्तर १ घडी ५९ पला (आसन्न २ घडी) देखिन्छ ।

वराहमिहिरको पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तको विस्तृत रूप नै सुमतितन्त्र हो (यो कुरा अन्त वताइनेछ) । यस कारण वराहमिहिरले भनेको काशीको देशान्तर मानी त्यसमा वेधोपलब्ध (यो कुरा अन्त वताइनेछ) अन्तर २० पला जोडी १२० पला अर्थात् २ घडी देशान्तर सुमतितन्त्रकारले मानेको देखिन्छ । यसरी अक्षांश र देशान्तर दुवै मिलेका हुनाले नेपाल-खाल्डोभन्दा वाहिर सुमतितन्त्रको रचना हुनु सम्भव छैन ।

...pal Sanskrit University, Balmeeki Campus, Kathma...

Public Domain. Digitization by eGangotri.Fund

सुमतितन्त्रमा रहेका विषय

ताडपत्रको पाठ

कल्पन्मन्वन्तरादीनां युगाब्दं कालमेव च ।
ऋतुमासं तिथिश्चैव प्रहारं मुहर्त्तनाडिका ।
विनाडी प्राणसंख्येण वक्ष्यामि कालपर्यंया ।
युगाणां मध्यमानाञ्च स्फुटकर्म्म विशेषतः ।
तिथिनक्षत्रकर्म्मंञ्च ग्रहचारविधानत ।
त्रिप्रश्नश्च यथान्यायं ग्रहणं शशिसूर्य्ययोः ।
सुमते कथयिष्यामि यथाश्रुतम्मया पुरा ।।

[ताडपत्र २ क पृष्ठ]

प्रतिसंस्कृत पाठ

कल्पमन्वन्तरयुगवर्षाणि कालमेव च ।
ऋतुं मासं तिथिं यामं मुहूर्तं नाडिकामपि ।।
विनाडीं प्राणमित्येवं पर्यायं कालजं ब्रुवे ।
ग्रहाणां मध्यमं कर्म स्फुटं कर्म विशेषतः ।।
तिथिनक्षत्रजं कर्म ग्रहचारक्रियां तथा ।
त्रिप्रश्नं च यथान्यायं ग्रहणं शशिसूर्य्ययोः ।।
सुमते कथयिष्यामि मया पूर्वं यथाश्रुतम् ।

[कल्प, मन्वन्तर, युगका मान म बताउँछु । वर्ष, काल, ऋतु, महीना, तिथि, प्रहर, मुहूर्त, घडी, पला, असु इत्यादि समयका प्रमाण बताउँछु । मध्यम ग्रह ल्याउने विधि र विशेष गरेर स्पष्ट ग्रह ल्याउने विधि बताउँछु । तिथिनक्षत्रका गणित, चारद्वारा ग्रहस्पष्ट ल्याउने रीति, त्रिप्रश्न तथा चन्द्रग्रहण र सूर्यग्रहणसम्बन्धी गणित हे सुमति ! मैले पहिले जस्तो सुनेथें, त्यस्तै तिमीलाई बताउँछु ।]

(क्रमशः)

al Sanskrit University, Balmeeki Campus, Kathm

...Public Domain. Digitization by eGangotri.Funding

मेरो भूल

प्रा० विश्वनाथ पोखरेल

सृष्टिकालदेखि आजसम्म युगहरूले कयौं पटक फन्का मारिसके होलान् । सत्ययुग कतिपल्ट उदायो होला । त्यस्तै त्रेताले पनि कति पटक जन्म लियो हाला । अनि यो कालको अविरल धाराप्रवाहमा द्वापर र कलि कहिलेदेखि शुरू भएर कति समय-तक रही कतिचोटि आए यसको यथार्थ ज्ञान दैवज्ञबाहेक अन्य सर्वसाधारण जनतालाई सहसा हुन सक्तैन । यो ध्रुवसत्य मानिएको छ । तर पनि युगहरूको अनेकौं पटक सिर्जना नभएको होइन । यसैले सृष्टिपद्धतिको भनाइमा केही भिन्नता देखा परे तापनि सृष्टिको तथ्यलाई शङ्का गर्न सकिदैन । किनकि यस संबन्धमा भगवती श्रुतिको घोषणा छ– "सदेव साम्येदमग्र आसीदेकमेवा द्वितीयम्" अर्थात् सृष्टिभन्दा पहिले जगत् सत्‌रूपमा थियो सत्‌भिन्न थिएन र त्यो सत्, स्वगत, सजातीय र विजातीय भेदले शून्य थियो । अर्थात् सत्‌बाहेक केही थिएन, इत्यादि शास्त्रसिद्ध सर्वविदित कुरा हो यस पछि नामरुप जगत्‌को सिर्जना भएको हो अर्थात् सत्‌बाटै नामरूपात्मक सारा प्रपञ्च मायाद्वारा रचना भएको हो । यसरी क्रमशः सृष्टिको लहरमा मनुष्य, पशु, पक्षी तथा स्थावर आदि समेत देखा परे । अनि ती प्राणीहरूबाट राम्रा नराम्रा कर्महरू हुन थाले । तिनै कर्म पाप पुण्यको नामले

...pal Sanskrit University, Balmeeki Campus, Kathma...

Public Domain. Digitization by eGangotri.Fund

पुकारिए । राम्रा कर्मवाट भएको पुण्यले सुख र नराम्रा कर्मवाट भएको पापले दुःख भोग गर्न लगाउन थाले । अनि तमाम प्राणी-हरूमा ज्ञानशक्ति वढ्ता भएको मानव पनि पाप पुण्यको फलले बेरिएर अनन्त योनिमा देखा पर्न थाल्यो । अशुभ कर्मले गर्दा अधम योनिमा जन्मेर कैयौं तीतो टर्रो कर्मफल भोग्यो । शुभ र अशुभ, पुण्य र पापफल प्रदान गर्ने कर्मका स्वरूप यज्ञ यागादि पूजा पाठ र परहिंसा मात्र नभएर अरू पनि धेरै छन् । जस्तै–

कुनै व्यक्तिले वाटोमा हिंडिरहेको चिन्तातुर दरिद्रको हात-वाट जवर्जस्ती पाँच रूपिया खोसेर भाग्यो । दरिद्रले सर्वपूँजी पाँच रूपियाँले एकदिनको छाक वल्लतल्ल टर्ने भयो भन्दै वजार-तर्फ लम्किरहेको थियो । उसले पाल्नुपर्ने परिवारको सँख्या पनि पाँचै थियो । अव दरिद्रको आत्मा सारै रोयो । दिनभरको कमाई अर्काले देखादेख खोस्दा कसैले पनि सहयोग गर्न सकेन । के त त्यो खोस्ने मानिसले अशुभ कर्म गरेन त ? जरूर गऱ्यो । अव त्यो सामाजिक दण्डवाट मुक्त भएता पनि शास्त्रोक्त दण्डवाट भने कदापि मुक्त हुने छैन । अर्को तर्फ कुनै व्यक्ति खान नपाएर मर्न तयार भएको थियो कुनै दयालुले खाना दिएर वचायो । त्यस्तै औषधि नपाएर मर्न तयार भएकोलाई औषधि खुवाएर वचायो । के यो शुभ कर्म होइन त ? अवश्य हो, अव भन्न सकिन्छ दुवै शुभाऽशुभ कर्म गर्नेले फल भोग त गर्दछन् । फरक यतिमा छ अशुभ कर्म अर्थात् पापकर्म गर्नेले नराम्रो र शुभकर्म अर्थात् धर्मकार्य गर्नेले राम्रो फल भोग गर्न पाउँछ । यो निर्विवाद कुरा हो । तर समाज परिस्थितिको र नियमको गडवडीले कहिले कतै समाजमा खरावको परिणाम राम्रो देखा पर्न नआउला भन्न पनि सकिंदैन । त्यस्तो हुँदैमा हरेस खानु अथवा हर्षित हुनु पर्दैन। किनकि सामाजिक नियमले नदेखेकोलाई पनि शास्त्रले वताए-अनुसार दैवी नियमले त्यस्तो मर्यादा उल्लंघन गर्नेलाई एक एक

al Sanskrit University, Balmeeki Campus, Kathm

...Public Domain. Digitization by eGangotri.Funding...

गरी केलाएर कुकर्मको फल चखाएर छाड्दछ । यस कुरामा श्रुति प्रमाण छँदैछ– "कपूयचरणा अभ्याशो ह्यत्तो कपूयां योनिमापद्येरन्" (छा. उ.) आदि । फेरि शुभकर्मका शास्त्रले बताए अनुसार अनेकौं रूप छन् भने शास्त्रले निषेध गरेको अशुभकर्मका पनि अनेकौंरूप नभएका होइनन् । यसरी श्रुतिस्मृतिद्वारा विहित तथा निषिद्ध कर्मको ग्रहण र परित्यागको महिमा यस्तो छ कि जसले समाजको सुरक्षा राम्रो रूपमा गरेर समाजका संपूर्ण सदस्यलाई अभयदान दिन सक्तछ । अरू सुरक्षादलको उति जरूरत पर्दैन जो जति आज परेको देखिन्छ । तर उक्त कुराको विशेष दायित्व समाजमा प्रमुख गनिएका व्यक्तिमा रहेको छ । किनकि "यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः" इत्यादि स्मृतिले दर्शाएको पाइन्छ । तर पनि आज भोलिको समाज हेर्दा जो कोही सरल हृदयलाई यस्तो आशंका पनि हुन सक्तछ । भर संसारमा नाना किसिमका समाज देखापर्दछन् । देखापरेकामध्ये कैयौंलाई विधि–निषेध शास्त्रले छुँदैन । किन्तु उनै धनी, सुखी, सुन्दर, विशेषज्ञ तथा सभ्य कोटिका गनिन्छन् नि! किन होला ? ठीक हो गनिन्छन् र गनिएका पनि छन् । यसैले त यो भारतवर्ष भरतखण्ड कर्मभूमि हो भोगभूमि होइन भनेको । किनभने यस भूमिमा गरेका कर्मको फल भोग गर्न यत्रतत्र भूभागमा जन्म लिन पनि सक्तछन् भन्ने कुरा पनि त स्पष्ट छ । फेरि पूर्वोक्त जुन सुकै समाजमा पनि सुखी तथा दुःखी नभएको पनि त छैन । केवल सुखी मात्रको कल्पना मात्र पनि मिल्दैन । समाज जति सुकै वैभवपूर्ण भए पनि तारतम्य अवश्य देखापरेको हुन्छ । साथै त्यस्ता समाज सदस्यका मनोमन्दिरमा चिन्तादेवीले आसन नजमाएको होला भन्ने अनुमान मात्र पनि गर्न सकिन्न । जब यसरी चिन्ताले कसैलाई सताउँछ भने त्यो पनि त पाप हो नि । यसै विषयलाई लिएर कुनै विद्वान्को उक्ति छ–

...pal Sanskrit University, Balmeeki Campus, Kathman...

Public Domain. Digitization by eGangotri.Fund

"चिता चिन्ता द्वयोर्मध्ये चिन्तानाम गरीयसी ।
सजीवं दहति चिन्ता निर्जीवं दहते चिता "।।

अर्थात् चिताले मरेपछि जलाउँछ भने चिन्ताले जिउँदै जलाउँछ । तसर्थ चिताभन्दा पनि चिन्ता शक्तिशाली छ । यो भनाइ बमोजिम जिउँदो समयमा बढी दुःख दिने हुँदा अशुभकर्मले मनमा चिन्ता उब्जाउँछ र चिन्ताले दुःख पैदा गरिदिने भएकोले चिन्ता पापको परिणाम हो भन्न बाध्य हुनै पर्दछ । चिरकाल देखी चालु भएर आएको सृष्टिको प्रवाहमा मनुष्य लगायत सबै प्राणीले शुभाऽशुभ कर्मको फलले वेष्टित भएर कतिपटक अनन्त योनिमा ओहोर दोहोर गरिसके होलान् किनकि गरेको कर्मको फल जस्तो-सुकै होस् भोग नगरी सुख पाइँदैन भन्ने कुराको प्रमाण "नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि" स्मृति छँदैछ । अब भन्न सकिन्छ यौटै प्राणी कति पटक मनुष्यदेखि कीरासंम पुग्यो होला र त्यहाँ पनि कति शुभाऽशुभ कर्म गऱ्यो होला । फेरि ब्राह्मणजाति पनि पायो होला कर्मकै आधारमा । यही क्रममा कैयौंले ज्ञान पाएर संचित आदिकर्मलाई समाप्त पनि गरे होलान् । किनकि 'ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुतेऽर्जुन' यो स्मृति प्रमाण भए-कोले । तर मैले भने ब्राह्मणजात पाएर पनि केही गर्न सकेको रहेनछु । बरु कर्तव्यलाई भुलेर अर्कै बाटो पो हिंडेको रहेछु । यसमा आफ्नै अवस्था स्थिति चालचलन आदि प्रमाण हुन आएका छन् । अहिलेको जन्ममा पनि म ब्राह्मणजातिमा खडा भएको भएपनि कर्मको ब्राह्मण हुन सकिनँ भन्ने मलाई विश्वास छ तर परोपदेश भने यसरी गर्दछु–

ब्राह्मणस्य च देहोऽयं क्षुद्रकामाय नेष्यते ।
इज्यायै तपसे चैव प्रेत्याऽनन्त सुखाय च ।।

तर मबाट न यज्ञयागादि भए । न मरेपछि अनन्त सुख प्राप्तिको लागि केही हुन सक्यो । फेरि यो ब्राह्मणको शरीर हो,

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

क्षुद्रकर्म गर्न योग्य छैन भनेर न त क्षुद्र कर्मबाट हट्न सकें। वरु मबाट कैयौं त्यस्ता कर्म भइरहेकै होलान् मैले बुझ्न कोशिश गरिनँ। अरूले देखेर बुझाउन खोजे भने उनीहरूलाई दुश्मन पो संझन थालें। हरे शिव! शिव! कति नराम्रोसँग कर्तव्यलाई भुलेछु! थोरै जानेर जनसमक्ष निकै जानेको छु भनी अभिमानसंम गर्न पनि पछि हटिनँ। मैले जानेको भए आफू पूर्ण भएर अरूलाई अवश्य पनि आदर्श मार्ग देखाउंथें। अहिले त म अरूलाई भन्दछु आफू गर्दिनँ। यसबाट त झन समाजमा विश्वास उड्दै जान लाग्यो, मैले भने यो कुरा जान्नै सकिनँ। उल्टो आफूलाई प्रचारक तथा प्रसारक संझेर व्यर्थको अभिमानले फुल्न थालें। अर्कालि उप-हास गरेको देखेर पनि मेरो घट्टमा घाम लाग्न सकेन। आफूलाई ब्राह्मण भनाएँ तर ब्राह्मणकर्म पढ्नु पढाउनु, यज्ञ गर्नु गराउनु, त्यस्तै दानगर्नु र दान लिनु आदि हुन् भनी मनुस्मृति अध्याय एक श्लोक ८८ मा भनेको छ–

'अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत्" ॥

पूर्वोक्त कर्महरूमध्ये त कतिपय कर्म जीवनमा आजसम्म हुन सकेन। भएकोमा पनि विधिपूर्वक नहुंदा लोकवञ्चनाको लागि मात्र हुन गयो। एव किसिमले जीवनमा ठूलो भूल गर्दछु। अर्को कुरा पूर्वोक्त कर्मको पालन गर्ने ब्राह्मणहरूको पङ्क्तिमा घुसेर उत्तरोतर श्रेष्ठ भनाउने चेष्टा गर्दै ब्रह्मवादी भनाउनसंम पनि पुगें। जस्तै–

ब्राह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः।
कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः॥ मनु।

के गर्नु ब्रह्मवादी भनाएर मात्र ब्रह्म भनेको केहो त्यसको ज्ञान कसरी गर्ने त्यसतर्फ लाग्न सकिनँ। लागेर नै ब्रह्मको अनुसन्धान गरेको भए ममा उक्त दोषहरू देखापर्ने थिएनन् र मेरो समत्व

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fund

बुद्धिले विश्वमा साम्राज्य खडा गर्ने थियो होला, के गर्नु ममा त्यस्तो बुद्धि आएन । वरु मैले मेरो हातपाउ समाएर माथि आउने कोशिश गरिरहें कालालाई आफ्नो हातपाउ खुस्काएर तल खसाल्ने चेष्टा गरेको छु जस्तो लाग्दछ । आधापेट खानेहरूवाट उनीहरूको खाना खोसिरहेछु जस्तो लागेको छ । फेरि मनुस्मृतिले वताए-अनुसार अर्थात् –

नापृष्टः कस्यचिद् ब्रूयान्नचान्यायेन पृच्छतः ।
जानन्नपि हि मेधावी जडवल्लोक आचरेत् ।।

नसोधी कसैलाई नवताउनू भनेकोमा सेवा देखाउन मन्त्रतन्त्र ठाउँ कुठाउँ केही नभनो वताउन थालें । मर्यादालाई नाघेर सोध्नेलाई पनि तुच्छ स्वार्थमा फसेर वताउन पछि हटिनँ । त्यसरी सोध्नेलाई मेधावीले नवताओस् जानेकै कुरा भएपनि वरु यहाँ पत्थरसमान वनोस् भनेकोलाई वास्तै गरिनँ । आफ्नो धेरै स्वार्थले सवै नियम छोडें अव मैले के भूल गरिनँ ? । अर्को कुरा मनुले अ. २ श्लोक ३ मा –

वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम् ।
अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममावसेत् ।।

अर्थात् तीनै वेद अथवा दुईवेद या एकवेद ब्रह्मचारी भएर पढी गृहस्थाश्रममा रहोस् भनेकोमा एकमात्र पनि वेद नपढी अंग्रेजी तर्फ लागें, समाजलाई झुकाउन वाहुन भनाउंन छ डोरा जनै लगाउनेमात्र चेष्टा गरें । अव मैले विद्याको अपमान मैले गरें भने मेरै अपमान मैले नै गरें कि जस्तो मलाई लाग्यो । तर पनि अरूले मैले पढेको विद्याको अनादर गर्न मैले नै सिकाएको कुरा-लाई भुलेर अरूसंग रिसाउन थालें र मेरै अपमान भएकोमा त मलाई क्रन रीस वढ्ने नै भयो । आफूले कर्तव्य पालन नगर्दा आफै शक्तिहीन वनें, विष नभएको सर्पलाई कसले टेर्दछ र! दारा नङ्रा नभएको शेरलाई कसैले वास्ता नगरे जस्तै मलाई समाजैले उपेक्षा

al Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

गर्न शुरु गऱ्यो । कर्तव्यबाट गिर्नेको सहारा कसैले गर्दैन कि जस्तो लाग्यो । हरे दैव ! दैव ! मैले गरें ठूलो भूल । हरे कस्तो दु:ख लाग्दा कुरा छ मैले आफ्नो अनादर त आफैले गराएँ । यति मात्र कहाँ हो र आफ्नो कामको आफ्नो विद्याको समेत अनादर हुने काम गरें । कुपात्रमा परेकोले असलै वस्तुको पनि गुणमाथि समाजलाई नै शंका हुने वातावरणको सिर्जना पो गरेछु । अव भनौं मजस्तो पथिभ्रष्ट को होला । यति हुंदा पनि आँखा नदेखेर आफू जस्तो जान्ने सुन्ने राम्रो विद्वान् तथा धर्मात्मा अर्को को छर भन्ने अभिमानले आफ्नै सजातिको पनि विरोध गर्न थालें । त्यही पनि जानेर गर्न सकेको भए समाजले मेरा तारिफ गर्दथ्यो होला त्यस्तो पनि भएन । मनुले अध्याय ४ श्लोक '२३६ मा दिएको उपदेश "नार्तोऽप्यपवदेद्विप्रान्न दत्वा परिकीर्तयेत्" अर्थात् जतिसुकै दु:खी हुन परेको भएपनि बाहुनलाई निन्दा नगर्नु र दान दिएर त्यसको उल्था गर्न हुँदैन भनेको पढेंमात्र व्यवहारमा भने ल्याइनँ । उल्टो निन्दा गर्न बाँकी राखिनँ र समाजमा धाकधक्कु लगाउन मैले यति रौं यसरी दान गरें भन्न पनि बाँकी राखिनँ जस्तो लाग्दछ । जीवनमा वल्ल तल्ल यौटी गाई दान गरेकोमा पनि याज्ञवल्क्य स्मृति आचाराध्यायमा वताएवमोजिम–

यथा कथंचिद् दत्वा गां धेनुं वाऽधेनुमेव वा ।
अरोगामपरिक्लिष्टां दाता स्वर्गे महीयते ॥

नगरेर दु:ख पाएकी रोगी वेत पसेकी दान गरेर स्वर्गको चाहना गरें । दूध दिने त के दिन सक्तथें, केवल दाम्भिक कर्ममात्र गर्न सिकें । यसरी भूल गर्दा गर्दै आफूलाई नै भुलें । अनि कर्मको पासोले बाँधेर फल भोग गराउन मलाई कतिपटक कैयौं आमाको कोखमा पुग्नुपऱ्यो । गर्भवासको समयमा "अथ नवमे मासि सर्वलक्षणज्ञानकरणसंपूर्णो भवति" यो गर्भोपनिषद्को भनाइअनुसार अर्थात् नवौं महिनामा ज्ञानेन्द्रियादिले युक्त भएर पूर्ण हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fund

र त्यसवखत त्यो पूर्वजन्मको याद गर्दछ। शुभ र अशुभ उसको कर्म उसको सामू देखा पर्दछन् भने वमोजिम मेरो सामू देखा परे। यी कुरा शास्त्र प्रमाणद्वारा भन्न सकेको छु गर्भस्थ वालक मैले तल उल्लेख गरेका कुरा विचार गर्न थालें :–

पूर्वयोनिसहस्त्राणि दृष्ट्वा चैव ततो मया।
आहारा विविधा भुक्ताः पीता नानाविधास्तनाः॥

अर्थात् मैले हजारौं योनिभन्दा पहिलेका जन्म देखें त्यसवाट अनेकौं आहारको भोग गरें, अनेकौं आमाहरूका तनपान पनि गरें, जन्मेको मरेको र पटक पटक जन्मेर मरेको पनि जानें। फेरी– "यन्मया परिजनस्यार्थे कृतं कर्म शुभाऽशुभम्" जे जति परिवारको निमित्त असल र खराव काम मैंले गरें त्यसवाट निस्केको फायदा लुटेर ती कता गए कता म भने परें फन्दामा जस्तै– "एकाकी तेन दह्येऽहं गतास्ते फल भोगिनः" गर्भोपनिषद्। अनि मात्र मलाई सच्चा विचार भयो र प्रतिज्ञा गर्न थालें :–

यदि योन्याः प्रमुच्येऽहं तत्प्रपद्ये महेश्वरम्।
अशुभक्षयकर्तारं फलमुक्तिप्रदायकम्॥

अर्थात्– अहिलेसंम मैले जे जति भूल गरेतापनि अब यस्तो भूल दोहरिन दिने छैन, जब यो योनिद्वारबाट वाहिर निस्कन्छु अनि समस्त अशुभ अर्थात् पाप कर्मको नाश गरिदिने मुक्तिरूप फल पैदा गरिदिने महेश्वरको शरणमा पर्दछु। किनकि मेरो वावु आमा परिवार जे भनेपनि शंकर भगवान् नै रहेछ। व्यर्थमा सत्य कुरालाई नचिनेर असत्यतर्फ शरण लिन पुगेछु। यसैले मलाई अनन्त दुःखको भ्रमरिमा फँसाएको पो रहेछ। जेहोस् अब थाहा पाएँ यस्तो गल्ती गर्दै गर्दिनँ। वरु–

यदि योन्याः प्रमुच्येऽहं तत्प्रपद्ये नारायणम्।
अशुभक्षयकर्तारं फलमुक्तिप्रदायकम्॥

al Sanskrit University, Balmeeki Campus, Kathm

...n Public Domain. Digitization by eGangotri.Funding

अर्थात् यो योनिवाट मुक्त भएँ भने अशुभको नाश गर्ने मुक्ति फल दिने नारायणको शरणमा पर्दछु । नारायणले मलाई अवश्य पनि अनेकौं कर्मको वन्धनवाट छुटाएर आफूमा मिलाउनेछ र परमानन्दमा मस्त हुन पाउनेछु । जन्मजमरणको सपना मवाट सदाको लागि विदा हुनेछ । कदापि अब भूल गर्ने छैन र यो योनिवाट मुक्त हुन पाएँ भने अशुभ कर्मको नाश गर्ने मुक्तिफल दिने सांख्ययोगको अभ्यास गर्दछु । अथवा अशुभलाई नासेर मुक्ति फलप्रदान गर्ने सनातन ब्रह्मको ध्यान गर्दछु । जस्तै "यदि योन्याः प्रमुच्येऽहं ध्याये ब्रह्मसनातनम्" गर्भोपनिषद् ।

एवं प्रकारले विचार गर्दागर्दै गर्भवासको समय पनि पूर्ण हुँदै गयो । अनि म पनि क्रमशः वाहिर निस्कें । जन्मनासाथ "विष्णोर्माया भगवती यया सम्मोहितं जगत्" भने वमोजिम वैष्णवी मायाले छोप्यो । अनि 'तदानीं स्मरति जन्म मरणानि, न च कर्म शुभाऽशुभम्" गर्भोपनिषदले वताएअनुसार गर्भवासमा भएको संपूर्ण याद हरायो । यसपछि अविद्याले अर्कै खेलमा सरीक गरायो। हरे दैव! दैव! त्यो गर्भवासको याद मात्र भए पनि वाहिर आए पछि कायमै रहेको भए मलाई जन्म मृत्युको प्रवाहवाट फुत्कन कति सजिलो पर्दथ्यो होला । किन त्यस्तो सुनौला ज्ञानलाई मैले भुलें । हिजो गर्न बाँकी रहेको कामले आज मलाई डोऱ्याए । जसरी त्यो पूर्वजन्मको कर्मफलको वासनाले मलाई डोऱ्याएर यो हालतमा पारेको होला । जे होस् परमात्माले गर्भवासको कठोर यातना भोगेको देख्दा दयालु बनेर जीवन सपार्दछ भने सपारोस् त भनी चेतावनीको रूपमा जन्ममरणको संख्याको र मैले गरेका शुभाऽशुभ कर्मको समेत जानकारी गर भनेर एक ठूलो सुवर्ण मौका दिनु भएकोमा पनि मेरै असावधानीले गुम्यो । के यो मेरो भूल होइन त ? अवश्य भूल हो, भूल ।

...pal Sanskrit University, Balmeeki Campus, Kathman...

Public Domain. Digitization by eGangotri. Fun

कारण–विवेक◆

श्रीगणेशाय नमः ।। ।।कारणविचारमा।। स्त्री, पुत्र, पशु, द्रव्य, स्थूलसूक्ष्मशरीर कार्यरूप प्रपञ्च प्रत्यक्षै छ भन्ने मध्यम जिज्ञासुहरूले गर्नुपर्ने विचार ।।

यो सकल प्रपञ्चरूप कार्य हुनाले कारण नभै कार्यको उत्पत्ति हुँदैन । जस्तै माटो नभै घट, सुवर्ण नभै कटककुण्डल, तन्तु नभै पट, हेरू कार्यको उत्पत्ति हुँदैन । फेरि लोकको पनि क्षुधापिपासा-निवृत्तिरूप कार्यको उत्पत्तिमा, अन्नपानादिरूप कारणैबाट देखिन्छ । एहि रकंले सकल लोक पनि एक एक सुखरूप कार्यको उत्पत्ति गर्नामा प्रवृत्ति छन् । प्रवृत्तिरूप कारण नभै सुखरूप कार्यको उत्पत्ति हुने भए प्रवृत्ति नहुनु पर्ने हो । फेरि कोही लोक पनि प्रवृत्ति भयेनन् भने यो सकल व्यवहार लोप हुनुपर्छ । तसर्थ पुरुप स्त्रीमा नजानुपर्ने, स्त्री पुरुषमा नजानुपर्ने क्षुधातृषानिवृत्तिमा अन्नपानी नखोजनुपर्ने हुँदो हो। तस निमित्त सकलव्यवहारको प्रवृत्तिरूप कारण भैकन मात्र सकल सुखरूप कार्यको उत्पत्ति देखि-

---

◆ लेखकको नाम नभएको 'कारणविवेक' नामक वेदान्तविषयको यो लेख प्रा० विद्यानाथ भट्टबाट प्राप्त भएको हो । वेदान्तका जिज्ञासु र पुरानो नेपाली भाषाको रूप जान्न र खोज्न चाहनेलाई केही सहयोग यसले दिनेछ भन्ने ठानी यथोपलब्ध यहाँ प्रकाशित गरिएको छ ।

–सम्पादक

al Sanskrit University, Balmeeki Campus, Kathm

... Public Domain. Digitization by eGangotri.Funding

नाले सकल स्त्रीपुत्र द्रव्य स्थूल सूक्ष्म सरीरकार्यरूप प्रपञ्चको उत्पत्ति कारणैबाट हुन्छ । सो कारण भावरूप हो । सो कारण अभावरूप होभने चारैप्रकारका अभाव अत्यन्त अभावस्वरूप हुन् । अत्यन्त अभावदेखी कार्यको उत्पत्ति हुनेभये व्यवहार लोपप्रसंगमा कहेका सबै दोषहेरू प्राप्त हुन्छन् । फेरि अरू दोष पनि आइपर्द-छन् । कस्ता दोषभने खरायका सिङले पृथ्वी खोर्सनुपर्ने, वाँझिका छोराले पुस्तकहरूमा विचार गर्नुपर्ने, आकाशका वघैंचाका फुलको सुगन्ध आउनुपर्ने यस्ता दोषहरू घेरै आइपर्छन् । तसर्थ कारण-भावरूप छ । अव येहि विचारवाट नास्तिक मतसिद्ध शून्य जो कारण सो शून्यकारण भयेन । मध्यम जिज्ञासूले गर्ने एही विचारमा उत्तम जिज्ञासुले बुझ्नुपर्ने रीति शून्यरूपि जो अभाव हो सो माया भनि बुझ्नु । सोहि माया नभयेकी हुनाले प्रतीति भयेको प्रपञ्चस्वरूप जगत्को कारण हुन सक्तीन । चेतन् सुद्ध हुनाले सो चेतन् पनि कारण हुन शक्तैन । फेरि मध्यम जिज्ञासुले विचार्गर्ने रीति कहिन्छ । अव नभयेकि असत्रूप माया नभयाकी हुनाले कारण भेद नभयेको सत्रूप ब्रह्म कारण भो भनौं भने पनि हुँदैन । किनभने ब्रह्म शब्दको मुख्य अर्थ व्यापक सर्वाधिक्य हो । व्यापक सर्वाधिक्य भनेको भेदत्रयराहित्य । भेदत्रयराहित्य भन्नाले अद्वितीय सिद्ध भयो । अद्वितीयरूप जो ब्रह्म सो द्वितीय लक्षण कारण हुन सक्तैन । तसर्थ वेदमा ब्रह्म कारण देखाए तापनि मुख्य ब्रह्म जो हो सो कारण हुन सक्तैन । आपेक्षिकव्याप-कत्व, आपेक्षिकसर्वाधिकत्व, आपेक्षिकगौणत्व ब्रह्म भनाउने उपाधि कल्पना गरी सोहि उपाधिलाई कारण कल्पना गरी देखायाको हो । तसर्थ अरूको कल्पितरूप उपाधिवाट मेरो स्थूल सूक्ष्मशरीररूप प्रपञ्च उत्पत्ति हुँदैन । आफ्नै कल्पितरूप उपाधि-वाट स्थूल सूक्ष्म उत्पत्ति भो भनौं भने स्थूलसूक्ष्म नभै कल्पितरूप उपाधि हुन सक्तैन । तस निमित्त पनि कारण सिद्ध भएन ।

...pal Sanskrit University, Balmeeki Campus, Kathman...

Public Domain. Digitization by eGangotri.Fu

फेरि शुक्र कारण मानौ भने बावु नै देखि उत्पत्ति हुनुपर्ने । स्त्रीको सम्वन्धदेखि हुने भये सर्वदा स्त्रीसंगमप्रति सर्वदा उत्पत्ति हुनुपर्ने । तसनिमित्त शुक्र कारण हुन सक्तैन । फेरि गोमयकीट वृक्षहरू शुक्रशोणितरूप कारण नभै भयाका देखिन्छन् । येहि जुक्तिले शुक्र शोणितरूपले कारण हुने बावु आमा पनि कारण भएनन् । फैरि पुण्यपाप रूप कारण मानौं भने सो पुण्य पाप रूपको कारण शुद्ध आत्मा होला की देह होला । शुद्ध आत्मा होभने मुक्त हुनू सक्तैन । किनभने शुद्ध आत्मास्वरूप भयाको मुक्त पुरूषदेखि पनि पुण्य पाप हुने भये । पुण्यपापअनुसार सुख दुःखको भोग हुने भयो । अव मुक्त पनि वद्धैले तुल्य भयो । यस्तो हुनु सकलवादीको सम्मत छैन । तसर्थ शुद्ध आत्मा अदृष्टको कारण भयेन । फेरि पुण्यपापको कारण स्थूल हो भन्ने पक्षमा अन्योन्याश्रय दोष हुन्छ। किनभने अदृष्टको कारण जो स्थूल हो सो सिद्ध भयेको छैन । सिद्ध नभयेको सो स्थूल अदृष्टको कारण कसरी होला । फेरि देह र अदृष्टको कार्यकारणभाव नहुनाले वीजांकुरवत् परिहार गरौं भने अन्धपरम्परा दोष हुने । तसर्थ स्थूलको सिद्धिलाई सूक्ष्म कारण मानौभने पनि सकल स्थूलप्रति कारण सूक्ष्मै हवोस् । किन-भने सकलस्थूलरूप कार्य उत्पत्ति गर्ने कारणरूप सूक्ष्म छ भने अदृष्ट कारण हुदैन । अव कीराको सूक्ष्म ब्राह्मणादिका स्थूलको कारण हुन गयो । तसर्थ सूक्ष्म पनि कारण भयेन । सूक्ष्मरूप कार्य्यको कारण अदृष्ट वासनापेक्ष अज्ञान भनौ भने सोहि अज्ञान स्थूलको पनि कारण किन नहुनु । अव येहि रकंले कारणका निमित्ती संस्कारको कल्पना र सो संस्कारदेखि स्थूल हुन्छन् भने पनि स्थूलसूक्ष्म नभै अदृष्ट संस्कार नहुने हुनाले यौटा देहको मात्र कारण पत्ता लागेन भने सकल प्रपञ्चको कारण कौनै युक्तिले पनि पत्ता लाग्दैन ।

तैपनि विनाकारण कार्यरूप देहको उत्पत्ति हुँदैन । हाम्रो

al Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

भक्षरूप अन्न पनि कारण हुँदैन। सो भक्ष्यरूप अन्न वाँचनाको पनि कारण हुन शक्तैन। भक्ष्यरूप अन्न खाँदा खाँदै पनि मरेको देखिन्छ। एहि रितले भक्ष्य रूप भयेका शब्द स्पर्शादि विषय र स्त्री पुत्र पशु वित्तादि विषयहरू देहको उत्पत्तिमा पनि कारण हुदैनन्। फेरि वाँचनाको पनि कारण हुँदैनन्। अव शब्दादि तन्मात्ररूप विषय कारण नभए पछि सोही शब्दादिका कार्य्र भयेका आकाशादि भूतहरू कसरी वाँचनाका कारण होलान्। वाँचनाका पनि कारण भयेका इ सकल वस्तु उत्पत्तिका कारण हुदैनन्। अव वाँचिरहेका हामिहरूले वचाउने कारणको पत्ता लाउन सकेनौ भने हाम्रै उत्पत्तिको कारण कसरी पत्ता लाउनु सकौला भनि मध्यम जिज्ञासुहरूले विचार गर्दा उत्तम जिज्ञासुले वुझ्ने रिति–म कसैको कार्य्य पनि होइन, कसैको कारण पनि होइन 'न तस्य कार्य्यं कारणं च विद्यते' यो श्रुति पनि छ। फेरि मध्यम जिज्ञासूले विचार गर्ने रीति– श्रुतिमा कारण कल्पना गरि देखायेकामा तार्किकहरूले परमाणूहरूलाई कारण मानेका छन्। कसरिभने प्रलयकालका परमाणूहेरू उत्पत्तिकालमा जम्माभै प्रपञ्चरूप कार्यको उत्पत्ति गर्दछन्। यसमा ज्योतिषिहरू दोष दिन्छन्। परमाणूहरूका आफ्नु परमाणूरूप उत्पत्तीमा प्रलयकालैको अपेक्षा रह्यो। फेरि प्रपञ्चरूप कार्यको उत्पत्ति गर्दामा पनि उत्पत्तिकालैको अपेक्षा राखी ती परमाणुहेरू कार्यको उत्पत्ति गर्ने हुनाले काल कारण हुन्छ। वरू तन्मात्र, पञ्चभूत, स्त्रीपुत्र, पशु, द्रव्यरूप सकलप्रपञ्चको उत्पत्ति पनि कालैदेखि हुन्छन्। सकलप्रपञ्चको स्थीति पनि कालैमा छ। फेरि लय पनि कालैदेखि हुँछ। तसर्थ काल कारण हुन्छ भनी जोतिषि भन्दछन्।

यस्मा स्वभाववादीहरू दोष दिन्छन्। काल कारण होभने सोहि कारणरूप कालले वह्निका समूहमा जलको उत्पत्ति गरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri. Fund

वोस्, जलले जाडो हरावस् । फेरि मलमूत्रको त्याग मुखदेखी गरावोस् । तस्तै सकल इन्द्रियले सकल विषयको ग्रहण गरावोस् । तसर्थ कालको पनि स्वभाव अपेक्षा हुनाले स्वभाव कारण हो । अब वह्नीसमूहमा जलको उत्पत्ति नहुनु स्वभावसिद्ध छ । फेरि मलमूत्रको त्याग मुखदेखि नहुनु पायूपस्तदेखि मात्र हुने स्वभावै सिद्ध छ । तस्तै सबै इन्द्रियले सबै विषयग्रहण गर्ने आफ्नु आफ्नु विषयमात्र ग्रहण गरिने स्वभावै सिद्ध छ । यो रकंले सकल-जगत् स्वभावैले प्रवृत्त छभने स्वभावै कारण हो भनि लौकायतिहरू भन्दछन् । यस्मा पनि पूर्वमीमांसाहरू दोष दिन्छन् । स्वभावमात्र कारण होभने कैल्हे कैल्है स्वभावैले पानी तातोहोस्, स्वभावैले आगो चिसो होस्, स्वभावैले कानले देखनु, आँखाले सुन्नु यो स्वभाव हवोस् : यस्तो विपरीत स्वभाव हुनु नदिने धर्माधर्मात्मक अदृष्टरूप नियति भनिने कोहि नियमरूप छ । यस निमित्त जस्तै स्वभावको अपेक्षा नभै काल कारण हुनु सकेन तस्तै नियतिको अपेक्षा नभै स्वभाव पनि कारण हुदैन । तसनिमित्त नियति कारण हो भनी पूर्वमीमांसा भन्दछन् । यस्मा पनि प्रत्यक्षवादी नास्तिकका भेदहेरू दोष दिन्छन् । पदार्थरूप कार्यहरूको उत्पत्ति काकतालीय न्यायले अकस्मात् देखिन्छ नियती कारणपूर्वक देखिदैन । तसर्थ यदृच्छा कारण हुन्छ । किनभने नियति भनेको पुण्यरूप कारणबाट सुखरूप कार्य हुन्छ । तस्तै रितुमती स्त्रीको रजमात्र गर्भधारणरूप कार्य्यमा कारण हुँछ भन्ने इत्यादि जो नियम हो नियति भनेको तेहि हो । यो नियम देखिंदैन । पुण्यात्माको दुःख र पापात्माको सुख देखिन्छ । फेरि स्त्रीहेरू रजस्वला नभै गर्भधारणा गरेको देखिन्छ । यो व्यभिचार देखिनाले नियति कारण हुन सक्तीन । येसनिमित्त यदृच्छावाट कार्य्यको उत्पत्ति हुदामा घटपूर्ववर्ति रासभहेरूलाई स्मेत कारण मानेझैं लोकहेरूले नियतिलाई पनि कारण मान्दछन् । तसर्थ नियति कारण हुन

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

सक्तैन । कारण यदृच्छै हो भनि येक रकंका नास्तीकहरू भन्दछन् । इ नास्तीकहरू यदृच्छानुसारी नियतीलाई कारण भन्दछन् । यस्ता यदृच्छानुसारी नियतीलाई पनि कारण नमान्ने प्रत्यक्ष मात्र कारण मान्ने मुख्य नास्तिकहरू दोष दिन्छन् । यदृच्छा भनेको केही वस्तूमा रहने धर्म हो । सो यदृच्छारूप धर्म प्रत्यक्ष सिद्ध भएका भूतहरूमा रहन्छ । अरू प्रत्यक्ष नभएका नियतीहेरू कल्पना गर्नु ठीक हुदैन । तसर्थ धर्मीरूप भूतहेरू नै कारण हुन् भनि मुख्य नास्तीकहरू भन्दछन् । यस्मा पनि प्रधान पुरुष कारण मान्ने सांख्यहेरू दोष दिंछन् । भूतहरू जड हुनाले इ कार्य हुन् इ कार्यरूप भूत्को कारण पनि कार्य्यैले तुल्य हुनुपर्छ । तसर्थ सकलकार्य्यहरू सत्व, रज, तमरूपै छन् । जस्त रत्न, स्त्री, सुवर्णरूप कार्यं हुनेलाई सुख, वैरीलाई दु:ख अनि लोभीलाई मोह हुने हुनाले सत्व, रज, तमोगुणरूप कार्यंको कारण पनि त्रिगुणीजडरूपा माया हो भनि सांख्यहरू भन्छन् । यस्मा पनि योगीहरू दोष दिन्छन् । कार्यकारणभाव सबै तरहवाट तुल्य हुन सक्तैन । येकै भोभने कारण वन्दैवन्दैन । तसर्थ जडरूप प्रकृति पनि हिरण्यगर्भको भोग्य हुनाले भोक्तारूप हिरण्यगर्भै कारण हो जस्तै जडरूप वगि हरूको स्वत: प्रवृत्ति हुदैन तस्तै जडरूपा प्रकृति पनि स्वत: प्रपञ्चको कारण हुन सक्तिन । तस निमित्त चैतन्य भयेको पुरूषरूप हिरण्यगर्भ कारण भनि योगीहरू भन्दछन् । अव हामिहरूका विचारमा भने योगीमतसिद्ध जो पुरूष हो सो पुरूष शुद्ध अद्वितीय हुनाले कारण हुनु सक्तैन । फेरि यिनै कालादि जडको र चेतनको संयोग कारण भनौं भने जडको संयोग भैकन मात्र कारण हुने चेतन् पनि जड सापेक्ष रहनाले जडै तुल्य भयो । किनभने चेतनसंयोगले जडै पनि कारण हुन सक्छ । फेरि अर्को कुरा जड चेतनको संयोग ता प्रपंचको कारण होला । जड चेतन

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fund

संयोगको कारण के होला सो कारण पत्तै लाग्दैन । फेरि शुद्धस्वरूप आतमा कारण नभये पनि प्रतिविम्वभूत सांख्यमतसिद्ध परिणामि जीवात्मा कारण भनौ भने सो जीवै भोक्ता हुनाले आफुलाई दुःख हुने दुःखको साधनको सृष्टि नगर्नुपर्ने हो; सुखैको मात्र साधन सृष्टि गर्नुपर्ने हो । तसर्थ सो जीव पनि कारण हुन शक्तैन । अव यो रकंसँग जाहाँ कारण सिद्ध भएन त्याहाँ कार्य पनि सिद्ध हुदैन । इ कुरा प्रथम विचारमा लेखियाका छन् । तस निमित्त कार्य्यकारण भ्रमसिद्ध भनि जाननु । फेरि तर्कशास्त्र जोतिसि सास्त्रहरू पढेका शास्त्रज्ञहरूलाई भ्रम भो भन्नु अयोग्य छ तापनि भ्रमले मात्र सिद्ध भएको वास्तव नभएको यस्तो जो कारण हो सो कारण के रहेछ सो सत्यै हो भनेर नभएको कारण खोजेका हुनाले नभएकै वस्तु कारण ठहराइ जडहरूलाई कारण मान्दा भए । हामिहरू आस्तीक भयेका मध्यम जिज्ञासु हुनाले वादिका मतसिद्ध सकल कारणहरू जड हुनाले र ११ दोप हुनाले कारण हुन शक्तैनन् । वरू स्वप्रकास चेतनका सत्ताले आवरणविक्षेपको सामर्थ भयेकि जो माया सोहि माया लियेको जो मायावी चेतन तेहि जगत्को कारण रहेछ । अर्थात् सो आवरणविक्षेपरूप भयेकि माया पनि स्वसत्ता भयेकी होइन । ब्रह्मसत्तावालि हो । तसर्थ शुकदेवहरूले प्रपंचको उत्पत्तिहरू वताउँदामा पनि स्वसत्ता नभयेकि मायाको सत्ता भयेका ब्रह्मवृत्ति भैकनमात्र प्रपंचकी उत्पत्ति मायाविदेखी वताउछन् । यस्मा श्रुति– 'ते ध्यानयोगाऽनुगताऽनुपश्यन्' कारणविवेकोयम् ।।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

उपासना समीक्षा

प्रा. रामचन्द्र पौडेल

समीपार्थक उप उपसर्गपूर्वमा हुने वस्तु अर्थ भएको आस धातुदेखि "ण्यासग्रन्थो युच्" यो पाणिनिसूत्रले युच् प्रत्यय भएर वनेको उपासना शब्दको अर्थ उपास्यको नगीचमा वसेर सेवा गर्नु हो ।

सँधै सवै अवस्थामा नगीचमा वसेर मन वचन कर्मले विधिपूर्वक सेवा गर्नु उपासना भनी कुलार्णव# तन्त्रमा उल्लेख छ ।

जुन देवताको उपासना गरिन्छ ती देव उपास्य र जसले उपासना गर्दछ त्यो उपासक हो ।

शास्त्रवमोजिम उपास्यको निर्णय गरी नजीकमा गएर तेलको धारा जस्तै समान वृत्ति भएको प्रवाहद्वारा धेरै समय सम्म सेवा गर्नु उपासना भनी गीता १२ अध्याय श्लोक ३ को शाङ्करभाष्यमा◈ भनेको छ ।

कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वथा ।
समीपसेवाविधिना उपास्तिरिति कथ्यते ।।
[कुलार्णवतन्त्रम्]

◈ उपासनं नाम यथाशास्त्रमुपास्यस्य अर्थस्य विषयीकरणेन समीप-

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

शिव विष्णु गणेश सूर्य आदि देवहरूको अथवा काली तारा दुर्गा भगवती आदि देवीहरूको मन्त्र गुरुबाट लिएर मन्त्र देवता अनुसार श्रद्धा भक्ति दृढ विश्वासपूर्वक ध्यान जप पाठ पूजा कथा-श्रवण कीर्तन आदि गर्नु उपासनाको प्रारम्भिक अवस्था र धेरै समयको अभ्यास पछि उत्तमकक्षामा पुगी पृथिवी जल तेज वायु आकाश देव नर असुर भूत आदि सकल चराचर ब्रह्माण्डलाई हर वखत ध्येयरूप संझन सक्ने अवस्था प्राप्त हुनु उपासना हो ।

अक्षर अनिर्देश्य अव्यक्त व्यापक ब्रह्मको उपासना गर्ने पक्ष पनी छ, तर त्यसरी निरञ्जन निराकारको ध्यान हृदयाकाशमा स्थिर गर्न ज्यादै कठिन पर्दछ त्यसैले कुनै इष्टदेवताको उपासना गर्नु सरल मार्ग छ ।

उपासना वैदिक र तान्त्रिक दुवै किसिमका छन्, त्यसमा श्रुतिस्मृतिपुराण आदिले भेदोपासना र अभेदोपासनाको उल्लेख गरेका छन् । सारा ब्रह्माण्ड परमेश्वरबाट खडा भएको छ । कर्तुम् अकर्तुम् अन्यथा कर्तुम् समर्थ परमेश्वरको आराधना गर्नु सारा प्राणिमात्रको परमकर्तव्य छ, यसरी आफूलाई परमात्माको सेवक संझी सेव्यसेवकभाव मान्नु भेदोपासना हो ।

तत्त्वमसि, अहं ब्रह्मास्मि इत्यादि महावाक्यको मननद्वारा ब्रह्मस्वरूप आफूलाई संझनु अभेदोपासना हो । अधिकारीको भेदले दुवै उपयुक्त छन्, तर साधारण अवस्थामा भेदोपासना नै योग्य छ । भक्ति पनि उपासनाकै अङ्ग हो ।

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

यो नवलक्षणा भक्तिजस्तै उपासनामा पनि यही नियम देखिन्छ ।

मुपगम्य तैलधारावत्समानप्रत्ययप्रवाहेण दीर्घकालं यदासनं तदुपासनमाचक्षते । [भगवद्गीताशाङ्करभाष्य १२ अ. श्लोक ३]

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

ब्राह्मणका निमित्त गायत्रीको उपासना मुख्य र नित्योपासना* मानेको छ । अरू वर्णहरूले पनि गुरुसम्प्रदायद्वारा दीक्षा मन्त्र लिएर उपासना गर्नुपर्दछ । कितापमा लेखेको मन्त्र खाली कण्ठस्थ गरेर देवोपासना सफल हुँदैन ।

भूशुद्धि, भूतशुद्धि, अङ्गन्यास, करन्यास, ध्यान विनियोग तथा मन्त्र र मालाको विशेष संस्कार पनि विधिपूर्वक गर्नुपर्दछ । शुद्ध सात्विक आहार नभई मन:शुद्धि र वचनशुद्धि हुन सक्तैन, यी दुवै कुरा नभई उपासनामा चित्त एकाग्र हुन सक्तैन । पवित्र तीर्थस्थल पुण्यक्षेत्र धर्मक्षेत्रहरूको पनि आवश्यक छ । एकान्त पुण्यस्थलमा ज्यादै अग्लो ज्यादै होचो पनि नभएको व्याघ्रचर्म मृगचर्म कम्वल आदि आसनमा वसेर शिर घाँटि शरीरलाई सिधा पारी मन प्रसन्न गराई पूरक कुम्भक रेचकको विधिपूर्वक प्राणायाम गर्नुपर्दछ । यसले अग्निले फलामको मललाई साफ गरेजस्तै शरीरभित्रका दोषहरू हटाएर प्राणवायुको मार्गलाई सफा गराउँछ, शरीर स्वस्थ राखी चित्त प्रसन्न गराउँछ । यसरी अन्तः शुद्धि भएमा उपासना सफल हुन सक्तछ ।

अग्निको उपासना गर्दा अग्निमा रहेको तातोपना, जलको सेवनले जलमा रहेको चिसोपना मनुष्यमा आएजस्तै उपास्यदेवको उपासना गरे पछि तिनमा रहेको गुणहरू उपासकमा पनि आउन पर्दछ, अनिमात्र उपासक खास उपासक ठहर्छ । अन्तस्करण शुद्ध

---

* गायत्र्युपासना नित्या सर्ववेदैः समीरिता ।
यया विनात्वधः पातो ब्राह्मणस्यास्ति सर्वदा ।।
तावता कृतकृत्यत्वं नास्त्यपेक्षा द्विजस्य हि ।
गायत्रीमात्रनिष्णातो द्विजो मोक्षमवाप्नुयात् ।।
कुर्यादन्यन्नवा कुर्यादिति प्राह मनुः स्वयम् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

नभई त्याग नियम तपस्या यज्ञ आदि सफल हुँदैनन् भनी मनुले◇ भन्नु भएको छ ।

इन्द्रियका आनन्दहरूलाई मनले झलझली संझेको छ तर वलजफती इन्द्रियहरूलाई ती ती विषयमा फस्न दिएको छैन अर्थात् लोकापवादवाट वच्नमात्र ती विषय सुखका साधनलाई लिन सकेको छैन भित्र भित्र त्यसमा आसक्त छ भने त्यसले गरेको उपासना सिद्ध हुँदैन । मनद्वारा इन्द्रियहरूलाई वश गरी आसक्त नभई आफ्नो साधनमा लाग्नाले कार्य सफल हुन्छ । यो कुरा श्रीमद्भागवद्गीतामा§ उल्लेख छ । सालोक्य सामीप्य सारूप्य सायुज्य यी ४ मुक्तिमध्ये सामीप्यलाई उपासनाकै भेद मानेका छन् । उपासनावाट चारै प्रकारको मुक्ति हुन्छ भनेर मुक्तिकोपनिषद्मा↓ सवैको आधार मानेको छ ।

समुद्रवाट उठी समुद्रमै रही समुद्रमा नै लीन हुने छाल समुद्र स्वरूप भएजस्तै सत्य सङ्कल्प अनन्तकोटी व्रह्माण्डका नायक परमेश्वरवाट खडा भएर परमेश्वरको सत्तामा रही पछि परमेश्वरमा नै लीन हुने सारा प्रपञ्च परमेश्वरमय छ, परमेश्वरका अंश हुनाले सवै व्रह्मस्वरूप हुन् भन्ने भावना दृढ गराउनु उपासनाको स्रोत हो । उपास्यदेवको हरवखत स्मरण गर्दा चित्त शुद्ध

◇ वेदास्त्यागाश्च यज्ञाश्च नियमाश्च तपांसि च ।
न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित् ॥ मनु २।९७

§ कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥ गीता.३।६
यस्त्विन्द्रियाणि मनसा नियम्या ऽऽरभते ऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥ गीता ३।७

↓ चतुर्विधा तु या मुक्तिर्मदुपासनया भवेत् ।
[मुक्तिकोपनिषद्]

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

भएपछि हृदयमा निरन्तर उपास्यको दर्शन पाई अन्त्यमा उपासक उपास्यमय बन्दछ ।

कुह्मालकोटीले कीरालाई आफ्नो गुँडमा ल्याई लंकीकंकि टोकाई आदिको कष्ट पाएको त्यस कीराले भय र उद्वेगले अहोरात्र कुह्मालकोटीलाई संझिराख्दा तन्मय भएको उपदेश श्रीमद्भागवत ११ स्कन्ध* अध्याय १० मा र भगवान्को दर्शन गर्न जान नपाएका गोपिनीहरूको पहिले आफूले कमाएको पाप पुण्यको भोग नसकी मोक्ष नमिल्ने हुँदा भगवान्को दर्शन गर्न जान नपाएर उत्पन्न भएको सहि नसकिने सन्तापरूपी अग्निमा सारा पापहरू भस्म भए अर्थात् पहिले कमाएका पापहरूको भोग गर्न जति दुःख सहनु पर्दथ्यो त्यो दुःख भगवान्को विरहबाट भएको तापले पिल्सेर छटपटाउंदा कट्टि भयो । पुण्यको सुख भोग चाहिं भगवान्को हृदयाकाशमा दर्शन पाउँदा भएको अपार हर्षले चुक्ति भयो । पाप पुण्य दुवै बाँकी रहेन । अनि भगवान्को ध्यान गर्दा–गर्दै गोपिनीहरू भगवान्मा लीन भएको कुरा दशमस्कन्धको* २९

---

* यत्र यत्र मनो देही धारयेत् सकलं धिया ।
स्नेहाद्द्वेषाद्भयाद्वाऽपि याति तत्तत्स्वरूपताम् ।।

कीटः पेशस्कृतं ध्यायन् कुड्यां तेन प्रवेशितः ।
याति तत्सात्मतां राजन् पूर्वरूपमसंत्यजन् ।।

भागवत ११।१०।२२–२३

* अन्तर्गृहगताः काश्चिद् गोप्योऽलब्धविनिर्गमाः ।
कृष्णं तद् भावनायुक्ता दध्युर्मीलितलोचनाः ।।
दुःसहप्रेष्ठविरहतीव्रतापधुता शुभाः ।
ध्यानप्राप्ताच्युताऽऽश्लेषनिर्वृत्या क्षीणमङ्गलाः ।।

तमेव परमात्मानं जारबुद्धयापि सङ्गताः ।
जहुर्गुणमयं देहं सद्यः प्रक्षीणबन्धनाः ।।

भागवत १०।२९।९–११

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

अध्यायमा बताएको छ । द्वेष भय आदिले सधैं परमेश्वरलाई संझने हिरण्यकशिपु शिशुपाल कंस आदिले पनि उत्तम गति पाएकै छन् । तो गोपीहरू खाँदा सुत्ता काम गर्दा हिँड्दा अर्थात् सबै बखतमा भगवान्लाई संझिरहन्थे । उपासना भनेको यस्तो हुनपर्दछ ।

उपासनामा परमेश्वरको साक्षात्कार भएपछि मात्र उपासकले सच्चिदानन्द परमेश्वरको आनन्दस्वरूपको अनुभव गर्न थाल्दछ, जसको अगाडि संसारका सारा आनन्दहरू तुच्छातितुच्छ हुन्छन् । त्यसैले समाधिमा रहेको मानिसलाई भोक तिर्खाको समेत ज्ञान हुँदैन । परमात्मा आनन्दस्वरूप हुनुहुन्छ भन्ने कुराको यथार्थ अनुभव उपासना गर्ने पुरुषले त्यस बखतमा पाउँदछ ।

वैज्ञानिक यस युगमा विज्ञानबाट पाइने वस्तुहरू जम्मा गरेर स्वर्गको ऐश आराम यहीं नै उपभोग गर्न पाइएको छ । ती वस्तुहरू पाउन प्रयास गर्नु छ, जीवनमा उपासनाको के उपयोग छ? यो खानु हुँदैन, यो लाउन हुँदैन, यो गर्नु हुँदैन इत्यादि विधि निषेधको आडम्बर गरेर मीठो खानु राम्रो लाउनु मोजमजा गर्नु आदिबाट आफू ठगिनुमात्र हो । योग उपासना समाधि आदि धर्मकार्यमा लागेर आजकाल मानिसले के लछारेका छन् इत्यादि प्रश्न हामीहरूका समक्ष आउन लागेका छन्:– हो–आजकाल सबै समाज विज्ञानाभिमुख भएको छ । यो कुरा विज्ञानबाट हुन सक्तैन भनेन कसैले कुनै कुरालाई पनि भन्न नसकिने अवस्था छ । व्यवहारमा चाहिने कुरा हामीलाई दिएर विज्ञानले सुखी बनाएको छ । जुन कुरा १००वर्ष अगाडि अतर्क्य अलौकिक असंभाव्य मानिन्थे त्यस्ता टेलिभिजन कम्प्यूटर चन्द्रलोकगमन आदि हाम्रा सामुमा आइपुगे ।

विज्ञानसिद्ध वस्तुहरूबाट मिल्ने सुविधा अध्यात्मवादीहरूलाई पनि चाहिएकै छन् । सुख समय पनि मनुष्यजीवनको

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

पुरुषार्थ हो । विज्ञान सिद्ध गर्ने मानिसहरू पनि कम होइनन् । हरवखत त्यसै विषयमा तनमन लगाएर मात्र विज्ञान सिद्ध गर्न सकेका छन् । धनसंपत्ति स्त्री पुत्रादिमा आसक्त पुरुष वैज्ञानिक वन्न सक्तैन, विज्ञानको खोज एक किसिमको तपस्या हो । वैज्ञानिक तपस्वी जस्तै हुन् । केवल उनीहरूले दिएका वस्तुहरूको हामीहरूले राम्ररी उपयोग गर्न जान्नु परेको छ, अर्थात् विज्ञानका वस्तुहरूको नियमपूर्वक उपभोग गर्नु पर्दछ । खाली ती वस्तुहरूमा लुटपुटिएर आध्यात्मिक भावनालाई चटक्कै विर्सनु हुँदैन । आध्यात्मिक विषयहरू पनि लोककल्याणका निमित्त ऋषिमुनिहरूले धेरै वर्षको तपस्याद्वारा प्राप्त गरेको अमूल्य महारत्न हुन् । आध्यत्मिक भावनाले परिपुट भएको भौतिक सुख नै ऐहिक र पारलौकिक कल्याणको साधक हुन सक्तछ ।

विज्ञान केवल वाह्य इन्द्रियगोचर विषयहरूको मात्र विवेचना गर्दछ, आत्मानात्मविचार विज्ञानगम्य छैन । आत्मज्ञान नभएसम्म मानिसलाई आत्यन्तिक सुख हुन सक्तैन । भौतिक सुख क्षणिक र अन्त्यमा दुःखदायी हुन्छ । विज्ञानको र विलासको चरम सीमामा पुगेका अमेरिका निवासीहरू भौतिक सुखभोगवाट शान्ति नपाएर आध्यात्मिक भावना तर्फ ढलिकरहेका हामीहरूले देखेकै छौं । यही नै सवभन्दा ज्वलन्त उदाहरण मान्नु पर्दछ ।

यस लोकमा सुख सयलका निमित्त स्त्री पुत्र धन जन आदिको आवश्यक परेजस्तै पारलौकिक सुख शान्तिका निमित्त आवश्यक वस्तुहरू पनि जम्मा गर्नु पर्दछ । ऐहिक सुखभन्दा पारलौकिक सुखको नै विशेष महत्त्व रहन्छ । केवल भौतिक उन्नतिको साधनवाट चित्त शान्त हुन सक्तैन । असन्तोषीलाई अर्थ र काम यतिले पुग्ने भन्ने कुनै सीमानै छैन । आफूले पाएको जतिलाई असन्तोपी आँखाले देख्दै देख्दैन, वढी वढी तर्फमात्र उ आँखा लगाउँछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

सबै कुरा शास्त्रविहित भएन भने उपासना सफल हुन सक्तैन। आफू नियमी, सदाचारी, श्रद्धालु र विश्वासी नवनी उपासना गर्नाले सिद्धि भएन भन्दैमा लाञ्छना लगाउनु योग्य होइन। उपासनावाट नै नारद ध्रुव प्रह्लाद अम्वरीष आदिले उत्तमगति प्राप्त गरेकाछन्। देवता मन्त्र तीर्थ आदिमा सद्-भावना भएमा मात्र❖ सिद्धि हुन्छ। अश्रद्धालु र सन्देहीवाट कार्य सिद्ध नहुने कुरा∾ गीतामा उल्लेख छ। निर्मल पवित्र गङ्गाप्रवाह र निरन्तर समुद्रतर्फ उन्मुख भएजस्तै परमेश्वरको आराधनाद्वारा निर्मल भएको मन उपास्यदेवप्रति सदा उन्मुख हुनुपर्दछ।

आँखाले हेर्न नभ्याइने विशाल वर पिप्पल आदिका रूख-हरूलाई जरामा पानी हालिदिनाले त्यसका सारा हाँगा–विगा समेत हृष्ट पुष्ट भएर आएजस्तै मनलाई उपासनारूपी पवित्र जलको सेचनले शरीरका पञ्चमहाभूत वहिरिन्द्रिय आदि सवैमा रहेको दुर्भावनारूपी मल नाश भएर देहशुद्धि मनःशुद्धि वचः-शुद्धिद्वारा उत्तम मानव वन्न सक्तछ। आधुनिक वैज्ञानिकहरूको प्रयोगशालाजस्तै उपासना आँखाले नदेखिने भूत भविष्यद् वर्तमान विषयहरूको वोध गराउने ज्ञानशाला हो। आत्मानात्मविवेक गराउने एक साधन हो, त्यसैले उपासनातर्फ दृष्टि लगाउनु सवैका निमित्त अनिवार्य छ। शुभमस्तु ॥

–○–

❖ मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

∾ अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥

[गीता अ. ४. श्लोक ४०]

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

वृत्ति

–रामबहादुर गोतामे

येषां वृत्तिः समावृद्धा परिपक्वा च सा पुनः ।
ते वै सद्ब्रह्मतां प्राप्ता नेतरे शब्दवादिनः ।।

जसको ब्राह्मी वृत्ति बढेको छ र परिपक्व भएको समेत छ भने त्यही अति श्रेष्ठ ब्रह्मभावमा प्राप्त हुन्छ, केवल शब्दले भन्ने अन्य पुरुष हुँदैन ।

कुशला ब्रह्मवार्तायां वृत्तिहीनाः सुरागिणः ।
तेऽप्यज्ञानतया नूनं पुनरायान्ति यान्ति च ।।
(अपरोक्षानुभूति १३३)

ब्रह्मवार्तामा यदि कुशल भए पनि ब्रह्ममा वृत्ति नराख्नेहरू अज्ञानताको कारण जन्म लिंदै मर्दै गर्दछन् ।

निमेषार्धं न तिष्ठन्ति वृत्तिं ब्रह्ममयीं विना ।
यथा तिष्ठन्ति ब्रह्माद्याः सनकाद्याःशुकादयः ।।
(अपरोक्षानुभूति १३४

ब्रह्मादि (लोकपालकहरू) सनकादि(सिद्धहरू) शुकदेवादि (परमहंसहरू) आधा पल पनि ब्रह्ममयी वृत्तिको विना रहँदैनन् । यस बिषयमा भगवान् श्रीकृष्ण आफ्नो श्रीमुखले भन्नुहुन्छ–

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ।।
(गीता ५।१७)

परमार्थ तत्त्वमै बुद्धि लगाएका, त्यसैमा मन लगाएका, त्यसैमा निष्ठा भएका, त्यसैमा परायण तथा ज्ञानले सम्पूर्ण पापहरू धोइसकेका फेरि संसारमा जन्मदैनन् ।

तेषां ज्ञानी नित्ययुक्त एक भक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ।।
(गीता ७।१७)

ती चार मध्येमा नित्ययुक्त तथा अनन्यभक्त हुनाले ज्ञानी सबै भन्दा श्रेष्ठ छ । किनभने म ज्ञानीको अत्यन्तै प्रिय छु तथा ज्ञानी पनि मेरो त्यस्तै प्रिय छ ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ।।
(गीता ८।७)

त्यसकारण हरवखत मलाई सम्झ र युद्ध गर, एवं प्रकार मन बुद्धि ममा अर्पण गरपछि तिमी मैमा प्राप्त हुनेछौ ।

यहाँ एउटा ठूलो शंका उत्पन्न हुन्छ, इन्द्रियहरू सबैको मालिक मन हो; मनले हेर्न इच्छा गरे मात्र नेत्रले देख्तछ, कानले सुन्दछ इत्यादि । मनले भगवान्लाई सम्झिराखेर कसरी युद्ध गर्नु ? ठोक्रोवाट वाण झिकेर हान्नै पर्‍यो । अरूले प्रहार गरेकोमा दृष्टि नदिए आफ्नो मरण हुन्छ । युद्ध गर्न पनि मन नै चाहियो । मनले एउटा विषयलाई नछोडी अर्को विषय ग्रहण गर्न सक्तैन; अर्थात् एकै कालमा दुई थोक हुनु सम्भव छैन ।

समाधान— यदि भगवान्मा मन दिंदैमा युद्ध गर्न नसकिने भए भगवान्ले किन भन्नुहुन्थ्यो । मुख्य वृत्ति परमात्मामा

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

राखेर पनि गौण वृत्तिद्वारा अनेक कार्य हुन सक्तछन्। भगवान् श्रीपशुपतिनाथको दर्शन गर्न जाने व्यक्तिको मुख्य ध्येयवस्तु पशुपतिनाथ नै हुनुहुन्छ। मार्गमा भेटिएका मानिसहरूसँग गौण-रूपले कुराकानी गर्दैमा उसको ध्येयवस्तु हराउँदैन। एवं प्रकार पतिव्रता स्त्रीको वृत्ति नित्य आफ्नो पतिमा नै संयुक्त भइरहेको हुन्छ तापनि गौण रूपले गृहको सम्पूर्ण कर्म गरेकै हुन्छे। कसै-कसैको यस्तो भनाइ छ, परमात्माको चिन्तनमा लागेपछि घर व्यवहार कसरी चल्न सक्छ ? लागेर त हेरून् चल्छकि चल्दैन। स्वयं भगवान्ले भन्नु भएको छ---

अनन्याश्चिन्तयन्तो मां ये जना पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्॥
(गीता ९।२२)

जो मनुष्य अनन्य भावले चिन्तन गर्दै मलाई भज्दछन्, निरन्तर मैमा लागेका तो भक्तहरूको योग-क्षेम म आफैं चलाउँदछु।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि युक्त्वैवमात्मान मत्परायणः॥
(गीता ९।३४)

तिमी ममा मन लगाऊ, मेरो भक्त वन, मेरो पूजा गर तथा मलाई नमस्कार गर। एवं प्रकार ममा परायण भएर चित्त-लाई ममा लगाएपछि मलाई नै पाउनेछौ।

मच्चिता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च॥
(गीता १०।९)

ममा चित्त र प्राण लगाएका भक्तजनहरू मेरो विषयलाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

लिएर आफुसमा छल-फल गरेर कुरा बुझाउँदै प्रसन्न भएर रमाउँदछन् यसैको नाम ब्रह्माभ्यास हो ।

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन ।
अपारसंवित्सुखसागरेऽस्मिँल्लीनं परे ब्रह्मणि यस्य चेतः ।।
(स्कन्दपुराण, माहे. कौ. खं. ४५।१४०)

जसको चित्त अपार संवित्सुखसागर परब्रह्ममा लीन छ, त्यसको जन्मले कुल पवित्र हुन्छ, त्यसकी जननी कृतार्थ हुन्छिन् र पृथ्वीसमेत पुण्यवती हुन्छिन् ।

वृत्तिनिरोधात् तत्सिद्धिः ।
(सांख्य-दर्शन ३।३१)

वृत्तिहरूको निरोध भएछि ध्यानको सिद्धि हुन सक्तछ ।

ध्यानं निर्विषयं मनः ।
(सांख्य-दर्शन ६।१५)

मन विषयदेखि रहित हुन जानु नै ध्यान हो ।

तन्निष्ठस्य मोक्षोपदेशात् ।
(वेदान्त–दर्शन १।१।७)

जुन व्यक्ति त्यस ब्रह्ममा निष्ठावान् छ त्यही मुक्तिको उपदेश प्राप्त गर्ने अधिकारी हुन्छ ।

प्रकृतिमा निष्ठा राख्नाले मोक्ष हुँदैन । तैत्तिरीय श्रुतिको अनुसार ब्रह्ममा बुद्धि राख्ने प्राणीको मुक्ति हुन्छ ।

योगश्चित्तवृत्तिनिरोधः ।
(योग-दर्शन १।२)

चित्तवृत्तिहरूको निरोध (सर्वथा रोक्नु) योग हो ।

अभ्यासवैराग्याभ्यां तन्निरोधः ।
(योग-दर्शन १।१२)

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

चित्तवृत्तिहरूलाई निरोध गर्ने दुई उपाय छन्, अभ्यास र वैराग्य । विषयाशक्त चित्तलाई रोक्ने उपाय वैराग्य हो र कल्याणमार्गमा लगाउनु अभ्यास हो ।

द्वो क्रमौ चित्तनाशस्य योगो ज्ञानं मुनीश्वर ।
योगस्तु वृत्तिरोधो हि ज्ञानं सम्यगवेक्षणम् ॥
(शाण्डिल्योपनिषद् १।७।२४

हे मुनीश्वर ! चित्तलाई नाश गर्ने दुई मार्ग छन्, योग र ज्ञान । योग; –अर्थात् चित्त वृत्तिहरूलाई रोक्नु र ज्ञान; –अर्थात् वस्तु तत्त्वलाई यथार्थ रूपमा देख्नु ।

यी श्लोकहरूले वृत्तिलाई किन यति ठूलो महत्व दिए यसमा विचार गरौं । ब्रह्म चैतन्यज्ञानस्वरूप भएर पनि सामान्य हुनाले अज्ञानलाई नाश गर्न सक्तैन । त्यसकारण अज्ञान नाश गर्न वृत्तिविशिष्ट चैतन्य नै चाहिन्छ । त्यसो हो तापनि वृत्ति अज्ञानकै कार्य हो । अतएव रूख काट्ने वञ्चरो हो तापनि जहाँ-सम्म रूखको काठ बींड बनेर वञ्चरोको सहायक हुँदैन, त्यहाँ-सम्म वञ्चरो भएर पनि रूख काट्ने काममा आउँदैन । एवं प्रकार अज्ञानलाई नाश गर्ने ज्ञानै हो तापनि विना ब्रह्माकारवृत्तिमा आरूढ नभै अज्ञानलाई नाश गर्न सक्तैन ।

ज्ञानस्वरूप आत्मा प्राणीमात्रमा स्थित भएर पनि कसैको अज्ञान नष्ट हुँदैन । यसकारण प्राणीमात्रमा रहेको ज्ञान पनि सामान्यज्ञान भएकोले अज्ञानको विरोधी छैन । जब श्रोत्रिय ब्रह्मनिष्ठ सद्गुरुको उपदेशद्वारा यस्तो निश्चय हुन्छ कि मै नै सच्चिदानन्द आत्मा हुँ । जब यस्तो वृत्तिजन्य विशेष ज्ञान हुन्छ अनि मात्र अज्ञान नष्ट हुन्छ । जस्तै सूर्यको तापमा सामान्य रूपले अग्नि भएर पनि कुनै वस्तुलाई जलाउने सामर्थ्य हुँदैन । किन्तु जब त्यहाँ ताप सूर्यमुखी पत्थरमाथि पर्न गयो भने त्यहाँ विशेष अग्नि उत्पन्न हुन जान्छ र सम्पूर्ण वस्तुलाई भस्म गर्दछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

नित्य कर्म अन्त:करणको शुद्धिद्वारा आत्मजिज्ञासालाई उत्पन्न गरेर सफल भई निवृत्त हुन जान्छ । जस्तो वृष्टि गरेर ऋतुको अन्तमा मेघ लय हून जान्छ ।

आगोवाट धूवाँ उत्पन्न हुन्छ र मेघ भै वर्षा वनेर त्यही आगोलाई निभाई दिन्छ । त्यस्तै अज्ञानबाट मन उत्पन्न हुन्छ र ज्ञान प्राप्त गरी आफूसहित अज्ञानलाई पनि नाश गर्दछ । जस्तै-केराको वोट फल दिएपछि आफैं नष्ट हुन्छ; त्यस्तै वृत्ति पनि ब्रह्मरूपी फल प्राप्ति गरी स्वयं नष्ट हुन्छ । वर्षामा हिलोले पानी मलिन भएको हुन्छ । त्यस पानीलाई सफा गर्न घडामा राखी निर्मलीकरणचूर्ण (कतकरेणु) हाल्नुपर्दछ । कतकरेणुले पहिले पानीलाई सफा तुल्याउँछ र पश्चात् आफैं नष्ट हुन्छ । जस्तै कपडा सफा गर्न साबुनको प्रयोग गरिन्छ । कपडा सफा पनि हुन्छ साबुन पनि समाप्त हुन्छ । ब्रह्मलाई प्राप्त गर्न ब्रह्माकार वृत्ति हुनै पर्दछ र ब्रह्म प्राप्त भएपछि साबुन समाप्त भएझैं वृत्ति पनि समाप्त नै हुन्छ । जसरी पानीमा हालेको मिस्त्री पग्लेर पानी नै हुन्छ, त्यस्तै ब्रह्ममा लागेको वृत्ति ब्रह्ममा नै लीन हुन्छ ।

यो एउटा अन्त्यन्त मार्मिक कुरा छ। सबैले यसलाई हृदयङ्गम गर्नु पर्दछ । छोरीलाई कन्यादान दिएपछि जसलाई दिएको छ उसैको गोत्र हुन्छ । पिताको कुल गोत्र रहँदैन । त्यस्तै परमात्मालाई वृत्तिले वरण गरेपछि परमात्मा नै हुन्छ, वृत्ति भन्ने नाम रहँदैन । परमात्मामा लागेको चित्तबाट चित् (चेतन) परमात्मा नै हुन्छ । मनले जुन वस्तुको चिन्तन गऱ्यो त्यो त्यही नै हुन्छ भन्न प्रत्यक्ष प्रमाण कुह्मालकोटीवाट पनि सिद्ध भएको छ ।

यथा नद्यः स्यन्दमानाः समुद्रे-
ऽस्तं गच्छन्ति नामरूपे विहाय ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

तथा विद्वान्नामरूपाद्विमुक्तः
परात्परं पुरुषमुपैति दिव्यम् ॥
(मुण्डकोपनिषद् ३।२।८)

जुन प्रकार निरन्तर वगिरहेका नदीहरू आ-आफ्ना नाम-रूपलाई त्याग गरेर समुद्रमा अस्त हुन्छन्, त्यस्तै प्रकार विद्वान् नाम-रूपदेखि मुक्त भएर परात्पर दिव्य पुरुषमा प्राप्त हुन जान्छन् ।

समासक्तं यदा चित्तं जन्तोर्विषयगोचरे ।
यद्येवं ब्रह्मणि स्यात्तात् को न मुच्येत बन्धनात् ॥
(मैत्रायुण्युपनिषद् ४।५)

मनुष्यको चित्त जति विषयमा आसक्त हुन्छ त्यति नै यदि त्यो ब्रह्ममा आसक्त होस् त बन्धनदेखि को मुक्त हुँदैन ।

अर्थादर्थे यदा वृत्तिर्गन्तुं चलति चान्तरे ।
निराधारा निर्विकारा या दशा सोन्मनी स्मृता ॥
(श्रीशङ्करसूक्तिसुधा सदाचारानुसन्धानम्, २९)

एक पदार्थवाट हटेर वृत्ति जव द्वितीय पदार्थ तिर जानको लागि तयार हुन्छ, त्यसको बीचतिर जो निराधार (विषयालम्बन-शून्य) निर्विकार दशा हुन्छ, त्यसलाई उन्मनी भनिन्छ ।

वृत्ति पनि दुई प्रकारका हुन्छन्–वृत्तिव्याप्ति र फलव्याप्ति । घटादि पदार्थहरूमा मनको वृत्ति व्याप्त भएर त्यही घटादिको आकारमा जो स्फुरण हुन्छ त्यो वृत्तिव्याप्ति हो । यो घट हो भन्ने यस्तो ज्ञान हुनु फलव्याप्ति हो । अज्ञानलाई निवृत्ति गर्न वृत्तिव्याप्तिको आवश्यक हुन्छ, फलव्याप्ति चाहिंदैन । सूर्यलाई देख्नको लागि केवल निरोगी नेत्रको अपेक्षा छ; अरू दीपकको अपेक्षा पर्दैन । त्यस्तै स्वयं प्रकाश आत्मालाई जान्नको लागि वृत्तिव्याप्तिको अपेक्षा छ फलव्याप्तिको छैन । धटपटादि पदार्थ-

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundi

लाई देख्नको लागि भने वृत्तिव्याप्ति र फलव्याप्ति दुवैको अपेक्षा पर्दछ । जस्तै अन्धकारमा रहेको घटलाई देख्नको मिमित्त नेत्र र दीपको आवश्यकता पर्दछ ।

वृत्तिज्ञानलाई शास्त्रले दुई प्रकारको मानेको छ– प्रमा र अप्रमा । प्रमाणजन्य इन्द्रियहरू र मनद्वारा जानिने ज्ञान प्रमा हो । माथि वर्णन गरिएका सवै ज्ञानका कुराहरू प्रमा ज्ञान हुन् । कुनै पनि प्रमाणले नजानिने अर्थात् इन्द्रिय, मन र बुद्धिले समेत जान्नमा न आउने अप्रमा ज्ञान हो ।

वैराग्य प्रकरणमा श्रीरामजीले भन्नु भएको छ–– अग्निमा वस्नु, ठूलो पर्वतमाथि चढ्नु, व्रज्रलाई चूर्ण गर्नु, समुद्रलाई पान गर्नु, अग्निलाई भक्षण गर्नु र सुमेरुलाइ नाघ्नु म सुगम मान्दछु परन्तु चित्तलाई जित्नु महाकठिन छ । गीता६।३४ मा अर्जुनले पनि भनेका छन् –– हे कृष्ण! यो मन असाध्य चञ्चल छ । यो वडो हुँडलो मचाउँछ, वलियो तथा कठोर छ, म त्यस-लाई रोक्नु वायुलाई राख्नु जत्तिकै कठिन मान्दछु । अर्जुनको कुरालाई भगवान् श्रीकृष्णले होइन भन्नुभएन । परन्तु अभ्यास र वैराग्यले वश गर्न सकिन्छ भन्नुभयो । चिरकालदेखि जसले सांसारिक विषयलाई सत्य मानी विषयाकार वृत्ति बनाई सकेको छ । विषयाकार वृत्तिलाई व्रह्माकार वृत्तिमा परिणत गर्नु तत्कालैमा हुने कुरा होइन । श्रीकृष्णजी भन्नुहुन्छ–––

शनैः शनैरुपरमेद् बुद्धचा धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ।।
(गीता ६।२५)

अलि–अलि गरेर मनलाई वाह्य विषयबाट फर्काओस् र आत्मामा लगेर मनलाई राखोस्, अनि केही चिन्तन नगरोस् ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

समाहिता ये प्रविलाप्य वाह्यं श्रोत्रादि चेतः स्वमहं चिदात्मनि ।
त एव मुक्ता भवपाशबन्धैर्नान्ये तु पारोक्ष्यकथाभिधायिनः ॥
(विवेक-चूडामणि ३५७)

जुन मनुष्य श्रोत्रादि इन्द्रियवर्ग तथा चित्त र अहंकार यी वाह्य वस्तुहरूलाई आत्मामा लीन गरेर समाधिमा स्थित हुन्छ त्यही संसार- वन्धनदेखि मुक्त हो, जो केवल परोक्ष ब्रह्मज्ञानको कुरामात्र छाँट्दछ त्यो कहिले पनि मुक्त हुन सक्तैन ।

दृष्टान्त-- एकजना मानिस रोगले धेरै वर्षदेखि पीडित थिए, उनले वैद्यलाई भने-मलाई यस्तो प्रकारको रोग छ, सो रोगवाट सदा मुक्त हुने औषधि दिनुहोस् । वैद्यले भने-जुन औषधि म तिमीलाई दिन्छु त्यसको ठीक अनुपान मिलाएर सेवन गरे रोग तुरुन्त निको हुन्छ । यदि अनुपान मिलेन भने उल्टो असर गर्दछ । मेरो औषधिको अनुपान के हो भने, औषधि सेवन गर्दा कालो मुख भएको वाँनरलाई सम्झनु हुँदैन । यति भनी औषधि दिए । रोगीले औषधि सेवन गर्न लाग्दा त्यस समय कालो मुख भएको वानरको संझना भइरहेकोले औषधि सेवन गर्न नसकी भने-मैले तपाईंको औषधि सेवन गर्न सकिनँ । अनि वैद्यले भने-रातो मुख भएको वानरलाई स्मरण गर कालो मुख वानरको संझना हुँदैन । रोगीले त्यस्तै गरी औषधि सेवन गरेर निरोगी भए ।

सिद्धान्त-- यहाँ रोगी भनेको जिज्ञासु साधक हुन् । वैद्य भनेको श्रोत्रिय-ब्रह्मनिष्ठ गुरु हुन् । औषधि भनेको वेदान्त शास्त्र हो । कालोमुख भएको वानर भनेको विषयाकार वृत्ति हो र रातो मुख भएको वानर ब्रह्माकार वृत्ति हो । ब्रह्माकार वृत्तिमा आरोहण नभई विषयाकार वृत्ति नष्ट हुँदैन ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

तदैवमात्मन्यवरुद्धचित्तो न वेद किञ्चिद् बहिरन्तरं वा ।
यथेषुकारो नृपतिं व्रजन्तमिषौ गतात्मा न ददर्श पार्श्वे ।।
[भागवत ११।९।१३]

यस्तो प्रकारले जसको चित्त आफ्नो आत्मामा नै स्थिर निरुद्ध हुन जान्छ, उसलाई बाहिर-भित्र कहीँ कुनै पदार्थको भान हुँदैन । एउटा वाण वनाउने कारिगर वाण वनाउनमा यस्तो तन्मय भइरहेको थियो कि त्यसको अगाडिबाटै ठूलो फौजसहित राजाको सवारी भएर गयो तर उसले थाहा पाएन ।

ब्रह्माकारमनोवृत्तिप्रवाहोऽहंकृतिं विना ।
संप्रज्ञातः समाधिः स्याद् ध्यानाभ्यासप्रकर्षतः ।।

ध्यानको अभ्यास बढ्न जानाले अहकारको विना नै ब्रह्माकार मनोवृत्तिको प्रवाह हुन्छ, यही संप्रज्ञात (सविकल्प) समाधि भनिन्छ ।

प्रशान्तवृत्तिकं चित्तं परमानन्ददीपकम् ।
असंप्रज्ञातनामायं समाधिर्योगिनां प्रियः ।।

चित्तवृत्ति परमानन्दको प्रकाश गर्न लाग्छ अर्थात् कैवल्य तत्त्व स्वयं रूप भएर साक्षात्कार हुन लाग्छ । यही योगीहरूको अत्यन्त प्रिय असंप्रज्ञात (निर्विकल्प) नामको समाधि हो ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

संस्कृत वाङ्मयमा काव्यशास्त्र

प्रा० सिद्धिनाथ गौतम

कुनै पनि विषयलाई सार संक्षेपमा प्रस्तुत गरी त्यसको समुचित ढंगले सुन्दररूपमा परिचय दिन खोज्नु त्यति सरल कुरा होइन। त्यसमा पनि काल र जगत्‌को विशालता व्यापकता र सर्वाङ्गीणतामा प्रकाश पार्न ठूलै प्रवन्धको आवश्यकता पर्दछ। यो सानो निवन्धमा काव्यशास्त्रलाई समेट्न खोज्नु अस्वाभाविक साहस प्रदर्शन गर्नु हो। यी सवै कुरा हुँदा हुँदै पनि यथासंभव काव्यशास्त्र-सागरका विषय-विन्दुहरूलाई टिप्ने वा गणना गर्ने प्रयास यस लेखमा गरिएको छ।

यस विषयमा प्रकाश पार्न खोज्दा सर्वप्रथम कवि काव्य र शास्त्रका संवन्धमा गरिएका परिभाषा एवं लक्षणहरूको उल्लेख गर्नु वाञ्छनीय हुन जान्छ। वैदिक साहित्यान्तर्गत ईशावास्योपनिषद्‌मा कविलाई 'कविर्मनीषी परिभूः स्वयम्भूः' यस रूपमा वर्णन गरिएको छ। 'कवयः क्रान्तदर्शिनः' 'निरङ्कुशाः कवयः' यस किसिमसंग पनि कविको संमानद्योतक वाक्यहरू प्रयोग गरिएका छन्। 'अपारे काव्यसंसारे कविरेव प्रजापतिः। यथास्मै रोचते विश्वं तथैवं परिवर्तते'। संम भनी कविलाई प्रजापतिको स्थानमा नै समासीन गराइएको छ। 'कवि शब्दश्च' 'कवृ वर्णने' इत्यस्य धातोः काव्यकर्मणो रूपम्, भनी काव्यमीमांसाले उद्‌घाटन गरेको

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

छ । कोशकार अमरसिंह विद्वान्को पर्यायमा 'संख्यावान् पण्डित: कवि:' लेख्तछन् । यसरी असंख्यरूपमा कविलाई चिनाइएको परिभाषित गरिएको पाइन्छ ।

प्रतिभाको कारणवाट पनि कविका भेद हुने हुँदा प्रतिभाभेद प्रदर्शनका साथ कविका भेद प्रदर्शन गरिन्छन् । कारयित्री र भावयित्री दुई किसिमका प्रतिभा हुन्छन् । कारयित्री प्रतिभाका सहजा, आहार्या र औपदेशिकी गरी तीन भेद मानिएका छन् । जन्मान्तरको संस्कारसंग संवन्ध सहजा प्रतिभाले युक्त भएको कवि सारस्वत कहलाउँछ । यसै जन्मको संस्कारसँग संवन्धित प्रतिभा आहार्या हो र त्यस्तो प्रतिभाले युक्त कवि आभ्यासिक मानिन्छ । मन्त्र तन्त्रादि उपदेशवाट उत्पन्न औपदेशिकी प्रतिभाले युक्त कवि औपदेशिक हो । यसरी प्रतिभाको कारणवाट कवि तीन प्रकारका मानिएका छन् ।

'प्रतिभाव्युत्पत्तिमांश्च कवि: कविरित्युच्यते ।' यस्तो लक्षण गरेर राजशेखरले शास्त्रकवि, काव्यकवि र उभयकवि तीन प्रकारका कवि हुन्छन् भनी लेखेका छन् । शास्त्रकविका पनि तीन भेद वताएका छन् । रचनाकवि, शव्दकवि, अर्थकवि जस्ता भेद मानी काव्यकविका आठप्रकार देखाएका छन् । यस किसिमका कविका पनि काव्यविद्यास्नातक, हृदयकवि, अन्यायदेशी, सेविता, घटनान, महाकवि, कविराज, आवेशिक, अविच्छेदी, संक्रामयिता नाम गरिएका दश अवस्थाको प्रतिपादन राजशेखरले नै गरेका छन् । कविवर क्षेमेन्द्रले आफ्नो कविकण्ठाभरणमा निम्न पद्यानुसार कविका छ भेदको उल्लेख गरेका छन् ।

छायोपजीवी पदकोपजीवी पादोपजीवी सकलोपजीवी ।
भवेदथ प्राप्तकवित्वजीवी स्वोन्मेषतो वा भुवनोपजीवा: ।।

यी भेदमध्ये अन्तिम दुई प्रकारका मौलिक हुन् र अरू पराश्रित हुन् ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

'कवेः कर्म काव्यम्' व्युत्पत्तिलभ्य अर्थ यस्तो भएता पनि प्रवृत्तिलभ्य वा लक्षणलक्षित अर्थ वा परिभाषाचाहिं काव्यका विषयमा विभिन्नरूपले गरिएको पाइन्छ । चन्द्रालोककार जयदेव काव्यलाई यसरी चिनाउँदछन् –

निर्दोषा लक्षणवती सरीतिर्गुणभूषणा ।
सालङ्काररसानेकवृत्तिर्वाक् काव्यनामभाक् ।।

सर्वप्रथम काव्यमा अलङ्कारसंप्रदायको प्रारम्भ भयो । 'काव्यं ग्राह्यमलङ्कारात् । सौन्दर्यमलङ्कारः । स दोष गुणालङ्कार-ज्ञानदानाभ्याम् ।' इत्यादि काव्यालङ्कार सूत्रमा उल्लेख गरिएको छ । 'काव्यशोभाकरान् धर्मानलङ्कारान् प्रचक्षते ।' भनी दण्डीले काव्यादर्शमा उल्लेख गरी उक्त संप्रदायको परिपोषण गरेका छन् ।

त्यस पछि 'रीतिरात्मा काव्यस्य' यस्तो उद्घोषणा गरी वामनाचार्यले रीतिसंप्रदायको संस्थापन गरे । कुन्तकाचार्यले 'वक्रोक्तिः काव्यजीवितम्' भनी अलङ्कारसंप्रदायमा वक्रोक्तिको प्राधान्य दर्शाएका छन् । विकासवादको सिद्धान्तअनुसार आआफ्ना मत र संप्रदायप्रवर्तनमा होड हुँदै जाँदा राजानक आनन्द वर्धनले 'काव्यस्यात्मा ध्वनिः' भन्ने पूर्वाचार्यहरूको उद्गर्जन-लाई सुदृढ गार्दै स्पष्टरूपमा ध्वनिस्वरूप निर्देशन गरी ध्वनि-संप्रदायको प्रसार गरे । त्यति भएर पनि काव्यको सूक्ष्म तत्त्वको अनुसन्धान एवं विवेचना जारी नै रह्यो । कविराज विश्वनाथले 'वाक्यं रसात्मकं काव्यम् ।' लेखेर काव्यजगत्मा रससंप्रदायलाई सुदृढ अवसर प्रदान गरे ।

'तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि' यस्तो काव्यलक्षण गर्ने काव्यप्रकाशकार मम्मटभट्ट पनि 'वाच्याति-शयिनि व्यङ्ग्ये ध्वनिस्तत् काव्यमुत्तमम् ।' भनेर उत्तम काव्यमा

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

ध्वनि, त्यसमा पनि रसध्वनिलाई राखी रससंप्रदायको बाटोमा बाह्रौं शताब्दीमा नै अग्रसर नभएका होइनन् ।

'रमणीयार्थप्रतिपादकः शब्दः काव्यम् ।' भनी काव्यलक्षण गर्ने पण्डितराज जगन्नाथले त झन् आफ्नो ग्रन्थनाम नै 'रसगङ्गाधर' भन्ने राखी विस्तृत एवं सूक्ष्मातिसूक्ष्मरूपमा विभिन्न मत मतान्तर प्रदर्शनका साथ रस विवेचना गरी रससंप्रदायलाई अन्तिम पराकाष्ठा चरम उत्कर्षमा पुऱ्याएका छन् ।

'शासु अनुशिष्टौ' यस धातुबाट ष्ट्रन् प्रत्यय गरी शास्त्र यो प्रयोग सिद्ध हुन्छ । 'शास्तीति शास्त्रम्' यस्तो विग्रहद्वारा निष्पन्न शास्त्रशब्दले सामान्यरूपमा श्रुति स्मृति पुराण आन्वीक्षिक्यादि शास्त्रलाई बताउँदछ तापनि यहाँ काव्यशास्त्र भनेर अलङ्कारशास्त्रको अपरपर्याय स्वीकार्नुपर्दछ । जस्तो साहित्य शब्दले व्यापक वाङ्मयलाई पनि बुझाउँदछ र व्यवहारमा साहित्य विषयलाई लिइन्छ । त्यस्तै काव्यशास्त्र भन्दा पनि व्यापक सम्पूर्ण साहित्यजगत्लाई नै पनि लिन सकिन्छ, । तापनि यहाँ काव्यशास्त्र भनेर काव्यजगत्लाई निर्देश गर्ने लक्षणशास्त्र मान्नुपर्ने हुन्छ । अर्थात् काव्यभन्दा समस्त काव्यजगत् र काव्यशास्त्रभन्दा तन्निर्देशक अलङ्कारशास्त्रलाई व्यवहारमा लिने गरिएको छ । यस्तो व्यावहारिकता केही भए तापनि काव्य र काव्यशास्त्र दुवै पक्षमा यथाकथञ्चित् दिग्दर्शन तथा विवेचना गरिन्छ ।

काव्य क्षेत्रमा 'लघुत्रयी' भन्ने नामले प्रसिद्ध भएका रघुवंश, कुमारसम्भव र मेघदूत यी कृतिहरूको र महाकवि कालिदासनिर्मित अन्य रचनाहरूको समेत विशेषताको विस्तारपूर्वक वर्णन गर्नु सम्भव छैन । केही दिग्दर्शन प्रस्तुत गरिन्छ । महाकवि कालिदास, 'कविता कामिनी-विलासः' त छँदैछन् । 'उपमा कालिदासस्य' यस्तो प्रसिद्धिका साथै 'दीपशिखा' को उपाधिद्वारा विभूषित हुन पुगेका छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

वासन्तं कुसुमं फलं च युगपद् ग्रीष्मस्य सर्वं च यद्
यच्चान्यन्मनसो रसायनमहो सन्तर्पणं मोहनम् ।
एकीभूतमभूतपूर्वमथवा स्वर्लोकभूर्लोकयो-
रैश्वर्यं यदि वाञ्छसि प्रियसखे शाकुन्तलं सेव्यताम् ।।

जर्मन कवि गेटेद्वारा यस किसिमसंग तारिफ गरिएको यिनै महाकविको अभिज्ञान शाकुन्तलले प्राप्त गरेको विश्वसम्मान एवं असाधारण महत्त्व पनि कसैबाट छिपेको कुरा होइन ।

'माघे मेघे गतं वयः' यसरी ख्याति प्राप्त गरेको मेघदूतको 'धूमज्योतिःसलिलमरुतां सन्निपातः क्व मेघः' इत्यादिद्वारा गरिएको मेघको वैज्ञानिक स्वरूप निर्देश, तन्वी श्यामेत्यादि श्रृङ्गारिकता र अरू यस्तै लोकोत्तर विशेषताहरू के सबैका दृष्टि पथमा आएका छैनन् र !

विभिन्न व्यावहारिक अवस्थाहरूको भावपूर्ण तरीकाले प्राञ्जल शैलीमा मूर्त चित्रण गर्नमा महाकवि कालिदासलाई जुन सफलता मिलेको छ त्यो पनि सहृदयसंवेद्य नै छ । रघुवंशको अष्टमसर्ग र कुमारसम्भवको चतुर्थ सर्गको वर्णन-परिपाटीको अनुपमताले प्रभावित नहुने पाठक शायदै कोही होला ।

'वृहत्त्रयी' मा पर्ने किरातार्जुनीय, शिशुपालवध, एवं नैषध महाकाव्यका विशेषता तथा गरिमाको संकेत गर्ने 'भारवेरर्थ-गौरवम्' 'माघे सन्ति त्रयो गुणाः' 'उदिते नैषधे काव्ये क्व माघः क्व च भारविः' इत्यादि उक्तिहरू विद्वान्हरूको लोचनगोचर नै छन् । 'हितं मनोहारि च दुर्लभं वचः', 'गिरोऽथवा श्रेयसि केन तृप्यते ।' 'पित्तेन दूने रसने सितापि तिक्तायते हंसकुलावतंसः ।' जस्ता लोक व्यवहारमा उपयुक्त सूक्तिहरूको वैशिष्टच पनि कम छैन । अनुदार पक्ष वा प्रभुशक्तिलाई स्वीकार गरी गरिएका 'ज्वलितं न हिरण्यरेतसं चयमास्कन्दति भष्मनां जनः।' 'मदसिक्त-मुखैर्मृगाधिपः करिभिर्वर्तयते स्वयं हतैः ।' जस्ता भारविका भीषण

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundi

गर्जनाको र उदारपक्ष वा मन्त्रशक्तिलाई स्वीकारेर 'सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम्'। 'शुचिभूषयति श्रुतं वपुः प्रशमस्तस्य भवत्यलंक्रिया।' 'सुकृतःपरिशुद्ध आगमः कुरुते दीप इवार्थदर्शनम्।' जस्तो महाराज युधिष्ठिरद्वारा प्रस्तुत गरिएका विचारपूर्ण बुद्धिवादी दृष्टिकोणको राजनीतिक दृष्टिले जुन असाधारण वैशिष्ट्य छ, त्यसको शाश्वत मूल्य पनि उपेक्षित रहन सक्तैन।

त्यस्तै नै पौरुषपक्ष वा प्रभुशक्तिलाई आश्रय गरेर 'अनिर्लोडितकार्यस्य वाग्जालं वाग्मिनो वृथा।' 'आत्मोदयः परज्यानिर्द्वयं नीतिरितीयती। तद्दूरीकृत्य कृतिभिर्वाचस्पत्यं प्रतायते।' यस किसिमसंग गर्जने माघका बलरामको र प्रज्ञा तथा उत्साहशक्तिलाई आलम्वन गरेर 'तौ हि मूलमुदेष्यन्त्या जिगीषोरात्मसंपदः' भन्ने मन्त्रशक्ति र उत्साहशक्ति वा अर्को पक्षमा भाग्य र पराक्रमका समन्वयवादी माघका उद्धवको राजनीतिक प्रसङ्गले पनि विज्ञजनहरूलाई कम आकृष्ट पारेको छैन।

पञ्चनली जस्ता श्लेषमय रचनाहरूको बाहुल्य शब्दाडम्बरका साथका भावपक्षात्मक दुरूह कल्पनातिशयता, प्रौढ पाण्डित्यपूर्ण शैलीजस्ता श्रीहर्षको नैषधमहाकाव्यका विशेषताहरू पनि वर्णनातीत नै रहेका छन्।

यसरी पद्यसाहित्यमा लघुत्रयीका प्रतिपादन गरिएको हृदयस्पर्शी रसात्मक भावपक्ष तथा वृहत्त्रयीभा शब्दचमत्कारात्मक युगान्तकारी कलापक्षप्रधान जुन शैली रहेको छ, त्यसको केही सारसंक्षेपको यो संकेत मात्र हो।

'कविर्दण्डी कविर्दण्डी कविर्दण्डी न संशयः।' यस रूपमा प्रसिद्ध भएका महान् गद्यकवि दण्डीको सुभग, मनोरम, पदलालित्यप्राण गद्य गुम्फनशैली, सुवन्धुको अतिशयोक्ति, अनुप्रास र समासबहुल गौडी रीति, 'वाणोच्छिष्टं जगत्सर्वम्।' कविकरिकुम्भपाटनविधौ

al Sanskrit University, Balmeeki Campus, Kathm

m Public Domain. Digitization by eGangotri.Funding

बाणस्तु पञ्चाननः।' आदि रूपमा ख्याति प्राप्त 'तुरङ्गवाण' वाणभट्टको असाधारण गद्य निर्माणशक्ति, यिनीहरूले 'गद्यं कवीनां निकषं वदन्ति' को सार्थकता सम्पादनमा कम भूमिका खेलेका छैनन् ।

'गद्यपद्यमयं काव्यं चम्पूरित्यभिधीयते' यस्तो लक्षण-लक्षित नलचम्पू भारतचम्पू जस्ता चम्पूकाव्यको प्रतिष्ठा पनि काव्य संसारमा सजीव रूपमा नै रहेको छ ।

दृश्य अर्थात् नाटच जगत्मा आपाततः दृष्टिपात गर्दा 'भासो हासः' कविता–सुन्दरीको हाँसोको रूपमा बर्णन गरिएका स्वप्नवासवदत्त, प्रतिज्ञा यौगन्धरायण, प्रतिमा नाटक आदि तेह्र वटा रूपक ग्रन्थहरू निर्माण गर्ने भास, 'सत्यमेव जयते नानृतम्' का प्रतिपादक मृच्छकटिक नामक प्रकरणका रचयिता शूद्रक कवि, रत्नावलीकार हर्षवर्धन, वीररसप्रधान वेणीसंहार नाटककार भट्टनारायण, 'भवभूतेः शिखरिणी निरर्गलतरङ्गिणि । रुचिराघनसन्दर्भे या मयुरीव नृत्यति । 'उत्तरे रामचरिते भव-भूतिर्विशिष्यते' इत्यादि रूपमा प्रसिद्ध भएका भवभूति, 'मुरारि-पदचिन्तायां भवभूतेस्तु का कथा । भवभूतिं परित्यज्य मुरारिमुर रीकुरु' यसरी प्रतिष्ठा प्राप्त गरेका अनर्घराघवकार मुरारि चाणक्यको कूटनीतिमय अति नै सामाजिक एवं राजनीतिपूर्ण मुद्राराक्षसकार विशाखदत्त समेतले दृश्यकाव्यजगत्मा दिएको असाधारण योगदानको वर्णन पनि यस सानो सन्दर्भमा गर्न सकिने कुरा होइन ।

मयूर वाण आदि कविहरूले बनाएका मयूरशतक चण्डी-शतक आदि स्तोत्रकाव्य, शार्ङ्गधर बल्लभदेव आदिद्वारा निर्मित सुभाषित काव्य, गुणाढ्य, विष्णुशर्मा, सोमदेव बल्लाल सेनहरूले सम्पादन गरेका बृहत्कथा, पञ्चतन्त्र, कथा सरित्सागर, भोज-

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

प्रवन्धजस्ता कथासाहित्यहरू काव्याकाशमा चमकिला ताराहरूका रूपमा सुशोभित भइरहेकै छन् ।

पुराण रामायण महाभारतहरूको त उपज्ञात्व एवं उपजीव्यता नै काव्यशास्त्र जगत्मा रहेको कुरा निर्विवाद र सर्व विदित नै छ ।

नाटचशास्त्राचार्य भरत मुनिले 'विभावानुभावव्यभिचारी संयोगाद्रसनिष्पत्तिः' भनी रसोत्पत्तिका विषयमा प्रतिपादन गरेको रससिद्धान्तको सूत्रलाई नै स्वीकार गरी भट्टनायक, श्री शङ्कुक, भट्टलोल्लट एवं अभिनवगुप्तपादाचार्य जस्ता महान् रसवेत्ताहरूले केवल व्याख्या मात्र आ–आफ्ना ढंगले गरेका छन् । यस्तो अकाटच रससूत्रका निर्माता भरत मुनिले काव्य जगत्मा ओगटेको स्थान पनि कम गौरवको छैन ।

भरत मुनिका समयमा नै सूक्ष्म रूपमा विवेचना गरी स्थापना गरिएको रस सिद्धान्त, रसवाद वा रस संप्रदायलाई अलङ्कार, वक्रोक्ति, रीति, ध्वनि संप्रदायभन्दा पनि पछि विकसित र संस्थापित भएको भनी मानिने गरेको संप्रदाय विकासक्रमको संगतिका लागि दृश्य काव्य जगत् र श्रव्य काव्य जगत्को स्थिति तर्फ ध्यान दिनुपर्ने हुन्छ । अर्थात् भरत मुनिका समयतिर रसवादको विवेचना नाटचशास्त्र–दृश्य काव्यतर्फ मात्र भएको थियो भने संप्रदाय विकासक्रम श्रव्यकाव्य जगत्लाई समेत लिई मानिएको छ ।

काव्यालङ्कारकार भामह, काव्यादर्शका रचयिता दण्डी काव्यालङ्कार सूत्रकार वामन, ध्वन्यालोककार आनन्दवर्धनांचार्य लोचनकारअभिनवगुप्तपादाचार्य, मम्मट, विश्वनाथ, पण्डितराज जगन्नाथ एवं अरू पनि अलङ्कार शास्त्राचार्यहरूको र काव्यालोचन मार्गमा दीपायित तन्निर्मित काव्य शास्त्रहरूका महत्त्व, विशेपता र उपयोगिताको वर्णन गर्नु, मदमत्त हात्तीलाई दमन

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

गर्न समर्थ सिंहको ताडिफ गर्न मृगवधको प्रसङ्ग ल्याउनु जस्तै महत्ता घटाउने किसिमको तिरस्कारजनक हुने हुँदा विस्तारतर्फ लागिंदैन ।

काव्य शरीरमा श्रुतिकटु आदि दोष काणत्व खञ्जत्वादिको रूपमा अनुप्रास यमक आदि शब्दालंकार र उपमादि अर्थालंकार, कटककुण्डलादि गहनाको रूपमा माधुर्यादि गुण शौर्यादिको रूपमा पाञ्चालिक्यादि रीतिहरू शरीरका विभिन्न अवयवहरूको स्थिति विशेषको रूपमा कौशिक्यादि वृत्तिहरू विलास विन्यास क्रमको रूपमा र शृङ्गारादि रसहरू आत्माको रूपमा रहेको कुरा साहित्य जगत्मा स्वीकार गरिएको छ ।

काव्यं यशशेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये ।
सद्यः पर निर्वृतये कान्तासम्मिततयोपदेशयुजे ।।

यसरी प्रभुसम्मित, सुहृतसम्मित र कान्तासम्मित कथन प्रकार मध्ये कान्तासम्मित शैलीमा प्रतिपादन गर्नु र कीर्ति, धन, व्यवहारज्ञान, कल्याण र परमानन्द प्राप्ति गर्नु समेतलाई मम्मटले काव्यप्रयोजन मानेका छन् ।

चतुर्वर्गफलप्राप्तिः सुखादल्पधियामपि ।
काव्यादेव यतस्तेन तत्स्वरूपं निरूप्यते ।।

विश्वनाथ कविराजले काव्य प्रयोजनमा यस्तो समुल्लेख गरेका छन् । ब्रह्माको सृष्टिभन्दा पनि कविको सृष्टिमा वैशिष्ट्य दर्शाउदै मम्मटाचार्य लेख्तछन्–

नियतिकृतनियमरहितां ह्लादैकमयीमनन्यपरतन्त्राम् ।
नवरसरूचिरां निर्मितिमादधती भारती कवेर्जयति ।।

यसै प्रसङ्गमा काव्यकरणको उद्घोषणा पनि तिनैले यसरी गरेका छन्–

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

शक्तिर्निपुणतालोकशास्त्रकाव्याद्यवेक्षणात् ।
काव्यज्ञशिक्षयाभ्यास इति हेतुस्तदुद्भवे ।।

यी तीन समष्टि रूपमा कारण हुन्, अलग अलग कारण होइनन् भन्ने स्पष्ट गर्न 'हेतव:' यस्तो वहु वचनको प्रयोग गरी एक वचनान्त 'हेतु:' को प्रयोग गरिएको हो ।

प्रतिभा नै काव्य कारण मान्ने जयदेवले लेखेका छन्–

प्रतिभैव श्रुताभ्यास सहिता कवितां प्रति ।
हेतुर्मृदम्वुसंवद्धा वीजमाला लतामिव ।।

ध्वन्यालोककार आनन्दवर्धनाचार्यले कविलाई इतिहासकारभन्दा पृथक दायित्व वहन गर्ने 'न हि कवेरितिवृत्तमात्रनिर्वहिणात्मलाभ इतिहासादेरेव तत्सिद्धे:' भन्दै लोकोत्तर रसमय साहित्यिक वर्णनमा निपुण 'यथास्मै रोचते विश्वं तथेदं परिवर्तते' को रूपमा मानेका छन् । साहित्यमा अरू कविको छाया पर्नु सादृश्य हुनु ठीक वेठीक के हो भन्ने सम्वन्धमा यिनै आचार्यले तीन किसिमको अवस्था मानेका छन् । पहिले प्रतिविम्वरूप र दोस्रो आलेख्य (फोटो) रूपलाई क्रमश: एकै आत्मा र तुच्छ आत्माको यी दुईलाई त्याज्य मानी तेस्रो तुल्यदेही रूप (समान अनुहारको व्यक्ति) लाई प्रसिद्ध छुट्टै आत्माको मानी 'तृतीयं तु प्रसिद्धात्म नान्य: साम्यं त्यजेत् कवि:' भन्दै तुल्यदेही रूप अन्य सादृश्य चाहिं स्वीकार्य नै मानिएको छ ।

मुक्ताफलेपुच्छायायास्तरलत्यमिवान्तरा ।
प्रतिभाति यदङ्गेषु तल्लावण्यमिहोच्यते ।।

यसरूपमा परिभाषित लावण्य, जसरी सुन्दरीको वदनमा समष्टिरूपमा अतिशय शोभाकर हुन्छ; त्यसरी नै महाकविहरूको वाणीमा लावण्य तुल्य प्रतीयमान व्यङ्ग्यार्थ असाधारण एवं

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

चमत्कार जनकरूपमा सहृदय संवेद्य भइरहेको हुन्छ भन्ने कुरा पनि आनन्द वर्धनले निर्देश गरेका छन् ।

उपकारत्वादलङ्कारः सप्तममङ्गम् ऋते च तत्स्वरूप परिज्ञानाद्वेदार्थानवगतिः' भनी अलङ्कारलाई राजशेखरले वेदको सातौं अङ्ग प्रतिपादन गर्दै 'द्वा सुपर्णा सयुजा सखाया. . . . . .' इत्यादि अतिसयोक्तिपूर्ण श्रुतिउदाहरणस्वरूप प्रमाणको रूपमा समुपस्थापित गरेका छन् । 'रसो वै स . . . ', 'रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति' जस्ता रस प्रतिपादक र ' अभ्रातेव पुंसः . . . . .' इत्यादि उपमामय वैदिक प्रयोगहरूले वेदकासाथ काव्यशास्त्रको संबन्ध स्पष्टतया प्रदर्शन गरिरहेकै छन् ।

'क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः ।'

यस किसिमको रमणीयता संपादन गर्नमा सम्पूर्ण पदार्थहरू काव्यात्मक रसमयताद्वारा नवीनतामा प्राप्त भएर वसन्त समयका रसिला वनपङ्क्ति ळैं शाश्वतरूपमा समर्थ भइररेकै छन् । अन्यथा 'व्यसोच्छिष्टं जगत्सर्वं' 'वाणोच्छिष्टं जगत् सर्वम् ।' भनिसकिएको हुँदा सम्बूर्ण पदार्थमा नवीनता आउन नसकी रमणीयता नै समस्त भइसकेको हुने थियो ; भनिएको पनि छ–

दृष्टपूर्वा अपि ह्यर्थाः काव्ये रसपरिग्रहात् ।
सर्वे नवा इवाभान्ति मधुमास इव द्रुमाः ।।

माथि वताइएको कारयित्री प्रतिभाका अतिरिक्त भावयित्री प्रतिभाद्वारा भावकले समालोचना गर्दछ । यस किसिमको प्रतिभायुक्त भावक कवि हुन र कवि भावक हुन नसक्ने कुरामा यौटा सूक्ति यस्तो छ–

कश्चिद् वाचं रचयितुमलं श्रोतुमेवापरस्तां
कल्याणी ते मतिरुभयथा विस्मयं नस्तनोति ।
नह्येकस्मिन्नतिशयवतां सन्निपातो गुणाना-
मेकः सूते कनकमुपलस्तत्परीक्षाक्षमो ऽन्यः

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

जसरी पूर्वाचार्यहरूले रस, रीति, ध्वनि, अलंकार र वक्रोक्ति आदिका माध्यमबाट काव्यकलाको मूल्यांकनमा भाव-पक्ष र रूपपक्ष पनि भनिने कलापक्षको आधार स्वीकार गरेका छन्; त्यसरी नै पाश्चात्यहरूले पनि उक्त दुई पक्षको भेद प्रदर्शनका साथ स्पष्ट आधार मानेका छन्। पौरस्त्य आलोचना प्रणालीका अस्पष्ट वस्तुपक्षलाई पश्चात्यहरूले विशदरूपमा दर्शाएका छन्।

-O-

al Sanskrit University, Balmeeki Campus, Kathm

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

मर्यादा धर्म र ऐन कानून

प्रा. ऋषिराम पोखरेल

संसारको जीउँदो आधारशिला आधुनिक प्रयोगशालामा पत्ता लगाउनु दुःसाध्य भए पनि धर्म र दर्शनको माध्यमले सुसाध्य हुनजान्छ। यस कुरामा विवेकी दार्शनिकहरूको आत्मानुभूतिले स्थायी साक्ष्य दिइरहेको छ यस उसले धर्म र ऐन कानून आदिको व्यावहारिक पक्ष मर्यादाको दृढतम आधारशिलामा अवस्थित भएको कुरामा विश्वको विश्वास छ। मर्यादापालनको शब्दार्थ आफ्नू सीमाभित्रै अवस्थित हुनु हो यसैले सीमा र मर्यादाको एकार्थक (पर्यायवाचि) ता अनुरूप व्याख्या दिने निरुक्तकार वेद–व्याख्या क्रममा मर्यादाका प्रेरक र पोषक मर्य–(मानव)को सीमा रक्षा गर्न खोजेका छन्।

वस्तुतः मर्यादाको अर्थ सीमा भए पनि देशकालादिको अवच्छेदक मर्यादाको आफ्नै किसिमको सीमाङ्कन छ भन्नु सर्वथा युक्तिसंगत हुन आउँदछ। ऐन कानूनको दृष्टिमा नगनिने कतिपय कुरा सामाजिक मर्यादा भित्र पर्ने हुन्छन् भने कतिपय कुरामा सामाजिक मर्यादा भित्र पर्ने ऐन कानूनको साझा दृष्टि परेको हुन्छ। सत्यभाषण धर्म र मर्यादाको अनुकूल भए पनि असत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundi

चाहीं यदाकदा कानूनको दृष्टिमा अपराधवाट वच्ने आधार हुन सक्छ। यथार्थमा कानूनी कुराको साक्ष्य दिंदा कहिलेकांही सत्य र असत्य भाषण दुवैको महत्त्वपूर्ण भूमिका रहेको कुरा वकिलहरू-लाई वढी थाहा हुन सक्तछ। चोरी गर्नु सामाजिक मर्यादाको प्रतिकूल भए पनि प्रत्यक्ष प्रमाणको अभावमा कानूनी दृष्टिमा क्षम्य पनि हुन सक्छ। तर धार्मिक दृष्टिमा अक्षम्य अपराधको दृष्टिमा परिगणित हुन आउँने हुँदा चोरले आफ्नो अपराध प्रकट नगरे पनि मर्यादाले शिर उँचो गर्न दिंदैन।

वस्तुगत चोरीभन्दा कर्तव्य वञ्चनारूप चोरीको रोगले विश्वको मानव मर्यादामा ठूलो हलचल ल्याएको छ। यो कुरा वर्तमानको ताजा अनुभवको रूपमा देखिएको दुःसमाधेय व्यापक समस्या हो। यही विकराल समस्यावाट उत्पन्न भयावह स्थितिले आजको विश्व त्रस्त छ।

एकातिर सामाजिक मर्यादाका सीमालाई कानूनी रूपमा आवद्ध गरिंदै आएको कुरा विश्वरङ्गमञ्चमा देखिन्छ भने अर्कोतिर ऐन कानूनका पनि सीमा नाघेर लगाइने चाकडि र चाप्लुसी भित्र हुर्केर शक्ति र श्रोतको आडमा परिपुष्ट तथा कथित सामाजिक मर्यादाको जन्म भएवाट देखिएका असङ्गति-हरूले गर्दा सामान्यतया सामाजिक र विशेष गरेर चेतनशील वौद्धिक जगत्मा देखापरेको उत्साहहीनताले कानूनी मान्यतावाट व्यवहार चल्न नसक्ने व्यावहारिक तथ्य छर्लङ्ग पारेको छ। उदाहरणको रूपमा राजनीतिक क्रियाकलापको सीमा नाघेर कुनै पनि राजनीतिक कार्यकर्ताले आफ्नो लक्ष्य प्राप्त गर्न असमर्थ हुनुपर्ने हो तापनि वर्तमान जगत्का केही अमर्यादित असङ्गति-हरूलाई दृष्टिगत गर्दा सफल हुनु असमर्थ होला भन्न पनि मर्यादा-ले दिंदैन।

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

अध्ययन संस्थानको कार्यारंभ भयो । त्यस समयमा सवभन्दा कठीन कार्य सोच विचारै नभएको नयाँ सिमेष्टर प्रणाली अनुसारको पाठ्यक्रमको निर्माण तथा पाठ्यपुस्तकको छनौट थियो । कक्षा संचालन गर्नुपर्ने अवधि ३०।३५ दिनको मात्र थियो अर्थात् २०३० साल श्रावण १ गतेदेखि सिमेष्टर प्रणाली अनुसार कक्षा सचालन गर्नुपर्ने थियो । त्यसमा पनि वैठक छलफल सरसल्लाहमा निकै दिन विते । अब थोरै दिन अवशेष रहे तापनि विद्वान् परिश्रमी वाल्मीकि महाविद्यालयका गुरुहरूले महाविद्यालयका कक्षाहरू स्थगित नगरी दैनिक पाठविवरण समेतको पाठ्यक्रम निर्माण गरिदिनुभयो । पुतलीसडकस्थित वा. सं म. वि.को दुई ओटा भवनमध्ये सानो भवनमा कार्यालय अवस्थित थियो, ठूलोमा कक्षाहरू संचालन भएका थिए तापनि पर्याप्त थिएनन् र जीर्ण हुनाले वर्षामा कक्षा संजालन गर्न सारै मुस्कील पर्ने हुनाले तात्कालिक प्रधानाचार्य श्री रामनाथ आचार्यको प्रशंसनीय प्रयासद्वारा महाविद्यालयको निमित्त छ रोपनी जमीन प्रदर्शनीमार्गमा उपलब्ध भयो । त्यहाँ स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट वा. सं. म. वि. को निमित्त भवन बनाइदिन गुठीसंस्थानलाई हुकुम वक्सेबमोजिम निर्माण भई रहेको थियो । सिंहदरबारको अग्निकाण्डले गर्दा गुठीसंस्थान र मालपोत विभाग त्यसै भवनमा थिए । परिस्थितिवश पद्मकन्या कलेजवाट संस्कृत अध्ययन संस्थान सर्नुपर्ने हुनाले प्रदर्शनीमार्गस्थित नयाँ भवनको खाली एक कोठामा कार्यालय सऱ्यो । केही दिनपछि श्रावण १ गते आयो । सबै कलेज, महाविद्यालयहरू क्याम्पसमा परिणत भए । वाल्मीकि संस्कृत महाविद्यालय-वाल्मीकि क्याम्पस, दाङ जनता महाविद्यालय--जनता क्याम्पस, जनकपुरको याज्ञवल्क्य संस्कृत महाविद्यालय र मटीहानीको लक्ष्मीनारायण संस्कृत महाविद्यालय मिलो मटीहानीमा याज्ञवल्क्य लक्ष्मीनारायण

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

क्याम्पस, धरान पिण्डेश्वर संस्कृत महाविद्यालय–पिण्डेश्वर क्याम्पसमा परिणत भए। ती चारै क्याम्पसका पुराना शिक्षक-हरू सबैलाई आषाढ २९ गते उपप्राध्यापकको नियुक्ति दिइयो। श्रावण १ गतेदेखि लागु हुने गरी २०३० आषाढ ३१ गते श्रीमान् उपकुलपतिज्यूको स्वीकृति अनुसार श्रीमान् संस्थानाध्यक्ष (डीन) ज्यूबाट सहायक संस्थानाध्यक्ष (स.डीन) को नियुक्ति श्री तोयनाथ पाण्डेयलाई दिइयो। जनता क्याम्पसमा श्री रामेश्वरशर्मा, याज्ञ-वल्क्य लक्ष्मीनारायण क्याम्पसमा श्री वालकृष्णशर्मा, पिण्डेश्वर क्याम्पसमा श्री टीकाप्रसाद वस्ती पीठ(क्याम्पस)प्रमुखमा नियुक्त हुनुभयो।

केन्द्रीय कार्यालय वाल्मीकि विद्यापीठ(क्याम्पस) को नयाँ-भवनको एक कोठामा चले तापनि श्रावण १ गते कक्षा सञ्चालन गर्न सकिएन र प्रमाणपत्र र स्नातक पुतलीसडकस्थित भवनमा र स्नातकोत्तर र आचार्य कीर्तिपुरमा सञ्चालित भए। केही दिन-को प्रयास पछि गुठी संस्थान र अर्थमन्त्रालय मालपोत विभाग-लाई पुतलीसडकको भवनमा वस्न दिएपछि नयाँ भवन खाली भयो र सबै कक्षाहरू नयाँ भवनमा नै चले। तर सो भवनमा गुठीसंस्थानले निर्माणका कार्यहरू बाँकी नै राखेको हुनाले बाँकी कार्य पूरा गराउन गुठीसंस्थानसँग अनुरोध गरियो। १ वर्ष बित्यो पूरा हुन सकेन। त्यसपछि २०३१ साल श्रावणदेखि संस्थानाध्यक्ष (डीन) को कार्यालय श्री ५ महाराजाधिराजको सदिच्छानुसार दाङमै सऱ्यो। दाङ हेमन्तपुरमा एउटा पारिवारिक घर भाडामा लिई कार्य सञ्चालन भयो। कार्यालय आदि सबै निर्माणहरू वेल-कुण्डीमा हुने थियो। पहिले वेलकुण्डीमा नेपाल संस्कृत विश्व-विद्यालय वन्ने प्रस्तावमा त्यहाँका जनतावाट श्री योगी नरहरि नाथज्यूले करीव ५०० विघा जति जमीन उपलब्ध गर्नुभएको थियो। ती जमीनहरू पानी नलाग्ने हुनाले सबै चौर वनी रहेका

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

थिए । यद्यपि वेलकुण्डीमा पहिले एउटा सानो पाको इँटको गाह्रो भएको घर र केही कच्ची छाप्राहरू वनेका थिए । तर ती अहिले ध्वस्तप्राय थिए । त्यहाँ पानीको अभाव थियो एकातिर निर्माण हुनुपर्ने स्तरयुक्त अध्ययन संस्थानका भवनहरू थिए भने अर्कोतिर सुखा चौरहरूमा कृषिकार्य पनि आरंभ गर्नुथियो । साना साना साधारण निर्माण संवन्धी उपकरणहरू पनि नेपालगंजवाट ल्याउनुपर्थ्यो । यस्तो विकट समस्या एकातिर थियो भने अर्कोतिर विश्वविद्यालयको संपत्ति वनिसकेको भूमिमा कतिपय व्यक्तिहरूले जमीन दखल गर्दै वसोवास जमाउँदै आएका थिए । यसलाई राम्रोसँग हृदयङ्गम गर्ने हो भने काठमाडौं निवासी एक संस्थानाध्यक्ष (डीन) लाई सानो तिनो विकट स्थित्ति आइ परेको होइन तर 'देहं वा पातयामि कार्यं वा साधयामि' भन्ने सिद्धान्तमा अटल रही कृषिको निमित्त एउटा ट्र्याक्टर खरीद गरी वर्षाको समयका खाडलमा पानी जमाई भवन निर्माण र कृषिकार्य आरंभ भयो । अथक प्रयासबाट एउटा पिउने पानीको इनारको निर्माण भयो । हालसम्म एउटा कार्यालय र डीनको आवास तथा थोरै तिने भए पनि अतिथिहरूलाई समेत पुग्नेगरी भव्य भवन तयार भएको छ । अर्को एउटा छ कोठा भएको कर्मचारीको आवास एउटा भान्साघर, एउटा भण्डारघर गरी जम्मा ४ ओटा पक्की घर, एक हजार फीट जतिको पक्की परखाल र ३० फीट जति गहिरो एक पक्की इनार तथा ५ ओटा कच्ची टहराहरू वनी तयार भएका छन् । डीनको सत्प्रयासबाट एउटा प्राथमिक पाठशालाको पनि स्थापना भएको छ र त्यसको निमित्त अध्ययन संस्थान, ग्रामीण जनता र संस्कृत अध्ययन संस्थान अन्तर्गतका चारै क्याम्पसको सहयोबाट एउटा पक्की पाठ्शाला भवन बनिरहेछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

वाल्मीकि विद्यापीठ (क्याम्पस) मा क्याम्पसप्रमुखको कार्यभार र डीनको अनुपस्थितिमा डीनको समेत काम चलाउने अभिभारा सहायकडीनलाई सुम्पिएको थियो । त्यसैले डीनको निर्देशनानुसार शैक्षिक कार्यक्रम जति सहायक डीनबाटै संचालन भयो । पाठ्यक्रमको संशोधन, नयाँ पाठ्यक्रमको निर्माण, प्रश्नहरूको निर्माण तथा संशोधन सबै क्याम्पसहरूमा परीक्षा संचालन आदि कार्यहरू वाल्मीकि क्याम्पसबाटै भइरहेछ । निर्माणतर्फ पनि अरू क्याम्पसहरूमा अलि अलि निर्माण भइ नै रहेछ तर वाल्मीकि क्याम्पसमा भने गुठीसङ्गको लेखापढी र अनुरोधले १ वर्ष त्यसै बितेपछि दोश्रो वर्षको क्याम्पसकै बजेटमा बाँकी हुन आएको रू १०००००। निर्माणमा रकमान्तर गर्न उपकुलपतिबाट स्वीकृति पाएपछि गुठी संस्थानले अधुरो छाडि-दिएको निर्माणसंम्बन्धी कामहरू क्रमशः पूरा गरिँदैछन् ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाको प्रादुर्भाव पछि शैक्षिक क्रान्तिमा नयाँ नयाँ आलोकहरू थपिँदै छन् । नेपालमा आफ्नो संस्कृति र परंपराको संरक्षण र प्राचीन शास्त्रहरूको अध्ययन अध्यापन अनुसन्धान प्रचार एव प्रसार गर्ने उद्देश्यको साथसाथै अन्य अप्राविधिक अध्ययन संस्थानबाट उत्पादित जनशक्तिसँग दाँजिन सक्ने बनाउने उद्देश्यले समेत प्रमाण पत्रमा ६ स्नातकमा ११, स्नातकोत्तरमा ११, शास्त्रीय मूल क्षेत्रको अध्यापनकार्य भइरहेछ । त्यस्तै मानविकी तर्फको मूलक्षेत्रमा रहेका राजशास्त्र अर्थशास्त्र नेपाली र हिन्दीका विषयहरू जस्ताको तस्तै र क्रेडिट पनि उत्ति नै राखी संस्कृत अध्ययन संस्थानको सहायक क्षेत्रमा समावेश गरी तथा अनिवार्य क्षेत्र तर्फ संस्कृत रचना र वैकल्पिक संस्कृत रचना थप गरी अध्यापन कार्य भइरहेछ । पाठ्यक्रमको निर्माण, प्रश्नपत्रको निर्माण, परिक्षा सम्बन्धी निर्देशन प्रश्नपत्रको वितरण आदि डीन कार्यालयसंबन्धी कार्यहरू र पत्रहरूको

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

प्रत्येक व्यक्तिभित्र आफ्नै स्वतन्त्र संसार हुन्छ भन्ने तथ्यलाई राम्ररी नबुझेका भए हाम्रा पूर्वपुरुष ऋषिमहर्षिहरूले वैयक्तिक र सामाजिक मर्यादाको विशिष्ट चिन्तन गरेर दुवैलाई व्यावहारिक मर्यादाको रूपमा समाजमा परिष्ठित गराउनुपर्ने नै ठान्दथे । यी नै सबै कुरामा हाम्रो आस्था हुनु मर्यादाको व्यापक मान्यता हो भन्न करै लाग्छ ।

पश्चात्यसभ्यता भित्र विकसित सामाजिक मर्यादाका अपूर्णता सँगै गासिएका कानूनी मान्यता र निःषेधका सीमा नाघ्ने-हरूको अचिन्तित आधिक्यले सम्पूर्ण पश्चात्य सभ्यतालाई नै विचलित वनाउँने स्थितिको सिर्जना भएवाट प्राच्य सामाजिक मर्यादाका कतिपय कुराले पश्चात्य जगत्लाई नतमस्तक वनाएको पनि देखिन्छ भने प्राच्य जगत्भित्र देखिएका निष्क्रयता र, साम्प्रदायिकता आदि असङ्गतिले कदाकदा पश्चात्य पद्धतिलाई रुचाउनु परेको कुरा पनि स्पष्टै छ ।

आजको अणुयुगलाई भित्रभित्रै खोक्रो वनाउँने कुतत्त्व नै अमर्यादित, अमानवीय प्रवृत्तिको असम्भावित संक्रामक रोग हो । यस कुरामा अवश्य नै विश्वजनमतले मर्यादाको सीमा रक्षागर्ने विश्वास लिन सकिन्छ । चन्द्रयात्राको सफलतासँगै गाँसिएको मानवजगत्को रोजी रोटीको समस्याले एकातिरबाट मर्यादाको रक्षागर्न आह्वान गरिरहेको देखिन्छ भने अर्को तिर असंख्य धन-राशिको प्रयोगद्वारा विश्वनाशक आणविक हातहतियारको उत्पादनको होड चलेको देख्दा मानवीय मर्यादाको तिरस्कार हुँदै-रहेको मान्न करै लाग्छ । अझ स्पष्ट रूपमा सत्यलाई खुट्याउँन यसरी भन्नु उचित देखिन्छ – "सय्यौं वर्षको श्रम, शीप, साधन, लगन, उत्साह, धन र बुद्धिले प्राप्त गरेको मानवीय उन्नति र सभ्यतालाई अमर्यादित रूपमा वम पड्काएर खरानी पार्न खोजिएको कुरा वर्तमान जगत्को मर्यादित सिंहावलोकनबाट

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

स्पष्ट हुन्छ। वस्तुतः मर्यादा र ऐन कानूनलाई अनौपचारिक र औपचारिक रूपमा समाजले स्वीकार गरेको मर्यादा नै भने पनि युक्तिसंगत हुन्छ। यसै तथ्यलाई व्यक्तिगत मर्यादा नाघ्नेहरूले वुझ्पचाउँनु उचित देखिदैन। किनभने आत्मवञ्चनावाट समाज-लाई भन्दा वञ्चनागर्ने व्यक्तिलाई वाह्य र मानसिक सन्तुलन एवं सुख शान्तिवाट आफैं वञ्चित हुनुपर्ने कुराको वढी अनुभव त्यस्ता व्यक्ति विशेषको क्रिया कलापवाट जनसमाजले देखिरहेको छ।

निष्कर्ष के हुन आउँदछ भने मर्यादा समस्त विश्वको आधार शिला हो। ऐन कानूनले मर्यादाका अन्त्यमा अनिवार्य अङ्गलाई मात्र आफूभित्र आवद्ध गर्न सक्तछन्। अर्को अर्थमा मर्यादाको व्यष्टिरूप ऐन कानून हो, समष्टि त स्वयं मर्यादा नै हो। सबै किसिमका मर्यादाको उचित रूपमा परिपालन नभएका खण्डमा समस्त विश्वको संरचना नै अस्त व्यस्त हुन्छ। अतः कुनै व्यक्तिले ऐन कानूनको दृष्टिमा मात्र सफाई खोज्नु उसको सर्वथा ठूलो भूल हो। सही अर्थमा मानव वन्नलाई सम्पूर्ण मानवले समष्टि जगत्को उन्नति प्रगति किं वा समष्टि जीवन शरीरको मेरुदण्ड मर्यादा धर्मको उचित संरक्षण सम्वर्धन र अनुसरण गर्नु अन्ततोगत्वा अनिवार्य हुन आउँदछ। यसको निमित्त जो जहाँ छ र जे छ उसले तत्तत् क्षेत्रका कर्तव्य पालना रूप मर्यादा पालनको क्रियात्मक पक्ष– (जसलाई आज– भोलीको विज्ञानवादीले समेत वढी मन पराउँने गर्दछ) लाई सवैले स्वीकार्नु नै धर्म र मर्यादाको सामूहिक महत्त्ववोध गरेको हो भन्नु पर्दछ।

×

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

संस्कृत अध्ययन संस्थानको पहिलो तीन वर्ष र वाल्मीकिविद्यापीठ (क्याम्पस)

–तोयनाथपाण्डेय

नेपालमा संस्कृतको पठन-पाठनको प्राचीनता पहिल्याउन कति अघि पुग्नुपर्छ भन्ने कुरा अनुसन्धानको विषय भएको छ । नेपालमा संस्कृतको विशिष्टता कस्तो थियो भन्ने कुरा र प्राचीन कालदेखि स्वतन्त्र रहेको नेपाल अधिराज्यमा सस्कृतप्रति कत्तिको प्रेम थियो भन्ने कुरा समेत शिलालेखहरूवाट र संस्कृत भाषामा नेपाली विद्वान्हरूले लेखेका धार्मिक साहित्यिक र ज्योतिर्विज्ञानका उत्कृष्ट पुस्तकहरूले प्रष्ट पारेका छन् ।

अनन्त कालदेखि श्रुतिको रूपमा रहेको संस्कृत वाङ्मयले ससारमा सर्वज्येष्ठता लिएको कुरा सर्वसम्मत नै छ । प्राचीन-कालदेखि संस्कृतको रक्षा गर्न नेपाल पछि परेको छैन र नेपालकै राजावाट संस्कृतले संरक्षण पाउँदै आएको कुरा नेपाली इतिहासमा प्रष्ट छ । पछि आएर नेपालमा अंग्रेजी र संस्कृत २ प्रकारको शिक्षा चल्यो । राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु हुनुभन्दा अघिल्लो क्षण सम्म पनि यिनै दुईप्रकारका शिक्षा थिए, स्वतन्त्र थिए । तर यी दुई प्रकारका शिक्षाले मात्र

pal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundi

राष्ट्रको सर्वाङ्ग पूर्ण हुन सकेन । राष्ट्रका समस्त जनताको साझा समस्या समाधान गर्नुपर्ने जिम्मेवारी राष्ट्रले वेहोर्नुपर्ने छँदै थियो तापनि यसमा प्रगति हुन सकेन । यसै परिप्रेक्ष्यमा राष्ट्रियं आवश्यकताको परिपूर्तिका लागि सेवावृत्तिमा मात्र आधारित शिक्षालाई हतोत्साहित वनाई सद्ज्ञानयुक्त र स्वावलम्बी व्यावसायिक शिक्षाको सृजना गर्नुपऱ्यो । अन्ततोगत्वा २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना बन्यो ।

यस योजनालाई सफलीभूत बनाउन प्रत्येक शिक्षक र शिक्षार्थीको निमित्त निरन्तर प्रयास र इमान्दारी अपरिहार्य छन् । मानसपटलमा गतिशीलता नआई जीवनपद्धतिको अभिन्न अंग नभई यस चुनौतीलाई सकार्न सकिँदैन । यसको परिचालनमा प्रभावकारिता ल्याउन सहकारी भावनाको जागरण, दक्षताको अभिवृद्धि, श्रममा अभ्यस्त हुनुपर्छ । यस पद्धतिलाई सुन्दरतम र श्रद्धास्पद वनाउन, आध्यात्मिक र भौतिक समृद्धिलाई वढाउन र जोगाउन, सार्वभौमसत्तासम्पन्न राष्ट्रियताको अक्षुण्ण विकासको सन्दर्भमा शैक्षिक उत्पादन राष्ट्रको अङ्ग अङ्गमा विलीन हुन सक्नुपर्छ । यसै सन्दर्भमा राष्ट्रको आकाङक्षानुरूप उपकरणहरू उत्पादन गर्न त्रि. वि.द्वारा अध्ययन संस्थानहरूको गठन भयो । यी मध्ये प्रमाणपत्रस्तरदेखि अनुसन्धानस्तरसम्म अधिकारप्राप्त संस्कृत अध्ययन संस्थान पनि एक हो ।

त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले श्री ५ महाराजाधिराज सरकारवाट २०३० साल ज्येष्ठ १७ गते संस्कृत अध्ययन संस्थानका अध्यक्ष (डीन) को पदमा श्री अम्विका प्रसाद अधिकारीको नियुक्ति भयो । पद्मकन्या कलेजको दुई ओटा कोठामा अस्थायी कार्यालय खुल्यो । दुई जना कर्मचारी र २ जना पियन अस्थायी नियुक्त भए । वाल्मीकि संस्कृत महाविद्यालयवाट तीर्थनाथ पाण्डेयलाई त्यहाँ काज खटाइयो । यसरी संस्कृत

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

आदानप्रदान, आन्तरिक मूल्याङ्कनसंवन्धी कार्य, निर्देशनानुसार कार्य परीक्षा संचालन आदि क्याम्पस संबन्धी कार्यहरू वाल्मीकि विद्यापीठ (क्याम्पस) बाट सम्पन्न गरिन्छन् तर क्याम्पसकै दरवन्दीमात्र भएकोले दुवैतिरको कार्यसम्पादन कष्टसाध्य भइरहेछ ।

क्याम्पसको कार्यक्रममा २०३१ श्रावणदेखि जनता क्याम्पस केन्द्रीय क्याम्पस भएको र अनुसन्धानस्तरसम्म संचालन हुने त्यहाँ पढाइने विषयहरू मध्ये प्रमाणपत्र मूलक्षेत्रमा १. व्याकरण २. साहित्य ३. न्याय स्नातक स्तरमा पनि यिनै ३ विषय स्नातकोत्तरमा १. व्याकरण २. साहित्य, सहायक क्षेत्रमा प्रमाणपत्र तथा स्नातकस्तरमा १. राज शास्त्र २ नेपाली, अनि-वार्यक्षेत्रमा सबैसरह अध्यापन कार्य भइरहेछ ।

वाल्मीकि क्याम्पसमा – अनुसन्धानस्तरसम्म संचालन हुने त्यहाँ पढाइने विषयहरू प्रमाणपत्र मूलक्षेत्रमा –१. वेद २. व्याकरण ३. न्याय ४. ज्यौतिष ५. साहित्य ६. इतिहास पुराण । स्नातक मूलक्षेत्रमा-१. शुक्ल यजुर्वेद २. नव्य व्याकरण ३. नव्य न्याय ४.प्राचीन न्याय ५. सिद्धान्त ज्यौतिष ६.सर्वदर्शन ७. शाङ्कर वेदान्त ८. पूर्वमीमांसा ९. धर्मशास्त्र १०. साहित्य ११. इतिहास पुराण तथा स्नातकोत्तरमा पनि यिनै ११. विषय, सहायक विषयमा- १. नेपाली २. राजशास्त्र ३. अर्थशास्त्र, अनिवार्य क्षेत्रमा–१. सस्कृत रचना २ नेपाली रचना ३ अंग्रेजी रचना ४.नेपालपरिचय ५ वैकल्पिक संस्कृत रचनाहरूको अध्यापन कार्य भइरहेछ । यिनै तीन वर्ष भित्र उत्तरमध्यमा, शास्त्री, र आचार्यको पनि पढाइ भइरहेको थियो ।

याज्ञवल्क्य लक्ष्मीनारायण क्याम्पसमा स्नातकस्तरसम्म अध्यापन हुने । त्यहाँ पढाइने विषयहरू प्रमाणपत्रमा १. वेद २ व्याकरण ३ न्याय ४. ज्यौतिष ५ साहित्य र स्नातक स्तरमा

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

पर्नि यिनै ५ विषय, सहायक क्षेत्रमा १ नेपाली २. राजनीति ३.हिन्दी तथा अनिवार्य क्षेत्रमा सबैसरह अध्यापन कार्य भइरहेछ ।

पिण्डेश्वर क्याम्पसमा स्नातकस्तरसम्म अध्यापन हुन्छ । त्यहाँ पढाइने विषयहरू प्रमाणपत्रमा –१. व्याकरण २. साहित्य ३. न्याय, स्नातकस्तरमा– १. व्याकरण २. साहित्य ३. प्राचीन न्याय; सहायक क्षेत्रमा– १. नेपाली २.अर्थशास्त्र, अनिवार्य क्षेत्रमा सबैसरह अध्यापन कार्य भइरहेछ ।

यसरी प्रमाण पत्रस्तर ४ सत्रमा, स्नातकस्तर ४ सत्रमा र स्नातकोत्तर ६ सत्रमा तह पूरा गरिने व्यवस्था छ ।

वाल्मीकि विद्यापीठ (क्याम्पस) मा १. वेद २. व्याकरण ३. ज्यौतिष ४. साहित्य ५. दर्शन ६. प्राचीन न्याय ७.नव्यन्याय ८. वेदान्त ९. धर्मशास्त्र १०. मीमांसा ११. इतिहास पुराण १२. अनिवार्य संस्कृत रचना १३. वैकल्पिक संस्कृत रचना १४. नेपाली १५. राजशास्त्र १६. अर्थशास्त्र १७. अंग्रेजी समेत गरी १७. वटा शिक्षण समितिहरू छन्, यी शिक्षणसमितिहरूवाट पाठ्यक्रम निर्माण प्रश्नपत्रनिर्माण एवं परीक्षण जस्ता उक्त समितिहरूले संपन्न गर्नु पर्ने शिक्षण अतिरिक्तका आवश्यकतानुसारका कार्यहरू भइरहेका छन् ।

वाल्मीकि विद्यापीठ (क्याम्पस) अन्तर्गत गठन भई कार्यरत समिति, संगठन तथा सदनहरूको गठनविधि र सक्रियता र संस्कृत अध्ययन संस्थान अन्तर्गत गठन भई कार्यरत समिति परिषद्को गठन विधि र सक्रियता तथा संमेलन आदि यस प्रकार छन्––

१. विद्या परिषद्

गठनविधि– विनियमबमोजिम

अध्यक्ष डीन अम्बिकाप्रसाद अधिकारी

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

सदस्य– स. डीन तोयनाथपाण्डेय
" श्री चूडानाथ भट्टराय
" श्री डा. हरिदेव मिश्र
" श्री भिक्षु अमृतानन्द-
म. स्थ.
" श्री धनशमशेर ज व रा
" श्री निरञ्जन शर्मा
भट्टराई
" श्री जनता पी.प्र
रामेश्वर शर्मा
" श्री या व. ल. ना. पी.
प्र. वालकृष्णशर्मा
" श्री पिण्डेश्वर पी. प्र.
टीकाप्रसाद वस्ती
" श्री शिवगोपाल रिसाल
" श्री ईश्वरी प्रसाद
(शि.म.)
" श्री रामचन्द्र पौडेल
गु. सं.
" श्री लु. अञ्चलाधीश
सुरेन्द्रवहादुर श्रेष्ठ
" श्री मीठालाल ओझा
वा सं. वि. वि.

वैठक संख्या १४
निर्णीत विषय संख्या ६७

२. विषयसमिति

गठन विधि–प्राय सवै विषयको र सवै विद्यापीठ (क्याम्पसको) प्रतिनिधित्वको व्यवस्था भएको

अध्यक्ष– स डीन श्री तोय-
नाथ पण्डेय

सदस्य संख्या २०

सक्रियता :—
क. वैठकसंख्या १८
ख. प्रस्ताव (विवरण पुस्तिका डीन कार्यालयमा परेकोले उल्लेख गर्न नसकिएको)
ग. पारित विषय संख्या

३. अनुसन्धानसमिति

अध्यक्ष– डीन श्री अम्विका-
प्रसाद अधिकारी

सदस्यसंख्या ५

सक्रियता
क वैठक संख्या ८
ख. पारित विषय संख्या २६

४. स्थायीसमिति

अध्यक्ष– स. डीन तोयनाथ
पाण्डेय

सदस्यसंख्या २

सक्रियता
वैठक संख्या ७

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

निर्णीत विषय प्रकृति
संख्या ४३

५. क्याम्पस परिषद्

गठन विधि– क्याम्पसका सबै शिक्षकहरू सदस्य भएको

अध्यक्ष–स. डीन तोयनाथपाण्डेय

सक्रियता–

वैठक संख्या २

पारित विषय संख्या २

६. शास्त्रनुसन्धान परिषद्

अध्यक्ष– श्री नयराज पन्त

सदस्य संख्या १०

वैठक संख्या ६

निर्णीत विषय संख्या १७

७. मर्यादासंपादकमण्डल

सदस्यसंख्या ५

वैठकसंख्या १३

पारितलेखसंख्या ४८

८. हैमवती संपादकमण्डल

सदस्यसंख्या ७

वैठकसंख्या १६

निर्णयसंख्या ५३

पारितलेखसंख्या ३५

९.छात्रवृत्ति वितरण समिति

अध्यक्ष-स डीन तोयनाथपाण्डेय

सदस्य संख्या २

वैठक संख्या ६

पारित निर्णयसंख्या २९

छात्रवृत्ति पाउने विद्यार्थी संख्या १०२

१०. परीक्षा समिति

अध्यक्ष–स. डीन तोयनाथ पाण्डेय

सदस्य संख्या ५

वैठक संख्या १८

निर्णीत विषय संख्या ३१

११. प्रश्न संशोधन मण्डल

अध्यक्ष–स. डीन तोयनाथ पाण्डेय

सदस्य संख्या १७

वैठक संख्या १६

संशोधित प्रश्न. संख्या १७०९

निर्णीत विषय सख्या २६

१२. अनुसन्धान, उपसमिति

आयोजक–स डीन तोयनाथ पाण्डेय

सदस्य संख्या ५

वैठक सख्या ४

पारित विषय संख्या ४

al Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Funding

१३. अतिरिक्त कार्यकलाप समिति

अध्यक्ष– प्रा. श्री गोपाल-
निधि तिवारी

सदस्य सचिव–श्री माधव
भट्टराई

सदस्यसंख्या	८
वैठकसंख्या	४
पारितविषय संख्या	१४
कार्यक्रमसंख्या	३

श्री ५ महाराजाधिराज सरकारको शुभ जन्मोत्सव समारोह

श्री ५ वडा महारानी सरकारको शुभ जन्मोत्सव समारोह

साहित्यिक प्रतियोगिता, प्रवचन, वादविवाद, हाजिर जवाफ प्रतियोगिता, खेलकूद प्रतियोगिता, अन्त्याक्षरी, सामाजिक सेवा, सांस्कृतिक कार्यक्रम, श्री कृष्णजयन्ती जस्ता प्रकृतिका जयन्तीहरू भएका थिए ।

१४. सदन व्यवस्था

पशुपति सदन

सदनप्रमुख– श्री सिद्धिनाथ
गौतम

सदननायक– श्री गोविन्द
भट्टराई (छात्र)

सदस्य संख्या	४६
कार्यक्रम संख्या	२

१५. सिद्धार्थ सदन

सदनप्रमुख– श्री रामचन्द्र
पौडेल

सदननायक– श्री गोविन्द
खनाल (छात्र)

सदस्य संख्या	४७
कार्यक्रम सख्या	१

१६. त्रिभुवन सदन.

सदनप्रमुख– श्री चेतोनाथ-
शर्मा आचार्य

सदननायक– श्री केशव
अधिकारी (छात्र)

सदस्य सख्या	४७
कार्यक्रम संख्या	१

१७. याज्ञवल्क्य सदन

सदनप्रमुख– श्री खेमराज-
केशवशरण

सदननायक– श्री हर-
भट्टराई (छात्र)

कार्यक्रम संख्या	२

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

१८. श्रीमान् उपकुलपतिज्यूको कार्यालयको ०३२।४।२० को पत्रानुसार प्रायः सबै विषयको प्रतिनिधित्व हुनेगरी ०३२। ४।२१ देखि हरेक कक्षा हेर्न पुग्नेगरी ११ जना प्राध्यापकहरूलाई प्रोक्टरको कार्यभार दिइएको थियो ।

१९. राष्ट्रिय विकास सेवासम्बन्धी

उ. प्रा. श्री ऋषिराम पोखरेललाई रा वि. से कार्यालयमा सहयोगार्थ पठाई त्यहाँ महत्त्वपूर्ण प्रशासनसंवन्धी काम, टोली नेताको कार्य सुपरिवेक्षण कार्य समेत संपादन भइरहेछ ।

उ.प्रा. श्री सिद्धिनाथ गौतम संयोजकको रूपमा २०३१।६।१ देखि हालसम्म हप्ताको २ दिन कार्य गर्ने अन्य सामयिक महत्त्वपूर्ण कार्य गर्ने गरी रहनु भएको छ त्यस्तै यस क्याम्पसमा अन्य शिक्षक श्री राधाकृष्ण अधिकारी, श्री राजेश्वर आचार्य, श्री रामचन्द्र गौतमहरूले पनि समय समयमा टोली नेताको रूपमा विद्यार्थीहरूलाई अवस्थित गराउने कार्यहरू सुचारु रूपले गर्नुभएको थियो ।

राष्ट्रिय विकास सेवा समितिको वैठकहरूमा सहायक डीन श्री तोयनाथ पाण्डेयले भागलिने गरेको छ ।

यसरी शिक्षकहरूलाई विभिन्नरूपमा पठाउनुपर्दा क्याम्पसमा आइपरेका शिक्षणलगायत असुविधा एवं कठिनाइहरूको सही सामना गरी उच्च शिक्षामा रा. वि. से. को महत्त्व र अनिवार्य आवश्यकताको पक्षलाई क्याम्पसले गम्भीरता एवं अभिरुचिकासाथ महसूस गरिरहेको छ ।

२०. त्रि. वि. कल्याणकोष समिति वाल्मीकि क्याम्पस ।

अध्यक्ष– स. डीन तोयनाथ पाण्डेय

सदस्य संख्या ४ वैठक संख्या १

२१. रा. वि. से. संवन्धी साधारण सभा

वैठकसंख्या– २ । निर्णय संख्या १५

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

२२. केन्द्रीय विद्यार्थी हितशाखासंबन्धी

केन्द्रीय विद्यार्थी हित शाखाप्रमुखको आयोजकत्वमा पाँच सदस्य भएको सहयोग समितिको एक सदस्यको हैसियतमा भाग-लिई वाढी पीडित तथा पैह्रो पीडितहरूको सहायतार्थ गरिएको चन्दासंकलनार्थ नाटक प्रदर्शन र सामाजिक सेवा तथा विद्यार्थी-हरूको पोशाक एकरूपताको व्यवस्था जस्ता कार्यहरूमा सक्रिय भाग लिई रचनात्मक सामाजिक कार्यको दायित्वलाई क्याम्पसले दृढतासाथ निभाएको छ ।

२३. पाठ्यक्रमसम्बन्धी

मानविकी तर्फका नेपाली, राजशास्त्र, हिन्दी र अंग्रेजी विषयहरूमा मानविकी तर्फवाट वनिआएका पाठ्यक्रमहरूलाई लिने मान्ने सिद्धान्त एवं नीति अनुसार सत्र विभाजन मिलाइएको र यी वाहेक माथि लेखिएका मूल क्षेत्रका ११ विषय र फलित ज्यौतिष समेत गरी १२ विषयका पाठ्यक्रमको निर्माण २०३० सालमा भएको भन्दा वाहेक पाठ्यक्रमको लघुरूप र सिमेष्टर प्रणाली संवन्धी विनियमहरू तथा प्राइभेट परीक्षा संवन्धी विनिमयहरू २०३२ अनुसार प्रथम र द्वितीय सत्रका र अनुसन्धान पद्धतिको समेत पाठ्यक्रम वनी लागू गरिसकेको र प्राइभेट परीक्षाको पनि पाठ्यक्रम वनी तयार भएको । तृतीय र चतुर्थ सत्रको पाठ्यक्रम धमाधम वनी रहेको छ ।

२४. प्रश्नपत्र निर्माण

प्रमाणपत्र स्नातक र स्नातकोत्तरमा गरी १७०६ जति प्रश्नपत्रको निर्माण भएको छ ।

२५. अध्ययन गर्ने विद्यार्थी

२०३० साल श्रावणदेखि २०३३ आषाढसम्म यस विद्यापीठ (क्याम्पस) मा अध्ययन गर्ने प्रमाणपत्र, स्नातक र स्नातको-

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

त्तरमा ३०० तथा उत्तरमध्यमा, शास्त्री र आचार्यमा १६५ गरी जम्मा ४६५ छात्रहरूले विभिन्न विषयको अध्ययन गरे ।

२६. प्रशासनिक पत्राचार

क्याम्पसवाट चलान भई गएका पत्रसंख्या– ३४०६

वाहिरवाट क्याम्पसमा आई दर्ता भएका पत्रसंख्या– ३७३४

२७. भ्रमण विवरण

प्रतिसत्र, पिण्डेश्वर विद्यापीठ (क्याम्पस) मा र याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (क्याम्पस) मा परीक्षाको समयमा १।१ जना पठाउने गरेको । त्यस्तै आवश्यकतानुसार श्री डीन, स. डीनहरूको पनि आफ्ना विद्यापीठ(क्याम्पस) हरूमा र राष्ट्रिय विकास सेवा सवन्धी कार्यमा भ्रमण हुने गरेको छ ।

२८. अन्य सहयोग

शिक्षाशास्त्र अध्ययन संस्थानद्वारा पद्मकन्या क्याम्पसमा आयोजित पाठ्यक्रम कार्यशाला गोष्ठीमा ०३२।६।२१ देखि २५ सम्म शिक्षक जवान २० ले भाग लिएको । पाठ्यक्रम संवन्धमा शिक्षाशास्त्र अध्ययन संस्थानमा शिक्षकहरू पठाई सहयोग गरेको । सत्रान्त परीक्षामा शङ्करदेव क्याम्पसमा १० जना र सरस्वती क्याम्पसमा १० जना शिक्षकहरू पठाई सहयोग गरेको । रत्नराज्यलक्ष्मी क्याम्पस, कन्काई योजना, लोक सेवा आयोग विशेष प्रहरी विभाग, विद्युत कर्पोरेशन, नेशनल ट्रेडिंग आदिलाई परीक्षाहल उपलब्ध गराई सहयोग गरेको ।

२९. वाल्मीकि क्याम्पस परिवार कल्याण समिति

अध्यक्ष– स. डीन तोयनाथ पाण्डेय, सदस्य संख्या –

बैठकसंख्या– सदस्यसंख्या– पारित निर्णयसंख्या–

२. पुस्तकालय

पुस्तकालयको नाम– वाल्मीकि विद्यापीठ (क्याम्पस)

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

पुस्तकालय समितिको सदस्यसंख्या– ५

बैठकसंख्या– १०   पारित प्रस्तावसंख्या–३६

पुस्तकसंख्या–५३६५   पत्रिकासंख्या– १०००

३१. सांस्कृतिक उपसमिति

संयोजक– मधुसूदन रिसाल, सदस्यसंख्या	४
वैठकसंख्या	११
कार्यक्रम संख्या	३०

३२. प्रकाशन संबन्धी

हैमवती संस्कृत पत्रिका शुभराज्याभिषेकको महोत्सवमा प्रथम पटक प्रकाशित भएको र द्वितीयाङ्क पनि शुभराज्याभिषेक संम्बन्धी लेखहरूको परिशिष्टाङ्कको रूपमा प्रकाशित भइसकेको छ

मर्यादा नेपाली पत्रिका पूर्णाङ्क ११ सम्म प्रकाशित भइसकेको । यो १२ अङ्क हाल पनि प्रकाशित भएको छ ।

३३. निर्माणसम्बन्धी

वाल्मीकि विद्यापीठ (क्याम्पस) भवनमा अधूरो रहेको झ्याल ढोकामा जाली ठोक्नेकाम विजुलीजडान, शौचालय, पानीको पाइपको व्यवस्था, पर्खाल. पालेघर. कौसी, कक्षा थार्ने, चौक, सांस्कृतिक कार्यको निमित्त रंगशाला, र रंगरोगनको कार्य भइरहेछ ।

३४. उपसंहार

शिक्षण र परीक्षण जस्तो मुख्य कार्यमा अनवरत संलग्न रहनु-भएका निम्नलिखित विषयहरूको अध्यापन गर्ने निम्नलिखित विद्वान् शिक्षकहरूको सक्रिय सहयोगबाट माथी उल्लेख गरिएका संपूर्ण कार्यहरू सुचारू रूपले सपन्न गरिएका हुन्

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

प्राध्यापन गर्ने विषय र प्राध्यापकको नाम

१. वेद– श्री सोमनाथ पौडेल, श्री दामोदर कोइराला, श्री वाल्मीकि पौडेल, श्री ऋषिराम पोखरेल ।

२. व्याकरण– श्री रामचन्द्र पौडेल, श्री विष्णुराज आत्रेय, श्री पुष्करनाथ शर्मा, श्री विदुर पौडेल ।

३. ज्यौतिष– श्री नयराज पन्त, श्री तोयनाथ पाण्डेय, श्री श्री कृष्ण आचार्य, श्री साम्वराज आचार्य ।

४. न्याय–(नव्य तथा प्राचीन)श्रीलोकनाथ ढकाल, श्री गिरिधारी भट्टराई, श्री चेतानाथ आचार्य, श्री विद्यानाथ उपाध्याय, श्री शिवहरि मर्हट्टा ।

५. साहित्य– श्री खेमराज केशवशरण, श्री सिद्धिनाथ गौतम, श्री माधव भट्टराई, श्री टीकाराम शर्मा अधिकारी ।

६. दर्शन– श्री दुर्गाप्रसाद दवाडी, श्री मधुसूदन रिसाल, ।

७. शाङ्करवेदान्त– श्री गोपालनिधि तिवारी, श्री शिवराज आचार्य, श्री विश्वनाथ पोखरेल ।

८. पूर्वमीमांसा– श्री कृष्णेश्वर झा, श्री डिल्लीप्रसाद गौतम ।

९. धर्मशास्त्र– श्री राधाकृष्ण अधिकारी श्री रामचन्द्र गौतम ।

१०. इतिहासपुराण– श्री वाबुराम पोखरेल, श्री विष्णुप्रसाद ज्ञवाली ।

११. नेपाली– श्री हरिश्चन्द्र न्यौपाने, श्री स्थिरप्रसाद पराजुली ।

१२. राजशास्त्र र नेपालपरिचय– श्री अम्बीर पाण्डे, श्री माधवजी श्रेष्ठ, श्री श्यामकिशोर प्रसाद सिंह ।

१३. अर्थ शास्त्र– सुश्री मीनुराजभण्डारी, श्री विनोद कुमार पन्त ।

१४. अंग्रेजी– श्री विष्णुराज पाण्डे, श्री देवेन्द्र खतिवडा ।

१५. अनिवार्य संस्कृत रचना– माथिकै मध्ये कुनै ।

१६. वैकल्पिक संस्कृत रचना – माथिकैमध्ये कुनै ।

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

हाल वाल्मीकि विद्यापीठमा नरहेका

सरूवा बढुवा– नायव वडागुरुज्यू श्री जुननाथ पण्डित ।

अवकास प्राप्त श्री शेषराज रेग्मी, श्री गोविन्दप्रसाद भट्टराई, श्री वदरीनाथ भट्टराई ।

सेवापरिवर्तन गरेको– श्री मुकुन्दनाथ भट्टराई ।

काजमा जानुभएका–श्री ऋषिराम पोखरेल, श्री मुकुन्दप्रसाद अधिकारी श्री दामोदर ढकाल, श्री वालमुकुन्द खरेल ।

जनता विद्यापीठ (क्याम्पस) का शिक्षकहरू

प्राचीनन्याय- श्री रामेश्वर शर्मा पीठ (क्याम्पस) प्रमुख

व्याकरण- श्री हरिप्रसाद शर्मा आचार्य, श्री सुरेन्द्र झा, श्री दतात्रेय दाहाल

साहित्य- श्री तीर्थराज सुवेदी, श्री देवराज सुवेदी,

नव्यन्याय– श्री दीर्घराज घिमिरे,

नेपाली- श्री नारायणकुमार आचार्य

राजनीति-- श्री गदाधर पोखरेल

पीण्डेश्वर विद्यापीठ (क्याम्पस) का शिक्षकहरू

साहित्य– श्री टीकाप्रसाद वस्ती (क्या प्र.) श्री गोविन्द कोइराला,श्री भोग्यप्रसाद शर्मा

नव्य न्याय– श्री पुरुषोत्तम भट्टराई

व्याकरण– श्री छविलाल पोखरेल,

नेपाली – श्री नारायण प्रसाद कट्टेल

अर्थशास्त्र– श्री रघुनाथ वर्मा

याज्ञवल्क्य लक्ष्मी नारायण विद्यापीठ (क्याम्पस) का शिक्षकहरू

नेपाली व्याकरण– श्री वालकृष्ण उपाध्याय (क्या. प्र.)

व्याकरण– श्री श्रीपाल झा, श्री सहदेव झा

pal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

ज्यौतिष– श्री कृष्णदेव ठाकुर

वेद– श्री वैद्यनाथ झा, श्री हरिप्रसाद गौतम

नव्यन्याय– श्री गोविन्द चौधरी

साहित्य– श्री रोहिणी वल्लभ शर्मा

२०३० श्रावणदेखि २०३१ आषाढ मसान्ततक डीन-कार्यालय र वाल्मीकि विद्यापीठको वजेट संयुक्तरूपमा डीन-कार्यालयवाटै संचालित थियो । तसर्थ यस विद्यापीठको निकासा र खर्च यहाँ प्रस्तुत गरिएको छैन ।

वाल्मीकि विद्यापीठको निमित्त आ. व. ०३१।३२ मा

त्रि वि. वाट निकासा	६६४४६०।८२
खर्च	६२०९७६।७१
वाँकी	४३४८४।११

०३२।३३ मा ०३२श्रावणदेखि ०३३ वैशाख तक

निकासा	४८४२४२।५०
खर्च	४६३१३६।०५
वाँकी	२११०६।४५

÷ # ÷

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

हाम्रो भनाइ

यतिखेर हाम्रो भनाइको लागि विषय चुनिएको छ – राष्ट्रियता । अतः यसै सम्बन्धमा दुई चार शब्द व्यक्त गरिन्छ । राष्ट्रियता के हो ? यसको एउटै वा ठोस उत्तर दिन असम्भव नभए पनि कठिन अवश्य छ । किन भने कुनै पनि देश वा जातिको राष्ट्रियता के हो भन्ने प्रश्नको उत्तर दिंदा त्यसका कतिपय आधारभूत कुरालाई केलाउनु पर्छ, र अन्तःस्तल छाम्नुपर्छ । अनि मात्र त्यसवारे केही भन्न सकिन्छ । राष्ट्रियताका आधारभूत तत्त्वको अन्वेषणमा अपनाइने यो विधि हाम्रो राष्ट्रियता सम्बन्धमा पनि समानै रूपले लागू हुन्छ । त्यसैले हाम्रो राष्ट्रियता सम्बन्धमा केही उदाहरण प्रस्तुत गर्दा ज्ञातव्य रूपमा हामी चार क्षेत्रमा विभाजन गरी यस कुरालाई देखाउन सक्तछौं । ती चार हुन् भाषा भेष, आचार र विचार । जुनसुकै देश वा जातिको पनि विचार प्रकट गर्ने साझा माध्यमको रूपमा एक भाषाको आवश्यकता पर्दछ । त्यसै भाषाको माध्यमवाट उसको जाति वा संस्कृति चिन्न जान्न मद्दत मिल्दछ । अतएव कुनै पनि देश वा जातिको आफ्नो यौटा राष्ट्रभाषा हुनु र त्यस प्रति स्वाभाविक प्रेम हुनु पनि स्वाभाविकै कुरा मानिन्छ । आर्थिक दृष्टिले सवल र सोचाइका दृष्टिले अगि वढेकाहरू आफ्नो भाषाको प्रचारप्रसारको लागि असंख्य धनराशिको खर्च र कठिन परिश्रम गरी खर्च गरिएको राशि र श्रमवाट अन्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

देश वा जातिमा आफ्नो भाषाको प्रचार प्रसारवाट साँस्कृतिक प्रभाव वा आर्थिक दवाव राख्न समर्थ भएका पनि देखिन्छन् । यसवाट प्रभाव राख्नेको वैशिष्टच र प्रभावित हुनेको निम्नता झल्किन्छ, जुन कुरा विवादरहित छ ।

यद्यपि आज भोलिको जवानामा आफ्नो मातृभाषा र राष्ट्रभाषाको अतिरिक्त अन्ताराष्ट्रिय क्षेत्रमा प्रचलित भाषान्तरको ज्ञान हुनु वेश मात्र नभएर आवश्यक पनि ठहरिन्छ, तर त्यस किसिमको अन्ताराष्ट्रिय भाषाको ज्ञानवाट मात्र उसको राष्ट्रिय इयत्ता पूरा भएको ठान्नुचाहिं उचित कुरा मान्न सकिन्न ।

यसको अर्थ भाषा नै कुनै व्यक्तिको परिचायक माध्यम हो भन्न अलि मिल्दैन । किनभने व्यक्ति आवश्यक परेको वेला अरूको भाषावाट विधि व्यवहार चलाउँछ र चलाएको देखिएको पनि छ । त्यसैले भाषाको अतिरिक्त अर्को पनि राष्ट्रियताको लक्षण मानिएको छ, त्यो हो भेष । भेष सामान्यको लागि वस्त्र वा कपडा यौटै रङ्ग वा रूपको भए पनि जाति विशेपको भौगोलिक स्थिति आवश्यकता र समझदारी अनुसार देशविशेष र जातिविशेषको भेषमा केही न केही भिन्नता रहेको पाइन्छ । यस कुराको समर्थन हाम्रो धर्मशास्त्रले गरेको छ –

वयसः कर्मणोऽर्थस्य श्रुतस्याभिजनस्य च ।
वेषवाग्बुद्धिसारूप्यमाचरन् विचरेदिह ॥

त्यसैले भेषलाई पनि कुनै वर्गविशेषको परिचायक गुण अन्तर्गत मानिन्छ । भाषामा जस्तै भेषमा पनि समर्थ वा सम्पन्नको असमर्थ वा अनुकूलाई अनुसरण गर्न प्रेरित गर्ने प्रक्रिया समानै रूपमा हुन्छ । अतएव यसलाई खासै राष्ट्रियताको परिचायक हो भन्न नसके पनि यो विना नै राष्ट्रियताको लक्षण पुरा हुन्छ

al Sanskrit University, Balmeeki Campus, Kathm

n Public Domain. Digitization by eGangotri.Funding

भन्न पनि सकिन्न । त्यसैले भाषा र भेष दुवै राष्ट्रियताका परिचायक चिह्न हुन् ।

माथि जुन कुरा भनियो त्यसमा खास विकल्प केही नभए पनि राष्ट्रियताका उक्त लक्षणलाई वाह्य लक्षण भनिदिए हुन्छ । किनभने एक देश वा जातिका व्यक्तिले कुनै कामविशेष पेशा विशेष वा आतिथ्य आदिको निमित्त केही कालसम्म उक्त दुवै कुरा विदेशको पनि अनुसरण गर्न सक्छ । अतएव उक्त लक्षण भन्दा विशेष स्थान राख्ने राष्ट्रियताका अरू दुई लक्षण छन्, ती हुन् आचार र विचार । प्रतिव्यक्तिको शरीर इन्द्रिय र मनद्वारा गरिने वा सोचिने क्रियाकलाप हुन्छन्, जसमध्ये कतिपयको सम्बन्ध दृष्टसित मात्र रहेको मानिन्छ भने कतिपयको चाहिं अदृष्टसित पनि रहेको मानिन्छ । यस किसिमको क्रियाकलापको समुदाय कुनै देशविशेष, जातिविशेष र वर्गविशेषको परिचायक हुने भएकोले यिनलाई कुनै पनि राष्ट्रियताका प्रमुख लक्षणमा लिन सकिन्छ । आचार शब्द यद्यपि सामान्य रूपमा गरिने व्यवहारमा मात्र पनि प्रयोग गरिएको पाइन्छ । तर यसलाई व्यक्तिको आन्तरिक भावद्योतन गर्ने क्रियाविशेषको रूपमा प्रयोग गर्नु वढी उपयुक्त देखिन्छ । किनभने 'आचारो हन्त्यलक्षणम्' जस्ता वचनले आचारलाई व्यक्तिका विशिष्ट क्रियानिशेषलाई लक्षित गर्न खोजेको छ । आचारहीन व्यक्ति विधिनिषेधको अनुगामी ठहरिंदैन । जुन बेला आचार पनि अरूवाट आक्रान्त वा प्रभावित हुने स्थितिमा पर्दछ त्यतिखेर विचार मात्र राष्ट्रियताको परिचायक भनौं या परिपोषक तत्त्व वाँकी रहन्छ । विचार जुनसुकै राष्ट्रियताको लागि एक महत्व पूर्ण अङ्ग ठहरिन्छ, किनभने माथि वताइएका तीनै लक्षण यही विचारद्वारा अनुप्रेरित र अनुप्राणित हुन्छन् । अतएव राष्ट्रियताका लक्षणमा विचारको स्थान सर्वोपरि छ भन्न अन्यथा ठहर्दैन ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri. Fundin

राष्ट्रियताका आधारभूत तत्त्वहरूको प्रस्तुतीकरणपछि सामाजिक रूपमा यसको प्रयोग कुन रूपले भएको छ त्यस सम्बन्धमा पनि केही वस्तुस्थिति दर्शाउनु असंगत हुने छैन ।

कुनै मर्मान्ति राष्ट्रिय आघात, लामो समयको हेरफेर, सामाजिक विप्लव वा उथल–पुथलविना कुनै पनि देशको राष्ट्रियता यद्यपि सर्वथा रूपले लोप हुन हत्तपत्त सक्ने कुरा होइन तर पनि राष्ट्रियताका आधारभूत कुरामा उचित दृष्टि दिई राख्नुपर्ने कुरालाई भने उपेक्षा गर्न सकिन्न । जुनसुकै नदी-नालाले आफ्नो मूल स्रोत र सहायकको अपेक्षा राखे जस्तो, प्रत्येक प्राणीले प्रकृतिको आप्त र चाहेजस्तो राष्ट्रियताले पनि अनुकूल आपूर्तिको अपेक्षा र प्रतिकूल विकृतिको उपेक्षा सधैं चाहिरहेको हुन्छ । यस किसिमको अनुकूलताको आलम्बन र प्रतिकूलताको निलम्बन नभएबाट कस्तो हानि हुने रहेछ भन्ने कुराको दिग्दर्शन मनुको निम्न श्लोकले व्यक्त गरेको छ–

शनकैस्तु क्रियालोपादिमा क्षत्रियजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥

अर्थात् आफ्ना आफ्ना जातिको कर्तव्यबोध गराउने शिष्ट र सदाचारी ब्राह्मणको सम्पर्कबाट छुटेका यी क्षत्रिय जाति-हरू पनि अपेक्षित क्रिया लोपबाट नीच योनिमा पुगे । यसलाई उपलक्षण मानेर सोझै अनुमान गर्न सकिन्छ कि आफ्नो देश, जाति र परिस्थिति अनुकूल क्रियाको स्वरूप जनसाधारणलाई ज्ञान नहुनु, अनुसरण नगरिनु वा उपेक्षा गरिनुबाट तत्काल नभए पनि भविष्यमा गएर स्वदेश र स्वजातिको हानि हुने कुरामा कुनै शंका रहन्न । यस किसिमको कुरालाई लिएर हाम्रो यहाँ त्यस्तो चिन्ता लिनुपर्ने कुरा त केही छैन । चारैतिर विकासको लहर फैलिरहेछ, भविष्यमा गएर राष्ट्रिय उत्पादनमा सुधार हुने कुरामा पनि आशा मार्नु पर्ने कुरा देखिन्न । यति हुँदा हुँदै पनि चारित्रिक

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

दृष्टिले हामीमा केही न्यूनता आएको छकि भनेर मुख फोर्नुपर्दा लज्जाले अलि शिर निहुरिन्छ। कुरा जति उठिसकेपछि खास वस्तु स्थितिलाई लिएर भन्नेहो भने चारित्रिक शुद्धता र संरक्षण-तिर हाम्रो दृष्टि गएकै छैन कि क्या ! शायद यसको आवश्यकता नै नपर्ने देखेर होकि !

हाम्रा नयाँ पिढीका युवक युवतिहरू पुराना नीति, नियम, आचार, व्यवहार आदिलाई धज्जी उडाउन, गिल्ला गर्न औधि चाख मान्छन्। अनि उच्च ओहदामा पुगेका महानुभावहरू आधुनिकताको आडमा पुरानो रूढी बुढीलाई खतम पार्दै लाने उपदेश गर्छन्। यहाँनिर विचार गर्नुपर्ने कुरा के छ भने पुरानो भन्दैमा जुनमुकैलाई छोड्ने र नयाँ भन्दैमा जुनमुकैलाई लिने उप-गिताको यो मूर्खतापूर्ण परिभाषा हो। यथार्थ कुरा त के हो भने राम्रो कुरा पुरानै भएपनि राम्रो र रसादि कैं हितकारी पनि हुन सक्छ र नराम्रो नयाँ भएपनि जिब्रो फुटाउने र लागू गराउने सुपारीसरह वन्न सक्छ। त्यसैले ग्राह्य र अग्राह्यको परिभाषा नयाँ र पुरानो हुनुमा होइन किन्तु हितकर हुनु र नहुनुमा छ। त्यसैले 'पुराणमित्येव न साधु सर्वं न चापि काव्यं नवमित्यवद्यम्' यो नै हो नयाँ र पुरानोको खास परिभाषा। अर्को सोच्नुपर्ने कुरा के भने परम्परागत रूपले समाजमा विद्यमान श्रद्धा र आस्थास्पद कुरामा अविश्वास र अनास्था पैदा गराउनु जति सजिलो छ पक्षान्तरमा तिनीहरूको संस्थापन र संरक्षणमा सहयोग पुऱ्याउन भने कम प्रयासले सम्भव हुँदैन। अनुपयोगी अंशलाई छोडेर उप-योगी अंश लिनुमा नत कसैको विरोध हुन्छ न त असमर्थन। तर बुढी रूढीलाई त्याग्नुपर्छ, जस्ता गोलमटोल भाषाले कतिलाई छोड्ने र कतिलाई लिने अन्योलमा पारिदिन्छ। उदाहरण रूपमा भनौं जीवित आमा बाबु, गुरुलाई देवतारूप मान्ने, मरेपछि पितृरूपमा श्रद्धा गरी श्राद्ध गर्ने जस्ता कुरालाई बुढीरूढि भनेर

pal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

छोड्ने कि, अवलम्वनीय मानेर अनुसरण गर्ने ? ती भाषणकर्ता महानुभावको भाषावाट छुट्टिदैंन ।

हामी जनक, सीता, वाल्मीकि, याज्ञवल्क्य आदिलाई स्वदेशको उपज मानी गौरव लिन खोज्छौं, बुद्धको शान्तिवादी नीतिमा सर्मपित हुन चाहन्छौं । हिन्दुराष्ट्रको औपचारिक घोषणाद्वारा यस क्षेत्रको प्रतिनिधित्व गर्न तम्सिन्छौं भने तदनुकूल रूप हाम्रो हुनुपर्‍यो, आचरण वन्नुपर्‍यो । नयाँ पिंढीका वाल वालिका युवक, युवति समेतसाई लाइने, खाइने, वालिने, सोचिने र गरिने कुरामा अपेक्षित नियन्त्रण राखिनुपर्‍यो । तवमात्र अगाडिको पिंढी केही नियन्त्रित निस्कने छ । यो वस्तुस्थितिलाई हामीले किन वेलैमा स्वीकार नगर्ने ? शिष्टताको नाराबाजीमात्रले हामी शिष्ट वन्न सक्तैनौं, यसको निमित्त त आवश्यक पर्छ व्यावहारिक अनुसरणको । अहिन्दुराष्ट्रमा अपेक्षा राखिने शिष्टता, सात्विकता र संयमको उपहास हिन्दुराष्ट्रमा भएको देखिन्छ भने त्यसभन्दा बढी खेद लाग्दो कुरा के होला !

२०३३ गुरुपूर्णिमा

-o-

KATHMANDU NEPAL
वाल्मीकि पुस्तकालय

al Sanskrit University, Balmeeki Campus, Kathm

in Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathm

Public Domain. Digitization by eGangotri.Fund

इ० नं० ७९८

अ० का० वा० अ० द० नं० ५/०२५–२६

भाग–१२

शास्त्रानुसन्धान परिषद्
वाल्मीकि विद्यापीठ (क्याम्पस)
प्रदर्शनीमार्ग, काठमाडौं।

मुद्रकः– लुप प्रेस, पुल्चोक, ललितपुर, नेपाल।

al Sanskrit University, Balmeeki Campus, Kathm